# प्रथम आवधिक विकास योजना

(आ.व. २०७८/७९÷८२/८३)

**भीमफेदी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

# विषयसूची


परिच्छेद एक : परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ भीमफेदी गाउँपालिकाको वस्तुस्थिति विवरण ........ १
१.३ भीमफेदी गाउँपालिकाको विकासको समीक्षा ........ १
१.४ योजना तर्जुमाका आधारहरू ........ २
१.५ योजना तर्जुमा विधि ........ २
१.६ जोखिम पक्ष ........ ३

परिच्छेद २ : समष्टिगत योजना र स्रोत व्यवस्थापन ........ ५
२.१ पृष्ठभूमि ........ ५
२.२ गाउँपालिकाको विकासका चुनौती र समस्या तथा अवसर र सम्भावनाहरु ........ ५
२.३ गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उदेश्य ........ ७
२.४ परिमाणात्मक लक्ष्य ........ ८
२.५ गाउँपालिकाको प्रमुख रणनीति र कार्यनीति ........ ९
२.६ गाउँपालिकाका गौरवका आयोजनहरु ........ १०
२.७ आय व्ययको प्रवृति र प्रक्षेपण ........ ११
२.८ लगानीको आवश्यकता र स्रोत ........ १४
२.९ सार्वजनिक खर्च र राजस्व परिचालन नीति ........ १७
२.९.१ सार्वजनिक खर्च नीति ........ १७
२.९.२ राजश्व नीति ........ १७
२.९.३ सार्वजनिक, निजी र सहकारी साझेदारी नीति ........ १८
२.९.४ जनसहभागिता परिचालन नीति ........ १८
२.९.५ संघ संस्थाको स्रोत परिचालन नीति ........ १८
२.९.६ अतिरिक्त स्रोत परिचालन नीति ........ १९

परिच्छेद तीन : आर्थिक विकास ........ २०
३.१ कृषि विकास ........ २०
३.१.१ कृषि विकास ........ २०
३.१.२ पशुपन्छी विकास ........ २३
३.१.३ खाद्य सुरक्षा तथा पोषण ........ २५
३.१.४ सिंचाई ........ २६
३.२ प्राकृतिक स्रोत व्यवस्थापन ........ २८
३.२.१ जलस्रोत ........ २८
३.२.२ वन, वनस्पती तथा खनिज ........ ३०
३.३ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ........ ३२
३.३.१. उद्योग ........ ३२
३.३.२. वाणिज्य तथा आपूर्ति ........ ३४
३.३.३. पर्यटन ........ ३६

परिच्छेद : ४ सामाजिक क्षेत्र ........ ४२
४.१ जनसंख्या तथा बसाईसराइ ........ ४२
४.२ शिक्षा ........ ४४
४.३ स्वास्थ्य तथा पोषण ........ ४६
४.४ खानेपानी तथा सरसफाइ ........ ४९
४.५ खेलकूद ........ ५०
४.६ भाषा, साहित्य. कला र संस्कृति ........ ५२
४.७ लक्षित समुदाय विकास ........ ५४
४.७.१ युवा ........ ५४
४.७.२ महिला ........ ५५
४.७.३ बालबालिका तथा किशोर किशोरी ........ ५७
४.७.४ जेष्ठ नागरिक ........ ५८
४.७.५ अपाङ्गता भएका व्यक्तिहरू ........ ६०
४.७.६ दलित ........ ६१
४.७.७ आदिवासी-जनजाति ........ ६२

परिच्छेद ५: पूर्वाधार क्षेत्र ....... ६५
५.१ उर्जा ....... ६५
५.१.१ जलविद्युत ....... ६५
५.१.२ वैकल्पिक तथा अन्य उर्जा ....... ६६
५.२ यातायात पूर्वाधार ....... ६८
५.२.१ सडक तथा यातायात ....... ६८
५.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधा ....... ७०
५.४ आवास तथा वस्ती विकास ....... ७२
५.५ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण ....... ७४
५.६ फोहोरमैला व्यवस्थापन तथा ढल निकास ....... ७५

परिच्छेद छ : लोकतन्त्र र सुशासन ....... ७८
६.१ स्थानीय एकता, शान्ति, सुव्यवस्था र सुरक्षा ....... ७८
६.२ नेतृत्व विकास र मानव अधिकार तथा सामाजिक न्याय ....... ८०
६.३ संघीय शासन प्रणाली ....... ८२
६.४ स्थानीय तहको सन्तुलित विकास ....... ८५
६.५ शासकीय सुधार ....... ८६
६.६ वित्तीय सुशासन ....... ८८
६.७ भ्रष्टाचार निवारण ....... ८९

परिच्छेद सात : अन्तर सम्बन्धित विषय ....... ९१
७.१ गरीबी न्यूनीकरण ....... ९१
७.२ श्रम तथा रोजगारी ....... ९२
७.३ सामाजिक तथा सांस्कृतिक विविधता ....... ९४
७.४ विपद् व्यवस्थापन ....... ९७
७.५ वातावरण संरक्षण र जलवायु अनुकुलन ....... ९८
७.६ सामुदायिक साझेदारी र गैर सरकारी संस्थाहरू ....... १०१
७.७ तथ्यांक व्यवस्थापन ....... १०२
७.८ विज्ञान तथा प्रविधि ....... १०४

परिच्छेद आठ : योजना तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन ....... १०६
८.१ योजना तर्जुमा तथा कार्यान्वयन ....... १०६
८.२ आयोजना बैंक ....... १०७
८.३ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय ....... १०९
८.४ जोखिम व्यवस्थापन ....... ११०
८.५ अनुगमन तथा मूल्याङ्कन ....... ११३

परिच्छेद नौ : नतिजा खाका ....... ११७
९.१ नतिजा खाका ....... ११७
९.२ विस्तृत कार्यक्रम तथा बजेट ....... १४२

अनूसूचिहरू ....... १४२

<u>तालिका सूचि</u>

तालिका १ : परिमाणात्मक लक्ष्यको विवरण ....... ८
तालिका २ : गाउँपालिकाको प्रमुख रणनीति र कार्यनीतिको विवरण ....... ९
तालिका ३ : आय व्ययको प्रवृति र प्रक्षेपण ....... १२
तालिका ४ : विषय क्षेत्रगत लगानी प्रक्षेपण ....... १४
तालिका ५ : आन्तरीक स्रोतको परिचालन ....... १४
तालिका ६ : सार्वजनिक स्रोतको परिचालन ....... १५
तालिका ७ : नतिजा खाका विवरण ....... ११७
तालिका ८ : विस्तृत कार्यक्रम तथा बजेट विवरण ....... १४२

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

संघीय संरचना अनुसार राज्यको पुनर्संरचना पछि बनेको स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । ऐनले यस प्रकारका स्थानीय तहको योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र दिगो विकास लक्ष्य जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरु समेत तोकेको छ ।

नयाँ राजनीतिक तथा प्रशासनिक परिवेशमा गाउँपालिकाको समग्र विकास प्रयासलाई दिशानिर्देश गर्न गाउँसभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, गाउँपालिकाका कर्मचारी तथा अन्य सरोकारवालाबाट आवधिक योजना तर्जुमाको आवश्यकता महसुस गरी यस आवधिक योजना तर्जुमा गरिएको छ । यस आवधिक योजना निर्माणका लागि यस भीमफेदी गाउँ कार्यपालिकाले संवैधानिक व्यवस्था, स्थानीय तहको अधिकार क्षेत्र तथा संघीय ऐन (स्थानीय सरकार संचालन ऐन, २०७४) र बागमति प्रदेशले निर्धारण गरेको प्रावधानहरुलाई आधार मानेको छ । गाउँपालिकाले आवधिक योजना तर्जुमा प्रक्रियामा पालिकाले यस अघि तयार गरेको वस्तुगत विवरणका साथै विभिन्न शाखागत तथ्यांकहरुलाई आधारगत तथ्यांकको रुपमा लिई आगामी पाँच वर्षमा प्राप्त गरिने नतिजालाई प्रक्षेपण गरिएको छ । गाउँपालिकाको दिशानिर्देश, गाउँपालिकाको विभिन्न क्षेत्रको विद्यमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी भिमफेदी गाउँपालिकाको प्रथम आवधिक योजना (२०७८/०७९-२०८२/८३) तर्जुमा गरिएको छ ।

## १.२ भीमफेदी गाउँपालिकाको वस्तुस्थिति विवरण

भीमफेदी गाउँपालिका २४५.२७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर मकवानपुर जिल्लाको मध्य भागमा अवस्थित छ । यस गाउँपालिकाको केन्द्र साविकको भीमफेदी रहेको छ । यो तह मकवानपुर जिल्लाका ५ वटा साविकका गा.वि.स.हरु र एक गा.वि.स.का ३ वटा वडाहरुलाई मिलाएर बनाइएको हो । यस गाउँपालिका अन्तर्गतका साविक गा.वि.स.हरुमा भैंसे, निबुवाटार, भीमफेदी, कोगटै, ईपापन्चकन्या, नामटार (१,२,३) रहेका छन् । तामाङ्ग, मगर, क्षेत्री जातिको उच्चतम वसोवास यस क्षेत्रमा पाउन सकिन्छ । यस गाउँपालिकामा ९ वटा वडा रहेको छ ।

यस गाउँपालिकाको सिमानामा पूर्व तर्फ ललितपुर जिल्ला, पश्चिम तर्फ कैलाश गाउँपालिका र हेटौडा उप-महानगरपालिका, उत्तर तर्फ थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिका र दक्षिण तर्फ हेटौडा उप-महानगरपालिका, मकवानपुरगढी र बकैया गाउँपालिका रहेको छ ।

जनगणना २०६८ अनुसार यस गाउपलिकाको साक्षरता प्रतिशत ६८.८ रहेको छ । यस मध्ये पुरुष साक्षरता प्रतिशत ७५.४ र महिला साक्षरता प्रतिशत ५८.३ रहेको देखिन्छ ।

भू-उपयोगको अवस्था हेर्दा यस गाउँपालिकामा कृषि क्षेत्र ३.५३ वर्ग कि.मी., वन तथा चरण क्षेत्र १५९.६७ कि.मी., आवास क्षेत्र २.८६ कि.मी., सडक, नदीनालाले ढाकेको क्षेत्र ७७.५ कि.मी. र केही भुभाग पार्क र अन्य क्षेत्रले ढाकेको छ ।

## १.३ भीमफेदी गाउँपालिकाको विकासको समीक्षा

भीमफेदी गाउँपालिकाको यो पहिलो आवधिक योजना हो । यस गाउँपालिकामा समाहित साविकका गा.वि.स.हरु वडाले पनि विकास प्रयासहरु योजनावद्ध रुपमा अगाडी बढाएका थिएनन् । काठमाण्डौं हेटौडा मार्गमा पर्ने र अन्य विकासका पूर्वाधारहरु पनि राम्रो भएको यस गाउँपालिकाका विकासका सूचकहरुमा केही सकारात्मकता देखिएपनि थप गर्नुपर्ने अझै देखिन्छ । विगतका केन्द्रीकृत योजना प्रणाली, न्यून स्रोत विनियोजन, विकासमा जनसहभागिता र अपनत्वको अभाव, भौतिक पूर्वाधारको न्यून विकास जस्ता कारणले विकासका गतिविधिलाई जनचाहना अनुरुप

व्यवस्थित तवरले अगाडी बढेको थिएन । संघीय संरचना अनुसार बनेको नयाँ संरचना अनुसार बनेको स्थानीय तहबाट विगत ४ वर्षदेखि विकास प्रक्रियालाई अगाडी बढाउँदै आएको छ । यस अनुसार विभिन्न अध्ययन र छलफललाई आधार मान्दै बार्षिक नीति तथा कार्यक्रम र सोमा आधारित भएर बार्षिक बजेट बनाई स्थानीय सरकार संचालन गर्दै आएको छ । यस अवधिमा यस पालिकाले आफनो भुगोलमा बसोवास गर्ने जनतालाई सेवा सुविधा प्रदान गर्नका लागि विभिन्न नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । संघीय संरचना अनुसार प्राप्त स्थानीय सरकारको भूमिकालाई जनताको सेवा र सुविधाको लागि जनप्रतिनिधिहरु र कर्मचारीहरुले विभिन्न क्रियाकलापहरु गर्दै आएको छ । यो अवधिमा बढी पूर्वाधार विकासका काम हुनुका साथै अन्य विषयहरुमा सामाजिक विकास, आर्थिक विकास, संस्थागत विकास, वातावरण संरक्षणको क्षेत्रमा समेत प्रभावकारी कार्यसम्पादन गर्न सफल भएको छ । शुरुका वर्षहरुमा कानूनको अभाव, अनुभवको कमी, संस्थागत विकासको अपर्याप्तले गर्दा केही समस्या भएपनि अहिले योजनावद्ध रुपमा विकास गतिविधिलाई अगाडी बढाउनुपर्नेमा जनप्रतिनिधिहरु र कर्मचारीहरुमा अनुभूति भएको छ । यसैको प्रतिफल स्वरुप गाउँपालिकाको समग्र विकासका लागि एक ठोस आवधिक योजनाको महसुस गरी योजना तयार गरिएको छ ।

## १.४ योजना तर्जुमाका आधारहरू

भीमफेदी गाउँपालिकाको प्रथम आवधिक गाउँ विकास योजना तर्जुमा गर्दा निम्नानुसारका मुख्य आधारहरू लिइएको छः

(क) नेपालको संविधान (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६, ७, ८ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) दिगो विकास लक्ष्य (२०७२-२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता र पन्ध्रौं योजनाका लक्ष्यहरू,

(ग) नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” को दूरदृष्टिका लक्ष्यहरू,

(घ) बागमती प्रदेशले निर्धारण गरेको “सुसंस्कृत र सुखी जनता ; समाजवाद उन्मुख समृद्ध प्रदेश” दिर्घकालिन सोच,

(ङ) भीमफेदी गाउँपालिकाले यस अघि निर्माण गरी कार्यान्वयन गरेका विभिन्न विकास योजनाहरू सम्बन्धी दस्तावेज,

(च) गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय,

(छ) नेपाल सरकार, प्रदेश र गाउँपालिकाले गरेको विभिन्न घोषणा, नीति तथा कानून, विभिन्न राजनैतिक दलका घोषणा पत्रहरू,

(ज) विभिन्न चरण यस अघिका रणनीतिक योजनाहरूमा यस गाउँ विकास योजना तर्जुमा प्रकिया अवधिमा आयोजना गरिएका सहभागितात्मक योजना तर्जुमा प्रकृयाहरूबाट प्राप्त निचोड ।

यस आवधिक गाउँ विकास योजना तर्जुमा अवधिमा र यसपूर्व विभिन्न समयमा भएका अध्ययन, सहभागितामूलक छलफल आदिका माध्यमबाट गाउँपालिकाको विकासलाई निर्देशित गर्न र उपलब्ध सीमित श्रोत साधनको अधिकतम उपयोग गरि गुणात्मक लाभ प्राप्त गर्न गाउँपालिकाका अग्रणी क्षेत्रहरूको पहिचान गरि दीर्घकालीन सोंच निर्धारण गरिएको छ । कृषि र उद्योग व्यवसायलाई गाउँपालिकाको अग्रणी क्षेत्र भनि कायम गरिएकोछ । निर्धारित सोंचको आधारमा रणनीति, कार्यनीति र कार्यक्रमहरू गरिएका छन् । दीर्घकालीन सोंच निर्धारण भइ विभिन्न लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम सहितको योजना तर्जुमा गरी आगामी वर्षबाट यसै आवधिक योजनाको आधारमा बार्षिक कार्यक्रमहरू निर्धारण गरिने छ ।

## १.५ योजना तर्जुमा विधि

भीमफेदी गाउँपालिकाको आवधिक गाउँ विकास योजना निर्माणको क्रममा निम्नानुसारका योजना निर्माणका चरण प्रक्रिया र विधिहरु अवलम्वन गरिएको छ :

- **पहिलो चरण : आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी**

पहिलो चरण अन्तर्गत भीमफेदी गाउँ कार्यपालिकावाट आवधिक गाउँ विकास योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र गाउँ वस्तुस्थिति विवरण तथा संस्थागत सूचना संकलन लगायतका पूर्व तयारी गरियो ।

- **दोश्रो चरण : योजना अभिमुखीकरण कार्यशाला**

दोश्रो चरण अन्तर्गत आवधिक योजना पूर्व तयारी र अभिमुखीकरण कार्यशाला गरिएको थियो । २०७७ साल फाल्गुण १८ गते भीमफेदीमा आयोजना गरिएको उक्त गोष्ठीमा जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारी, सरोकारवालाहरु सहित ५५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यशालामा परामर्शदाताको सहजिकरणमा आवधिक गाउँ विकास योजना तर्जुमा विधि, प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । यसका साथै आवश्यक आधारभूत तथ्यांकहरु संकलन र सहयोगको सम्वन्धमा छलफल भई वडागत तथ्यांक संकलन र छलफलको योजना बनाईयो ।

- **तेश्रो चरण : आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण**

आवधिक गाउँ विकास योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि गाउँपालिकाबाट तयार गरिएको गाउँ वस्तुस्थिति विवरण (प्रोफाइल)मा उपलब्ध भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरू तथा अन्य राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा प्रकाशित, अप्रकाशित सूचनालाई आधार मानी तथ्यांक र सूचना संकलन एवं विश्लेषण गरियो ।

- **चौथो चरण : वडास्तरीय छलफल**

आवधिक योजना तर्जुमा अन्तर्गत भीमफेदी गाउँपालिकाका सवै ९ वटै वडाहरूको छुट्टा छुट्टै मिति, समय र स्थानमा छलफल संचालन गरियो । २०७७ साल फाल्गुण २४ गतेदेखि चैत्र २ गतेसम्म संचालन भएको यस वडास्तरीय छलफलमा वडा भित्रका समस्या, चुनौती रं सम्भावनाहरूका बारेमा छलफल गरियो । छलफलबाट आएका निष्कर्षहरुलाई यस आवधिक विकास योजनामा समावेश गरियो ।

- **पाँचौ चरण : कार्यशाला, विषयगत छलफल र निर्देशक समितिको बैठक (विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास)**

वडास्तरीय छलफल पछि बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिको विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण, सूचक निर्धारण गरी त्यस्ता लक्ष्य सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाका तयारीका लागि विभिन्न चरणमा विषयगत छलफल गरियो । गाउँपालिकामा जनप्रतिनिधि र शाखा प्रमूखहरुसंग कार्यप्रगति प्रस्तुतिकरण गर्ने गरी ३ दिने कार्यशालाको आयोजना (२०७८ जेठ १० देखि १२ गतेसम्म) गरी थप सुझाव संकलन गरियो ।

- **छैठौ चरण : पृष्ठपोषणको कार्य**

प्रारम्भिक आवधिक योजनाको मस्यौदालाई गाउँपालिकालाई उपलव्ध गराई यस योजना दस्तावेजलाई अन्तिम रुप प्रदान गर्नका लागि बृहद छलफल गरियो । विषयगत योजनाको छुट्टा छुट्टै प्रस्तुती गरी पृष्ठपोषण लिईयो । प्राप्त सुझाव र पृष्ठपोषण अनुसार यस आवधिक योजनालाई परिमार्जन र सुधार गरियो ।

- **आठौ चरण : योजना प्रमाणीकरण**

गाउँपालिकाको तर्फबाट र विषयविज्ञहरुबाट आएका सुझाव, पृष्ठपोषणहरुलाई समेट्दै तयार भएको यस आवधिक योजनालाई गाउँपालिकाको छलफलबाट प्रमाणीकरण गरियो । सम्वन्धित सरोकारवालाहरुको संलग्नतामा भएको यस प्रमाणीकरणको क्रममा प्राप्त पृष्ठपोषणका आधारमा योजनाको अन्तिम मस्यौदा दस्तावेज तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गरियो ।

### १.६ जोखिम पक्ष

मुलुकमा संघीयताको कार्यान्वयन संक्रमणमा रहेको अवस्था छ । कोभिड-१९ को विश्वब्यापी महामारीले जनजीवन कष्टकर भै पूर्वाधार निर्माण सुस्त रहेको, पर्यटनका गतिविधि ठप्प रहेको, उद्योग तथा ब्यापार असहज अवस्थामा रहेको तथा सेवा प्रवाहको अवस्था समेत कमजोर भएको कारण मुलुककै आर्थिक तथा सामाजिक

विकासको अवस्था नाजुक हुन पुगेकोछ । यस्तो अवस्थामा तयार भएको यस प्रथम गाउँ विकास योजनाको कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पक्षहरू रहनेछन् :

(क) कोभिड-१९ को विभिन्न लहरहरूले कुन हदसम्म आर्थिक तथा सामाजिक विकासका प्रक्रियामा प्रभाव रहला भन्ने कुराको आँकलन हुन बाँकी नै छ । कोभिड-१९ पछिको पुर्नउत्थानको अवस्था कस्तो होला भनी अनुमान गर्नु पर्ने अवस्था आएकोछ ।

(ख) संघ, प्रदेश र स्थानीय तहबीच नीति योजना तथा बजेट कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी नभै सकेको अवस्थामा यसमा स्पष्टता गर्दै जानुपर्ने अवस्था छ । विद्यमान अवस्थामा तीनै तहका सरकारबीच अपेक्षित समन्वय तथा सहकार्यको प्रणाली विकास हुन बाँकी नै छ । तीनै तहले कार्यान्वयन गर्ने आयोजनाहरूको प्रष्ट वर्गीकरण भइ नसकेको सन्दर्भमा आयोजनाको लागि स्रोत व्यवस्थापन गर्ने तथा कार्यान्वयन गर्ने कार्यलाई जोखिममुक्त गर्न आवश्यक छ ।

(ग) नीति, योजना, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कर्मचारीतन्त्रको मुख्य भूमिका रहन्छ । गाउँपालिकामा विषयगत कर्मचारीहरू समायोजन भएका छन् । गाउँपालिकाको विद्यमान जनशक्तिलाई थप विज्ञता प्रदान गर्नका लागि क्षमता विकासका कार्यक्रम अपेक्षित रूपमा सञ्चालन हुन सकेको छैन यसबाट नवपरवर्तनकारी तथा ठुला योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुमा पनि केही जोखिम रहेको छ ।

(घ) गाउँपालिको दीर्घकालीन सोच तथा बढ्दो जनअपेक्षा अनुरूप सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न केही महत्वाकांक्षी योजना समेत प्रस्ताव गरिएकोले यसका लागि स्रोत जुटाउने कार्यमा जोखिम रहेकोछ ।

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश सरकारको आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(च) पूर्वाधार निर्माण तथा आर्थिक विकासका लागि आवश्यक पर्ने प्रविधि तथा दक्ष जनशक्ति प्राप्त गरी समग्र प्रादेशिक विकास गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(छ) गाउँपालिकाको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

## परिच्छेद २ : समष्टिगत योजना र स्रोत व्यवस्थापन

### २.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुरुप गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरेको छ । कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहकाबीच एकीकृतरुपमा जानुपर्ने अपरिहार्य रहेको छ । राष्ट्रिय तथा प्रादेशिक संकल्प, समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य साझेदारीका कार्यहरूहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न तीनै तहले तर्जूमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ । यो पञ्चवर्षिय आवधिक विकास योजना भीमफेदी गाउँपालिकाको समग्र विकासका लागि तयार गरिएको आयोजना दस्तावेज हो, जस्ले निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि निश्चित अवधि भित्र गर्नुपर्ने कार्य तथा रणनीतिहरुको वारेमा विश्लेषण गरेको छ । यसले स्थानीय समुदायका जन गुनासो, आवश्यकता र ती आवश्यकता पूर्ति गर्न आवश्यक स्रोतको विश्लेषण गर्नुका साथै चुनौती समाधानका क्षेत्रमा के कस्ता जोखिमहरु आउन सक्छन भन्ने वारेमा विश्लेषण गर्दछ । गाउँपालिका भित्र आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा सुशासनको क्षेत्रमा समावेशी विकास गर्नका लागि आवधिक योजनाले अल्पकालिन तथा दीर्घकालिन महत्वका आयोजना बनाउने गर्दछ जस्को परिणाम स्वरुप उपेक्षित वर्गले समेत विकासमा अपनत्व लिने वातावरण तयार हुन्छ । यसका लागि पनि यो योजनाको निर्माणका क्रममा सवै वर्गको साझा संलग्नतालाई मध्यनजर राख्दै वडास्तरबाट योजना संकलन गरी यस आवधिक योजनामा समावेश गरिएका छन् । यस अर्थमा यो स्थानीय योजना आफैमा सहभागितामूलक तरिकाले निर्मित योजना हो ।

### २.२ गाउँपालिकाको विकासका चुनौती र समस्या तथा अवसर र सम्भावनाहरु

### चुनौती

1. भीमफेदी गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।
2. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु ।
3. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यवसायिक कृषिलाई अघि बढाउनु ।
4. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
5. गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल तथा जडिबुटीहरूको व्यवसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु ।
6. गाउँपालिकाका सबै वडाहरूमा मोटरबाटो पुगे तापनि ग्रामीण सडकहरू साँघुरा, जीर्ण तथा कच्ची रहेका कारण सडक यात्रा जोखिमपूर्ण र खर्चिलो बन्दै गएको अवस्थामा सबै वडाहरूमा पुग्ने सडकमार्गलाई कालोपत्रे गर्नु ।
7. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।

८. पर्यटकीय विकासको उच्च सम्भावना बोकेको मैत्री वगैचा पर्यटकिय लगायतका क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
९. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
१०. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
११. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
१२. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
१३. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१४. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिंचाइको सुनिश्चितता गर्नु ।
१५. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसंख्या वृद्धि दरलाई यथावत राख्नु ।
१६. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रसासन संयन्त्रको विकास गर्नु ।

## समस्या

१. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
२. दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भए तापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
३. योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
४. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
५. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या ।
६. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसंख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएको देखिन्छ ।
७. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
८. वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
९. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
१०. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
११. विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन ।
१२. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१३. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समधान नै विकासको ठुलो समस्या देखिएको छ।
१४. विद्यार्थी र शिक्षकको अनुपात नमिलेको कारणले थप समस्या भएको छ ।
१५. गाउँपालिकाको वातावरण (सबै विषयगत क्षेत्रमा) सोचनीय रूपमा रहन गएको छ ।
१६. भीमफेदीको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि वृहत्तर क्षेत्रगत योजना तथा डिपिआर (DPR) तयार हुन सकेको छैन ।

## अवसर तथा सम्भावना

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

1. संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
2. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
3. कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने तरकारी र कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
4. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
5. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको सम्भावना रहन गएको छ ।
6. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुगेको छ ।
7. वनजङ्गल, जडिबुटी, जलस्रोत, ढुङ्गाखानी आदिजस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ ।
8. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
9. अमिलो प्रजातीका फलफुल, किवी, आलु, गाँजर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी/बेमौसमी तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा बृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
10. गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
11. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## २.३ गाउँपालिकाको दिर्घकालिन सोच, लक्ष्य र उदेश्य

### सोच

**"प्राकृतिक श्रोत, कृषि, पर्यटन र पूर्वाधारः सुखी र समृद्ध भीमफेदी निर्माणको आधार"**

### लक्ष्य

गाउँपालिकाको विकासकोलागि प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालन गरी समृद्ध एवम् समतामूलक भीमफेदी निर्माणको आधार तयार गर्ने

### उदेश्य

1. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।
2. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्नु ।
3. स्थानीय आवश्यकताका पहिचान गरी पूर्वाधार विकासलाई प्राथमिकता दिनु ।
4. वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्नु ।
5. सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।

## २.४ परिमाणात्मक लक्ष्य

यस भीमफेदी गाउँपालिकाको प्रथम आवधिक योजनाको अवधि आ.व. २०७८/७९ देखि २०८२/८३ मा निम्नानुसारको परिमाणात्मक लक्ष्यहरू प्राप्त हुनेगरी निर्धारण गरिएको छ:

**तालिका १: परिमाणात्मक लक्ष्यको विवरण**

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | |
|---|---|---|---|---|---|
| | | **२०७६/७७** | २०७८/७९ | २०८०/८१ | २०८२/८३ |
| निरपेक्ष गरिवी : | प्रतिशत | १५ | १४.५ | १२ | १० |
| प्रतिव्यक्ति वार्षिक आय : | रु. | १,३८,००० | १,५०,०० | १,७५,००० | २,००,००० |
| आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ८५ | ८६ | ८८ | ९० |
| वेरोजगारी दर : | प्रतिशत | ६ | ५ | ४ | २ |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ६२ | ६५ | ७० | ८० |
| आयात-निर्यातको वार्षिक औषत अनुपात | अनुपात | ४:३ | | ३:१ | २: १ |
| आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खूद भर्नादर | प्रतिशत | ९० | ९२ | ९५ | ९८ |
| साक्षरता दर : | प्रतिशत | ७० | ९५ | ९७ | ९९ |
| औषत आयु : | वर्ष | ७० | ७० | ७१ | ७२ |
| ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ४ | ३ | २ | १ |
| मातृमुत्यु दर (प्रति लाख जीवित जन्ममा) प्रति १ लाखमा २३४ | संख्या | २० | १८ | १५ | १० |
| खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९२ | ९५ | ९७ | ९९ |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | | ९२ | ९५ | १०० | १०० |
| दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ६० | ७५ | ८० |
| वर्षभरी नियमित सिंचाई भएको खेतीयोग्य भूमि | हेक्टर | २० | २३ | २५ | ५० |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १५ | ५० | ७५ | ८० |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ६५ | ६७ | ६७ | ६७ |
| पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७२ | ७५ | ८० | ९५ |

स्रोतः छलफल तथा कार्यशाला, २०७८

## २.५ गाउँपालिकाको प्रमुख रणनीति र कार्यनीति

**तालिका २ : गाउँपालिकाको प्रमुख रणनीति र कार्यनीतिको विवरण**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| 1. प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | 1. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा बृद्धि ल्याइनेछ ।<br>2. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ ।<br>3. आधुनिक शहरीकरणका माध्यमबाट गाउँपालिकालाई सुविधासम्पन्न आकर्षक वस्तिका रूपमा विकास गरिनेछ । |
| 2. विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | 1. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>2. गुणस्तरीय सिंचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>3. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिंचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>4. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| 3. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | 1. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>2. खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>3. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ । |
| 4. गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | 1. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>2. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>3. ट्र्याक खोलिएका सडकको मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| 5. वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | 1. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>2. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ ।<br>3. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>4. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिंचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| 6. सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने । | 1. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>2. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक |

| | |
|---|---|
| | गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>3. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>4. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ ।<br>5. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>6. समावेशी सामाजिक संरचनाका माध्यमबाट भीमफेदीबासीमा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>7. गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

## २.६ गाउँपालिकाका गौरवका आयोजनहरु

**सडक पूर्वाधार तर्फ :**

1. १० मि.चौडाई र १५ कि.मि.को रानीखोला-धामीडाँडा-रानीभञ्ज्याङ्ग सडक आयोजना
2. कोगटे-धार्के-स्वारा-फाप्लाङ्ग सडक ३० कि.मि
3. सुपिङ्ग-भष्मे-आम्लिङ्ग-पान्द्राङ्ग सडक १८ कि.मि.
4. दम्की-रानीपोखरी-वरदेउ-वाघमारा कृषि सडक १५ कि.मि.
5. सानुटार-किसेडी-स्यार्से-घैराङ्ग-कैलाश(अन्तरपालिका) सडक २० कि.मि.
6. सुन्दरीमाई-राप्तीखोलामा ट्रस बृज पुल
7. भिमफेदी-कोगटे-ईपा-सिस्नेरी(अन्तरपालिका) सडक ३६ कि.मि.

**उत्पादन वृद्धि तथा रोजगारी अवसर सृजना तर्फ :**

1. त्रिखण्डी-वयलवास एकिकृत पर्यटन विकास आयोजना पिपिपि मोडल
2. मैत्रीबगैंचा पर्वतिय जैविक विविधता संरक्षण
3. रानीपोखरी-गोलमोड-फापरवारी-कोगटे-तोड्के हुदै भिमफेदी-८ टिखरचुली जडिबुटी संरक्षण तथा प्रवर्द्धन आयोजना
4. वाखा, दुध, तरकारी, दलहन, मसलावाली, फलफुल पकेट /जोन कार्यक्रम
5. पानी शुद्धिकरण व्यापार प्रवर्द्धन आयोजना

**पर्यटन प्रवर्द्धन तर्फ**

1. गोलमोड-देउराली-कोगटे-फाप्लाङ्ग लालिगुँरास साहसिक मार्ग
2. साहसिक पर्यटन प्रवर्द्धन (जीप लाइन, वन्जी जम्प, रक क्लाइम्वीङ्ग) आयोजना
3. एतिहासिक चिसापानीगढी संरक्षण आयोजना

**सेवा तर्फ**

1. १५ सैयाका् अस्पताल वजेट
2. इपा-आँपचौर सिंचाइ आयोजना

**आन्तरिक राजश्व वृद्धि तर्फ :**

1. भिमफेदी पुर्नजागृत पुरातात्विक वस्ती संरक्षण सहितको एकिकृत वस्ती आयोजना
2. पालिका भित्रको खनिज सम्पदा पहिचान, परिमाण पहिचान तथा प्रयोगका लागी प्रवर्द्धन आयोजना ।

## २.७ आय व्ययको प्रवृति र प्रक्षेपण

नेपालको संविधानले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर लगाउँन, नेपाल सरकारबाट राजस्व बाँडफाँड, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ। प्रदेश र स्थानीय तहको साझा क्षेत्राधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ। नेपाल सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ।

## तालिका ३ : आय व्ययको प्रवृति र प्रक्षेपण

| क.स | लगानीका स्रोतहरु | अनुमानित आय | सार्वजनिक स्रोतको परिचालन | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| **1** | **समानिकरण** | | | | | | | |
| 1.1 | संघ | 100,600,000 | 110,660,000 | 121,726,000 | 133,898,600 | 147,288,460 | 162,017,306 | **675,590,366** |
| 1.2 | प्रदेश | 9,942,000 | 10,936,200 | 12,029,820 | 13,232,802 | 14,556,082 | 16,011,690 | **66,766,595** |
| **2** | **बिशेष अनुदान** | | | | | | | |
| 2.1 | संघ | 20,000,000 | 22,000,000 | 24,200,000 | 26,620,000 | 29,282,000 | 32,210,200 | **134,312,200** |
| 2.2 | प्रदेश | 3,500,000 | 3,850,000 | 4,235,000 | 4,658,500 | 5,124,350 | 5,636,785 | **23,504,635** |
| 2.3 | समपूरक | 27,927,000 | 30,719,700 | 33,791,670 | 37,170,837 | 40,887,921 | 44,976,713 | **187,546,840** |
| **3** | **राजश्व वांडफांड** | | | | | | | |
| **3.1** | **संघ** | | | | | | | |
| 3.1.1 | मूल्य अभिबृद्धिकर | 80,216,000 | 88,237,600 | 97,061,360 | 106,767,496 | 117,444,246 | 129,188,670 | **538,699,372** |
| 3.1.2 | वन रोयल्टी | 300,000 | 330,000 | 363,000 | 399,300 | 439,230 | 483,153 | **2,014,683** |
| 3.1.3 | खानी तथा खनिज रोल्टी | 5,500,000 | 6,050,000 | 6,655,000 | 7,320,500 | 8,052,550 | 8,857,805 | **36,935,855** |
| 3.1.4 | बिद्युत रोयल्टी | 25,000,000 | 27,500,000 | 30,250,000 | 33,275,000 | 36,602,500 | 40,262,750 | **167,890,250** |
| **3.2** | **प्रदेश** | | | | | | | |
| 3.2.1 | सवारी साधन | 23,127,000 | 25,439,700 | 27,983,670 | 30,782,037 | 33,860,241 | 37,246,265 | **155,311,912** |
| **3.4** | **शसर्त** | | | | | | | - |
| 3.4.1 | संघ | 188,100,000 | 206,910,000 | 227,601,000 | 250,361,100 | 275,397,210 | 302,936,931 | **1,451,306,241** |
| 3.4.2 | प्रदेश | 16,132,000 | 17,745,200 | 19,519,720 | 21,471,692 | 23,618,861 | 25,980,747 | **124,468,221** |
| | **कूल वाह्य आय** | **500,344,000** | **550,378,400** | **605,416,240** | **665,957,864** | **732,553,650** | **805,809,015** | **3,360,115,170** |
| 4 | **आन्तरिक** | | | | | | | |
| 4.1 | सम्पत्तिकर | 500,000 | 750,000 | 1,125,000 | 1,687,500 | 2,531,250 | 3,796,875 | **9,890,625** |
| 4.2 | भूमिकर । मालपोत | 2,600,000 | 2,860,000 | 3,146,000 | 3,460,600 | 3,806,660 | 4,187,326 | **17,460,586** |
| 4.3 | ३रवहालकर | 1,100,000 | 1,375,000 | 1,718,750 | 2,148,438 | 2,685,547 | 3,356,934 | **11,284,668** |
| 4.4 | वहालविदौरी | 150,000 | 172,500 | 198,375 | 228,131 | 262,351 | 301,704 | **1,163,061** |
| 4.5 | साना सवारीकर | 50,000 | 57,500 | 66,125 | 76,044 | 87,450 | 100,568 | **387,687** |
| 4.6 | पूर्वाधारसेवामा लाग्ने कर | 1,000,000 | 1,250,000 | 1,562,500 | 1,953,125 | 2,441,406 | 3,051,758 | **10,258,789** |
| 4.7 | अन्य मनोरन्जनकर | 120,000 | 138,000 | 158,700 | 182,505 | 209,881 | 241,363 | **930,449** |
| 4.8 | व्यवसायीले भुक्तानी गर्नेकर | 400,000 | 600,000 | 900,000 | 1,350,000 | 2,025,000 | 3,037,500 | **7,912,500** |

| क.स | लगानीका स्रोतहरु | अनुमानित आय | सार्वजनिक स्रोतको परिचालन | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| 4.9 | पशुजन्य र कृषिजन्य व्यवसायिक करोवारमा लाग्ने कर | 200,000 | 230,000 | 264,500 | 304,175 | 349,801 | 402,271 | **1,550,748** |
| 4.1 | अन्य सेवाबाट प्राप्त रोयल्टी | 2,000,000 | 2,300,000 | 2,645,000 | 3,041,750 | 3,498,013 | 4,022,714 | **15,507,477** |
| 4.11 | सिफारिस दस्तुर | 1,000,000 | 1,150,000 | 1,322,500 | 1,520,875 | 1,749,006 | 2,011,357 | **7,753,738** |
| 4.12 | अन्य क्षेत्रको आय | 4,550,000 | 5,232,500 | 6,017,375 | 6,919,981 | 7,957,978 | 9,151,675 | **35,279,510** |
| 4.13 | प्रशासनिक दण्ड जरिवाना | 20,000 | 23,000 | 26,450 | 30,418 | 34,980 | 40,227 | **155,075** |
| 4.14 | अन्य राजश्व | 20,000,000 | 30,000,000 | 34,500,000 | 39,675,000 | 45,626,250 | 52,470,188 | **202,271,438** |
| | **आन्तरिक** | **33,690,000** | **46,138,500** | **53,651,275** | **62,578,541** | **73,265,574** | **86,172,460** | **321,806,349** |
| | **गत आ.व.को अ.ल्या.** | 58,400,000 | 40,000,000 | 30,000,000 | 20,000,000 | 10,000,000 | 5,000,000 | |
| | **कूल आय परिचालन** | **592,434,000** | **636,516,900** | **689,067,515** | **748,536,405** | **815,819,224** | **896,981,475** | **3,786,921,519** |

(तालिकामा प्रस्तुत गरिएको आय प्रक्षेपण आ.व. २०७७।०७८ लाई आधार मानि प्रति बर्ष १० प्रतिशत बृद्धि सहितको प्रक्षेपण गरिएको छ। आन्तरिक आय प्रक्षेपण मालपोत कार्यालयबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन, शुल्कमा १५ प्रतिशत, आन्तरिक आय तर्फ अन्य आय शिर्षकमा १५,२५ र ५० प्रतिशत बृद्धि प्रक्षेपण गरिएको छ साथै आ.ब.०७७।०७८ नगद मौज्दात अल्या भई आएको रकममा प्रति बर्ष १ करोडका दरले घटाउदै जाने गरि प्रक्षेपण गरिएको छ।)

## २.८ लगानीको आवश्यकता र स्रोत

यस योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्यहरु हाँसिल गर्न आर्थिक, सामाजिक र पूर्वाधार लगायतका क्षेत्रमा आवस्यक पर्ने क्षत्रगतलगानीका प्रक्षेपण निम्नानुसार रहेको छ। यो लगानी प्रक्षेपण गर्दा पूँजीगत खर्चको मात्र आँकलन गरिएको छ। साथै स्थानीय तहको आर्थिक तथा सामाजिक विकासमा प्रमुख पक्षहरुलाई विकासको यथार्थ आवस्यकता र स्थानिय तहको कार्यान्वयन क्षमतालाई समेत ध्यान दिइएको छ।

**तालिका ४ : विषय क्षेत्रगत लगानी प्रक्षेपण**

| विषय क्षेत्र | क्षेत्रगत वजेट वाँडफाँड रु.हजारमा | | | | | जम्मा बजेट | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | | |
| १. आर्थिक विकास | 89,520 | 121,893 | 228,673 | 206,611 | 213,000 | **859,697** | **20.13** |
| २. सामाजिक विकास | 86,750 | 115,110 | 133,683 | 137,347 | 159,577 | **632,467** | **14.81** |
| ३. पूर्वाधार विकास | 303,700 | 361,910 | 552,026 | 561,919 | 649,690 | **2,429,245** | **56.88** |
| ४. लोकतन्त्र र शुशासन | 20,200 | 19,275 | 21,958 | 24,074 | 26,401 | **111,908** | **2.62** |
| ५. अन्तर सम्बन्धित विषय | 37,450 | 49,000 | 41,905 | 34,415 | 41,462 | **204,232** | **4.78** |
| ६. योजना तर्जुमा कार्यन्वयन र अनुगमन तथा मुल्याङ्कन | 7,700 | 7,120 | 5,582 | 6,140 | 6,754 | **33,296** | **0.78** |
| **कुल बजेट** | **545,320** | **674,308** | **983,827** | **970,506** | **1,096,885** | **4,270,845** | **100.00** |

प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको लागि आवश्यक कूल प्रक्षेपित लगानी ४ अर्ब २७ करोड ८ लाख मध्ये २०.१३ प्रतिशत आर्थिक क्षेत्र, १४.८१ प्रतिशत सामाजिक क्षेत्र, ५६.८८ प्रतिशत पूर्वाधार क्षेत्र, २.६२ प्रतिशत लोकतन्त्र र शुसाशन, ४.७८ प्रतिशत अन्तर सम्बन्धित क्षेत्र र ०.७८ प्रतिशत योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन क्षेत्रमा लगानी गर्ने प्रक्षेपण गरिएको छ।

### २.८.१ आन्तरिक स्रोत परिचालन

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई प्रत्यभुत गरेको अधिकार क्षेत्रभित्र रही आन्तरिक स्रोत परिचालनको व्यवस्था गरेको छ यसै आधारमा रही आवधिक योजनामा निम्नानुसारको आन्तरिक श्रोतको परिचालन हुने प्रक्षेपण गरिएको छ।

**तालिका ५ : आन्तरीक स्रोतको परिचालन**

| क.स | आन्तरिक आय शिर्षक | प्रतिशत | आन्तरीक सोतको परिचालन | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा |
| 1 | सम्पत्तिकर | 3.07 | 750,000 | 1,125,000 | 1,687,500 | 2,531,250 | 3,796,875 | **9,890,625** |
| 2 | भूमिकर । मालपोत | 5.43 | 2,860,000 | 3,146,000 | 3,460,600 | 3,806,660 | 4,187,326 | **17,460,586** |
| 3 | घरवहालकर | 3.51 | 1,375,000 | 1,718,750 | 2,148,438 | 2,685,547 | 3,356,934 | **11,284,668** |
| 4 | व्हालविटौरी | 0.36 | 172,500 | 198,375 | 228,131 | 262,351 | 301,704 | **1,163,061** |
| 5 | साना सवारीकर | 0.12 | 57,500 | 66,125 | 76,044 | 87,450 | 100,568 | **387,687** |
| 6 | पूर्वाधारसेवामा लाग्ने कर | 3.19 | 1,250,000 | 1,562,500 | 1,953,125 | 2,441,406 | 3,051,758 | **10,258,789** |
| 7 | अन्य मनोरन्जनकर | 0.29 | 138,000 | 158,700 | 182,505 | 209,881 | 241,363 | **930,449** |
| 8 | व्यवसायीले भुक्तानी गर्नेकर | 2.46 | 600,000 | 900,000 | 1,350,000 | 2,025,000 | 3,037,500 | **7,912,500** |
| 9 | पशुजन्य र कृषिजन्य व्यवसायिक करोवारमा लाग्ने कर | 0.48 | 230,000 | 264,500 | 304,175 | 349,801 | 402,271 | **1,550,748** |
| 10 | अन्य सेवाबाट प्राप्त रोयल्टी | 4.82 | 2,300,000 | 2,645,000 | 3,041,750 | 3,498,013 | 4,022,714 | **15,507,477** |
| 11 | सिफारिस दस्तुर | 2.41 | 1,150,000 | 1,322,500 | 1,520,875 | 1,749,006 | 2,011,357 | **7,753,738** |
| 12 | अन्य क्षेत्रको आय | 10.96 | 5,232,500 | 6,017,375 | 6,919,981 | 7,957,978 | 9,151,675 | **35,279,510** |
| 13 | प्रशासनिक दण्ड जरिवाना | 0.05 | 23,000 | 26,450 | 30,418 | 34,980 | 40,227 | **155,075** |
| 14 | अन्य राजश्व | 62.86 | 30,000,000 | 34,500,000 | 39,675,000 | 45,626,250 | 52,470,188 | **202,271,438** |

| क.स | आन्तरिक आय शिर्षक | प्रतिशत | आन्तरीक सोतको परिचालन | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा |
| | आन्तरिक | 100 | 46,138,500 | 53,651,275 | 62,578,541 | 73,265,574 | 86,172,460 | 321,806,349 |

## २.८.२ अन्तरसरकारी श्रोत परिचालन

नेपाल सरकारले संविधानले तोकेको स्थानीय तहको खर्च जिम्मेवारी पुरा गर्न वित्तीय समानीकरण अनुदान प्रदान गर्ने गरेको छ । नेपाल सरकारले आर्थिक, सामाजिक, भौतिक विकासमा समानता कायम गर्न आयोजना तथा कार्यक्रमहरू सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्ने कार्यको समेत सुरुवात भएको छ । यसका साथै स्थानीय तहको माग बमोजिम सहलगानीमा आयोजना सञ्चालन गर्न समपूरक अनुदान प्रदान गरिएको छ । राष्ट्रिय औसतभन्दा कम सामाजिक विकास भएका क्षेत्रमा आधारभूत सुविधा पुऱ्याउन खानेपानी, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा विशेष अनुदानको रुपमा समेत रकम प्राप्त हुने गरेको छ । योजना अवधिभर आवश्यक पर्ने सार्वजनिक खर्चको स्रोत व्यव्थापनका लागि गाउँपालिकाले संघिय सरकार, प्रदेश र  आफ्नै आयस्रोतका अलवा समपुरक र विशेष अनुदान योजनावद्ध तरीकाले पारदर्शि रुपमा परिचालन गर्ने छ ।

**तालिका ६ :   सार्वजनिक स्रोतको परिचालन**

| क.स | लगानीका स्रोतहरु | प्रतिशत | सार्वजनिक स्रोतको परिचालन | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| 1 | **समानिकरण** | | | | | | | |
| 1.1 | संघ | 20.1 | 110,660,000 | 121,726,000 | 133,898,600 | 147,288,460 | 162,017,306 | 675,590,366 |
| 1.2 | प्रदेश | 1.99 | 10,936,200 | 12,029,820 | 13,232,802 | 14,556,082 | 16,011,690 | 66,766,595 |
| 2 | **बिशेष अनुदान** | | | | | | | |
| 2.1 | संघ | 4 | 22,000,000 | 24,200,000 | 26,620,000 | 29,282,000 | 32,210,200 | 134,312,200 |
| 2.2 | प्रदेश | 0.7 | 3,850,000 | 4,235,000 | 4,658,500 | 5,124,350 | 5,636,785 | 23,504,635 |
| 2.3 | समपूरक | 5.58 | 30,719,700 | 33,791,670 | 37,170,837 | 40,887,921 | 44,976,713 | 187,546,840 |
| 3 | **राजश्व वांडफांड** | | | | | | | |
| 3.1 | **संघ** | | | | | | | |
| 3.1.1 | मूल्य अभिबृद्धिकर | 16 | 88,237,600 | 97,061,360 | 106,767,496 | 117,444,246 | 129,188,670 | 538,699,372 |
| 3.1.2 | वन रोयल्टी | 0.06 | 330,000 | 363,000 | 399,300 | 439,230 | 483,153 | 2,014,683 |
| 3.1.3 | खानी तथा खनिज रोल्टी | 1.1 | 6,050,000 | 6,655,000 | 7,320,500 | 8,052,550 | 8,857,805 | 36,935,855 |
| 3.1.4 | बिद्युत रोयल्टी | 5 | 27,500,000 | 30,250,000 | 33,275,000 | 36,602,500 | 40,262,750 | 167,890,250 |
| 3.2 | **प्रदेश** | | | | | | | |
| 3.2.1 | सवारी साधन | 4.62 | 25,439,700 | 27,983,670 | 30,782,037 | 33,860,241 | 37,246,265 | 155,311,912 |
| 4 | **शसर्त** | | | | | | | - |
| | संघ | 43.2 | 206,910,000 | 227,601,000 | 250,361,100 | 275,397,210 | 302,936,931 | 1,451,306,241 |
| | प्रदेश | 3.7 | 17,745,200 | 19,519,720 | 21,471,692 | 23,618,861 | 25,980,747 | 124,468,221 |
| | **कूल वाह्य आय** | 100 | 550,378,400 | 605,416,240 | 665,957,864 | 732,553,650 | 805,809,015 | 3,360,115,170 |

## २.८.३ जनसहभागिता परिचालन

नेपालको संविधानले निर्दिष्ट गरेको एकल अधिकार तथा साझा अधिकारहरुको सिमामा रही विकास निमार्ण तथा सामाजिक विकासका लागि जनसहभागिता परिचालनको व्यवस्था गरिएको छ । सामाजिक शक्ति परिचालन गरी पालिकाको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्याउनेछ । साथै पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निवार्ह गर्नेछ । आवधिक योजना कार्यन्वयनका लागि जनहभागिताबाट करिब ५ प्रतिशत लागत सहभागिता हुने अनुमान गरिएको छ ।

### २.८.४ निजी र सहकारी क्षेत्रको स्रोत परिचालन

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । स्थानीय तह आर्थिक परिदृश्यमा समेत निजी र सहकारी क्षेत्रलाई आर्थिक विकासमा सँगसँगै लैजानुपर्ने अवस्था रहेको छ । सार्वजनिक क्षेत्रले स्थानीय तहको सामाजिक आर्थिक विकासमा नीति नियमको निर्माण गर्ने, नियमन गर्ने, निजी क्षेत्र र सहकारी क्षेत्र आकर्षित नभएको क्षेत्रमा लगानी केन्द्रित गर्ने, लगानीमैत्री वातावरणको सिर्जना गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्न सघाउने जस्ता भूमिका खेल्न आवश्यक देखिन्छ । निजी क्षेत्रले सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रले आफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी स्थानीय तहमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ । स्थानीय तह अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष एकताबद्ध हुँदै सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । यस क्षेत्रबाट करिब करिब १० प्रतिशतको हाराहारीमा बजेट परिचालित हुने देखिन्छ ।

### २.८.५ संघ सस्थाको स्रोत परिचालन

गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नेछन् । यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी सरकारको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्‍याउनेछ । साथै पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निवार्ह गर्नेछ । पालिका भित्रका विभिन्न समिति एवं संघसंस्थाहरुबाट करिब ३.७ प्रतिशत बराबरको स्रोत परिचालन हुने देखिन्छ ।

### २.८.६ अन्य स्रोत परिचालन

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको सिमामा सही पालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, बन, वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक थप श्रोत परिचालनको व्यवस्था गरिनेछ । संघीय सरकार तथा प्रदेश सरकारसंगको सहकार्यमा समपूरक तथा विशेष अनुदानको लागि पहल गरिनेछ साथै अर्थमन्त्रालय बाट जारी गरिएको सहलगानी कार्यविधि २०७८ अनुरुप थप श्रोत परिचालनको व्यवस्था गरिनेछ । यस किसिमको क्षेत्रबाट करिब ५ प्रतिशत स्रोत परिचालन गरिनेछ ।

### २.८.७ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरू

गाउँपालिकाले समग्र विकासका क्रियालापहरु सञ्चालन गर्नका लागि सार्वजनिक आय अर्थात संघिय र प्रदेश सरकारबाट प्राप्त हुने वजेट र गाउँपालिकाको आफ्नै आय तथा नीजि र सहकारीको लगानीलाई आधार बनाएर गर्दछ । नेपालको संविधान २०७२ ले दिएको अधिकारलाई प्रयोग गरि गाउँपालिकाको विकासमा यीनै लगानीका क्षेत्रहरुबाट विकास निर्माणका क्रियाकलापहरु सञ्चालन हुन्छन । यसैगरी निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नका लागि व्यावसायिक वातावरण तयार गरी र लगानीलाई आर्थिक वृद्धि, औद्योगीकरण र रोजगारी सृजना गर्नेतर्फ केन्द्रित गर्ने गरि योजना निर्माण भएको छ । गाउँपालिकाको योजनाले लिएको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि, औद्योगिक उत्पादन, पूर्वाधार निर्माण जस्ता क्षेत्रमा लगानी केन्द्रित गरिएको छ । कृषि, उत्पादनमूलक क्षेत्र, साना तथा मझौला उद्योग र ग्रमीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिइएको छ । पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निमार्ण तथा सुशासन लाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको श्रोत परिचानको अनुमान र सोको बाँडफाँट गरिएको छ ।

### २.९ सार्वजनिक खर्च र राजस्व परिचालन नीति

स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६ तथा आ.व. २०७६/७७ को लागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । सेवा प्रवाहकोलागि आवश्यक पर्ने नीति, कार्यविधि एवम् कार्यप्रक्रिया सरलीकरणका कार्यहरू भएका छन् । साथै, कार्यपालिकाको कार्य जिम्मेवारी बमोजिम सेवा प्रवाह गर्न आवश्यक पर्ने संगठन संरचना स्थापना भई सेवा प्रवाह तथा विकास निर्माणका कार्यक्रम कार्यान्वयनमा लगिएको छ । यसै आ.व.मा भीमफेदी गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरी बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ ।

#### २.९.१ सार्वजनिक खर्च नीति

संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरेको सीमा भित्र रही पूजीगत तथा चालु खर्चहरुलाई व्यवस्थित गरिनेछ । साथै सार्वजनिक खरिद ऐनको नियम तथा सीमामा रही सार्वजनिक खर्चलाई चुस्त दुरुस्त राख्ने व्यवस्था गरिनेछ । "सुव्यवस्थित, योजनाबद्ध एवम् नतीजामुखी सार्वजनिक खर्च प्रणाली" को दिर्घकालिन सोच सहित उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट प्रभावकारी सार्वजनिक सेवा प्रवाह, दिगो तथा उच्च आर्थिक विकास हासिल गर्ने लक्ष्यका साथ गाउँपालिकाले निम्नानुसारको सार्वजनिक खर्च नीति अवलम्बन गर्नेछ ।

1. सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने ।
2. नेपाल सरकारको स्वीकृतिमा गौरवका आयोजना तथा ठूला पूर्वाधार निर्माणमा वैदेशिक ऋण परिचालन गर्ने
3. पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने ।
4. मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने ।
5. रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा बृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने ।
6. मध्यमकालीन खर्च संरचना र प्रभावकारी मध्यमकालीन खर्च समीक्षाको व्यवस्था गर्ने ।
7. हरेक सार्वजनिक खर्च तथा सेवा प्रवाह सार्वजनिक सुनुवाइ मार्फत अनुमोदन गर्ने ।

#### २.९.२ राजश्व नीति

आर्थिक ऐन २०७५ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, घर बहाल कर, सम्पत्ती कर, भूमि कर, व्यवशाय कर, विज्ञापन कर र मनोरन्जन करका क्षेत्रमा स्थानीय तहको अधिकार क्षेत्र तोकिएको छ । यसका साथै गैर करका रूपमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संलग्न गरिएको र स्थानीय कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका कर उठाउन पाउने व्यवस्था रहेको छ । कर तथा गैरकरका आधार कमजोर रहेको, कर सङ्कलन गर्ने आफ्नै संयन्त्र स्थापित भइनसकेको अवस्थामा राजस्व सङ्कलन गर्ने व्यवस्थित पद्धति विकास भइसकेको छैन । वैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व सङ्कलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

"प्रभावकारी राजस्व प्रणालीको विकास- भीमफेदीको सबल अर्थतन्त्र निर्माणको आधार"को दिर्घकालिन सोच र पालिकाका सामाजिक विकासका कार्यक्रमहरू आन्तरिक स्रोतबाट परिचालन गर्न सक्ने अवस्थाको सिर्जना गर्ने लक्ष्य लिई निम्नानुसारको राजस्व परिचालन नीति अवलब्धन गरिनेछ ।

1. संघीय र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्दै गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनमा जोड दिने ।
2. कर प्रणालीमा संस्थागत र संरचानागत रूपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने ।
3. कानुनी तथा नीतिगत व्यवस्थापन गर्ने ।

4. प्रभावकारी संगठनात्मक व्यवस्था, दक्ष जनशक्ति र उपयुक्त पूर्वाधार सहितको व्यवस्था गर्ने ।
5. करसँग सम्बन्धित व्यवस्थित र वर्गीकृत तथ्याङ्काधार व्यवस्थित गर्ने ।
6. करदाताहरूलाई कर/शुल्कको महत्त्व, कर व्यवस्था सम्बन्धमा सचेचना बृद्धि गर्ने ।
7. सरल, चुस्तदुरुस्त कर असुली प्रणाली व्यवस्थित गर्ने ।
8. पारदर्शिता र जवाफदेहिता कायम राख्ने ।
9. सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने ।
10. राजस्व अभिवृद्धि गर्ने खालका आयमूलक कार्यक्रम र पूर्वाधार विकासमा जोड दिने ।

### २.९.३ सार्वजनिक, निजी र सहकारी साझेदारी नीति

सार्वजनिक क्षेत्रले गाउँपालिकाको सामाजिक आर्थिक विकासमा नीति नियमको निर्माण गर्ने, नियमन गर्ने, निजी क्षेत्र र सहकारी क्षेत्र आकर्षित नभएको क्षेत्रमा लगानी केन्द्रित गर्ने, लगानीमैत्री वातावरणको सिर्जना गर्ने, उत्पादित वस्तुहरूको बजार व्यवस्थापन गर्न सघाउने जस्ता भूमिका खेल्न आवश्यक देखिन्छ । नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासकोलागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । निजी क्षेत्रले सार्वजनिक क्षेत्रले निर्माण गरेका नीति नियमको परिधिभित्र रही उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, उत्पादन कार्यमा स्थानीय स्रोत, साधन र जनशक्तिको अधिकतम परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको छ । त्यस्तै, सहकारी क्षेत्रले आफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ ।

"भीमफेदीको दिगो विकास तथा समृद्धिकोलागि सार्वजनिक, निजी र सहकारी साझेदारी" को दीर्घकालिन सोच र निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गरी गाउँपालिकाको समृद्धि हासिल गर्ने लक्ष्यका साथ निम्न रणनीतिहरु कार्यन्वयन गरिनेछ ।

1. लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने,
2. सहकारी क्षेत्रलाई वित्तीय पारदर्शिता प्रवर्द्धन गर्दै ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानीमा प्रोत्साहन गर्ने निजी क्षेत्र आकर्षित नहुने पूर्वाधार विकास क्षेत्रमा सरकारी लगानी केन्द्रित गर्ने,
3. सरकारी, निजी र सहकारी क्षेत्रको लगानीलाई प्रतिस्पर्धा भन्दा परिपूरकको रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्ने,
4. आर्थिक विकास र समृद्धिको संबाहकको रूपमा निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहन गर्ने र लगानीमैत्री वातावरण निर्माण गर्न विभिन्न सुविधाहरूको व्यवस्था गर्ने नीति अवलम्बन गरीनेछ ।

### २.९.४ जनसहभागिता परिचालन नीति

स्थानीय तहको विकास निमार्ण तथा सामाजिक विकासका लागि जनसहभागिता परिचालनको व्यवस्थाको वातावरण सिर्जना गरिनेछ । नागरिक समाजको क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणको लागि लगानीको व्यवस्था गरिनेछ । नागरिक समाजलाई पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन गराउन उत्प्रेरित गरिनेछ । स्थानीय तहको विकासको कार्यमा जनसहभागिताको लागि उत्प्रेरणा तथा विकास कार्यप्रति अपनत्व गराइनेछ ।

### २.९.५ संघ संस्थाको स्रोत परिचालन नीति

गैरसरकारी संस्थाले सामाजिक शक्ति परिचालन गरी सरकारको विकास लक्ष्य तथा प्राथमिता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिबृद्धि नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तीकरणमा सहयोग पुर्‍याउनका लागि सहज वातावरण तयार गरिनेछ । संघसंस्थाहरुलाई पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायमका लागि उत्प्रेरित गरिनेछ ।

### २.९.६ अतिरिक्त स्रोत परिचालन नीति

आवधिक योजनाको लक्ष्य तथा उद्देश्य अनुरुप सामाजिक तथा आर्थिक पक्षका लागि आवश्यक श्रोतको अनुमान मध्यमकालिन खर्च संचरना तयार गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण तथा शसर्त अनुदान बाहेक विशेष तथा समपुरक अनुदानका लागि परियोजना बैंकहरु तयार गरिनेछ । उक्त अनुदानको अतिरिक्त सहलगानी कार्यविधि अनुरुप परियोजना बैकहरुलाई पेश गरिनेछ । निजी संस्थाहरुलाई सामाजिक उत्तरदायित्व प्रति उत्प्रेरित गरिनेछ । सार्वजनिक ऋणलाई गाउँ गौरवका आयोजनाको पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक बृद्धि, पुँजी निर्माणमा बृद्धि तथा रोजगारको सिर्जना गरिनेछ ।

# परिच्छेद तीन : आर्थिक विकास

आर्थिक क्षेत्र भीमफेदी गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र र श्रम तथा वैदेशिक रोजगारी आदि उपक्षेत्रहरु पर्दछन् । नेपालको संविधानको अनुसूची- ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन् ।

## ३.१ कृषि विकास

### ३.१.१ कृषि विकास

#### ३.१.१.१ पृष्ठभूमि

भीमफेदी गाउँपालिकाका अधिकांश घरपरिवारको जीविकोपार्जन र रोजगारी कृषिबाट प्राप्त हुने भएता पनि यसले व्यवसायिकरण हाँसिल गर्न सकिराखेको अवस्था छैन र विगतमा जस्तै अहिले पनि कृषि पेशा निर्वाहमुखी नै रहेको छ । कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम भएका कारण यस गापामा श्रमशक्तिको पलायन बढ्दो छ र कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व पनि न्यून रहेका कारण धेरैजसो घरपरिवारमा खाद्यान्नको समस्या रहेको छ । दिगो विकास लक्ष्य, कृषि विकास रणनीति एवं राष्ट्रिय कृषि नीतिलाई मध्यनजर गर्दै सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा भूमिको दिगो व्यवस्थापन, कृषिको आधुनिकीकरण, यन्त्रिकीकरण, व्यवसायीकरण तथा औद्योगीकरण गरी खाद्य सुरक्षित गाउँपालिका बनाउन पर्ने आवश्यकता छ । त्यसैगरी रोजगारी सृजना, गरिबी निवारण र समग्र कृषि अर्थतन्त्रलाई थप सवल बनाउँदै गापाको दिगो सामाजिक, आर्थिक समृद्धिको आधारशीला तयार गर्न यस क्षेत्रलाई उच्च प्राथमिकता राखेर कार्य गर्नु पर्ने आवश्यकता छ । यस गापामा कृषिजन्य वस्तुहरुको लागि उपयुक्त वातावरण तथा उर्वर जमिन साथै सिंचाइको श्रोत हुँदा हुँदै पनि उपयुक्त वजारीकरण, आधुनिक कृषि प्रणाली सम्वन्धि ज्ञानको कमी, जनचेतनाको कमी, दक्ष जनशक्तिको अभाव, रोजगारीको लागि उर्जाशिल युवाहरुको विदेश पलायन जस्ता समस्याले कृषिजन्य उत्पादनमा प्रतिकूल प्रभाव पारेको देखिन्छ । गाउँपालिकामा समग्र कृषिक्षेत्रको उचित विकास हुन नसकि रहेको परिप्रेक्ष्यमा यसको विकासमा केन्द्रित रहेर यस योजना तर्जुमा गरिएको छ ।

गाउँपालिकामा कुल जमिन मध्ये कृषि योग्य जमिन २२.९७ प्रतिशत रहेको छ भने ६० प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न जनसंख्या रहेका छन् । धान, मकै, कोदो लगायतका मुख्य बालीको उत्पादक वार्षिक ३०० मे.ट. हुने गरेको छ । गाउँ क्षेत्रमा २ वटा कृषि पकेट क्षेत्र, ६० वटा स्थानीय व्यवसायिक कृषि फर्म, ६० वटा सक्रिय व्यवसायिक कृषक समूहमा करिब २,००० कृषकहरु आवद्ध रहेका, विभिन्न क्षेत्रमा तालिमा प्राप्त १,५०० कृषक, १२ वटा कृषि सहकारीमा संलग्न १,८०० कृषक तथा एउटा व्यवसायिक कृषि नर्सरी, एउटा कृषि प्राविधिक शिक्षालय र सामान्य किसिमका ३ वटा रष्टिक स्टोर रहेका छन् ।

#### ३.१.१.२ प्रमुख समस्या

जग्गाको खण्डीकरण हुनु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानुका साथै आधुनिक तौर तरीका अनुसार खेती नगर्नाले उत्पादनमा ह्रास आउनु, कृषि पेशालाई नाफामूलक र सम्मानित पेशा बनाउन नसक्दा युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, जलवायुको विविधता तथा भौगोलिक जटिलता अनुकूलनको कृषि प्रणाली विकास नहुनु, कृषिमा निजी क्षेत्रको लगानी कम हुनु, कृषि उत्पादनको मूल्यको बढी हिस्सा बीचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु, रासायनिक मल तथा विषादिको अनियन्त्रित प्रयोग र जलवायु परिवर्तनको कारणले बालीहरूमा नयाँ रोग तथा किराहरू देखा पर्नु, गुणस्तरीय विउ, मल, सिंचाई र कृषि सामग्री आदिको आवश्यकता र मागअनुसार सही समय, मूल्य र स्थानमा सहज उपलब्ध हुन नसक्नु, आवश्यकता अनुसार गुणस्तरीय शीत तथा अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषिमा व्यावसायिक करार सम्झौता नहुनु, अझै पनि कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरू ग्रामीण कृषकहरूको सहज पहुँचमा नहुनु, कृषि उत्पादनलाई मूल्य श्रृङ्खला तथा कृषि उद्योगसँग जोड्न नसक्दा व्यवस्थित र दिगो तरिकाले वजारीकरण गर्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ३.१.१.३ चुनौती र अवसर

वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा देखिएको श्रम अभावलाई सम्बोधन गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउनु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, कृषि क्षेत्रमा लगानी बृद्धि गर्नु, कृषि प्रणालीलाई यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्नु, कृषि प्रसार सेवामा कृषकहरूको पहुँच वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक विषादि तथा कृषि सामाग्रीको समयानुकूल आपूर्ति बढाउनु, कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्नु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास तथा ब्यवस्थापन गर्नु, आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

भौगोलिक तथा जैविक विविधतामा धनी हुनु, कृषि विकास रणनीति, २०७२ र कृषि विकासका अन्य मार्गदर्शनहरूको विकास भई कार्यान्वयन अगाडि बढ्नु, स्वदेशी लगानीमै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढ्नु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, पहाड र दुर्गम क्षेत्रमा यातायात तथा सिंचाई सुविधा बढ्दै जानु, पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बीमा र नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, प्रांगारिक कृषि प्रणालीप्रति चासो बढ्दै जानु, कृषि क्षेत्रमा लगानी गर्न निजी क्षेत्र तथा विभिन्न संघ संस्थाहरू आकर्षित हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.१.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

खाद्य सम्प्रभुता र सुरक्षाको प्रत्याभूति तथा कृषिमा आत्मनिर्भर गाउँपालिका

**लक्ष्य**

कृषिको यान्त्रिकीकरण, औद्योगीकरण र व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने

**उद्देश्य**

1. उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउनु ।
2. कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
3. कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु ।
4. कृषि उत्पादनलाई वातावरण मैत्री बनाउनुका साथै कृषिलाई आय तथा रोजगारीका अवसर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु ।

**रणनीति**

1. समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने ।
2. प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
3. खेतीयोग्य जमीनहरुमा सिंचाइको सुविधा उपलब्ध गराउने ।
4. कृषि क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने ।
5. तुलनात्मक लाभ हुनसक्ने बाली तथा बस्तुको व्यवसायीकरण गर्ने ।
6. कृषि तथा कृषिमा आधारित सेवालाई उद्योग क्षेत्रतर्फ आकर्षित गर्ने ।
7. वातावरण मैत्री कृषि प्रविधिको विकास र प्रसार गर्ने ।

**कार्यनीति**

1. खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँ पालिकालाई आत्म निर्भर उन्मुख वनाइनेछ ।
2. गापाका कृषि क्षेत्रको दिगो विकास र स्थानीय रैथाने वालीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

3. संभावनाको आधारमा गापामा उच्च मूल्यका औद्योगिक वालीहरु (अलैंची, ड्रागनफ्रुट, किवि, कफि, स्ट्रवेरी, चिया, कागती, च्याउ आदि) को व्यवसायिक उत्पादन र वजार प्रवर्द्धन गरी आयआर्जनमा वृद्धि गरिने छ।
4. गापामा विभिन्न प्रजातिका फलफूलहरुलाई व्यवसायिक रुपमा उत्पादन उत्पादन गर्न कृषकहरुलाई सहयोग प्रदान गरिने छ।
5. गापामा कृषि क्षेत्रको प्रविधि विकासको लागि विभिन्न क्षेत्रमा श्रोत केन्द्रहरुका स्थापना र सञ्चालन गरिने छ।
6. गापामा वाली मूल्यश्रृङ्खला विकासका लागि विशेष अनुदान सहयोग प्रदान गरिने छ।
7. कृषकहरुका हौसलाको लागि कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिने छ।
8. गरीव तथा विपन्न वर्गलाई लक्षित गरी उनीहरुका सहज जीवीकोपार्जनको लागि आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिने छ।
9. गापामा सञ्चालित कृषि विकासका कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण नियमित रुपमा गरिने छ।
10. गापाका कृषकहरुका वृहत्तर हितका लागि कृषिमा आधारित विविध प्रकारका आपत्कालीन तथा राहत वितरण कार्यक्रम सञ्चालन गरिने छ।
11. स्थानीय स्तरमा कृषकमैत्री नीति, ऐन र नियमावलीका निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयन गरिने छ।

### ३.१.१.५ प्रमुख कार्यक्रम

1. दिगो कृषि तथा स्थानीय रैथाने वालीसंरक्षण कार्यक्रम
2. कृषि पकेट क्षेत्र (फलफूल पकेट क्षेत्र - वडा नं. ७, ८, कफी खेती पकेट क्षेत्र - वडा नं. ३, ५, ७, टिमुर अलैची - वडा नं. ७, ८, ९ र पोखरेली धान संरक्षण - वडा नं. ८ इपा पञ्चकन्या)
3. विऊँ उत्पादन केन्द्र (मकै, धान, आलु, अदुवा, सिमी, गाँजर)
4. कृषि यान्त्रिकीकरण तथा वजार प्रवर्द्धन कार्यक्रम
5. कृषि एम्वुलेन्स
6. एक वडा एक टनेल र एक वडा एक प्राविधिक
7. तालिम, भ्रमण तथा संस्थागत क्षमता विकास
8. कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम
9. कृषि विमा तथा विपन्न लक्षित कृषि कार्यक्रम
10. कृषि कार्यक्रम अनुगमन तथा निरीक्षण
11. कृषकसंग अध्यक्ष कार्यक्रम।

### ३.१.१.६ अपेक्षित उपलब्धि

खाद्यान्न वालीको उत्पादकत्वमा वृद्धिभै उत्पादन दोब्बर हुने, कृषिमा आधारित उद्योग खुलेका हुने, सिंचाईको विकास गरी कृषि पकेट क्षेत्रहरू विकास भएको हुने, कृषि क्षेत्रमा थप रोजगारी सिर्जना भएको हुने, गुणस्तरीय कृषि उत्पादन सामग्रीहरूको उपलब्धता सुनिश्चित भएको हुने, कृषि विकासका उत्पादनदेखि भण्डारण तहमा मूल्य श्रृंखलाका क्रियाकलापहरू कार्य संचालन भई कृषकको आय वृद्धि गरिएको हुने, आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय सहयोग पुगेको हुने, एकिकृत खेती प्रणालीको सञ्चालन हुने, कृषिलाई पर्यटनसँग जोड्न कृषि क्षेत्र र होटल तथा पर्यटन व्यवसायी बीच करार सम्झौता गरी खेती भएको हुने, जलवायु अनुकूलन कृषि प्रणालीको विकास गरी उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुने र भीमफेदी गाउँपालिका कृषि तथा खाद्यान्न उपजमा आत्मनिर्भर भएको हुनेछ।

### ३.१.२ पशुपन्छी विकास

#### ३.१.२.१ पृष्ठभूमि

कुल कृषि ग्राहस्थ्य उत्पादनमा एक चौथाई भन्दा बढी योगदान दिने पशुपंक्षी क्षेत्रमा साना तथा मझौला किसानहरूको बाहुल्यता रहेको छ । मूलतः निर्वाहमुखी पशुपंक्षीपालन भएको र उन्नत प्रविधि तथा उत्पादन सामाग्रीहरूको यथोचित उपलब्धता नभएकाले भीमफेदी गाउँपालिकामा पशुपंक्षी विकासतर्फ आशातित उपलब्धि हुन सकेको छैन । साथै वित्तीय पहुँच नहुनु, सडकबजार पूर्वाधारको विकास नहुनु, जस्ता कारणहरू पनि अवरोधका रुपमा रहेका छन् । आम उपभोक्ताहरूको क्रयशक्तिमा आएको बृद्धि र गाउँपालिकाको विभिन्न स्थानहरुमा प्रवर्द्धन हुँदै गरेको पर्यटन व्यवसायले पशुपंक्षीजन्य उत्पादनहरूको बढ्दो माग पूर्तिका लागि यस क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न जरुरी छ । पशुपंक्षी क्षेत्रको व्यवसायिकरण तथा वजारीकरणबाट स्थानीय स्तरमै रोजगारी सिर्जना र आयआर्जन गर्न सकिने हुँदा यस क्षेत्रको विकास गरिनु जरुरी छ ।

गाउँपालिका क्षेत्रको वडा नं ५ र ९ मा भैसी पालन, वडा नं २, ५, ६ तथा ९ मा लोकल कुखुरा सहित व्यवसायिक रुपमा कुखुरापालन, वडा नं १, २ तथा ९ मा बाख्रापालन हुने गरेको छ भने आसिंक रुपमा गाइपालन, सुंगुर/बंगुरपालन, माछा र मैरीपालन समेत हुने गरेको छ । यस गाउँपालिका क्षेत्रमा व्यवसायिक पशुपालनमा संलग्न करिब ५०० घरधुरी रहेको छन् भने ४० वटा व्यवायिक पशुपंक्षी फर्म, ४० वटा सक्रिय समुह रहेका छन् । त्यसैगरी ३ वटा नश्ल सुधार तथा उपचार केन्द्र, ३ वटा कृत्रिम गर्भाधान केन्द्र, १० जना ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता रहेका छन् । गाउँपालिका क्षेत्रमा ४ वटा दुग्ध संकलन केन्द्र रहेका छने भने पशु विमा गर्ने १००० कृषकहरु रहेका छन् । गाउँपालिकामा वार्षिक ५१० मे.ट दुध तथा दुग्ध जन्य पदार्थ, ५० मे.ट खसी बोकाको मासु उत्पादन हुने गरेको छ । त्यसैगरी करिब २०० मौरी घारहरु रहेको र वार्षिक करिब १० लाखरुपैया बराबरको मह विक्री हुने गरेको छ । पशुपंक्षी जन्यको वस्तुबाट गाउँपालिकालाई वार्षिक करिब ५ करोडको आम्दानी हुने गरेको छ ।

#### ३.१.२.२ प्रमुख समस्या

पशुपालन पेशालाई सम्मानित पेशा र लगानी मैत्री बनाउन नसक्दा युवा वर्ग पशुपालन पेशामा आकर्षित नहुनु, प्राविधिक ज्ञानको कमी, निजीक्षेत्रको लगानीमा कमी, स्थानीय पशुपंक्षीको उत्पादकत्व कम हुनु तथा उन्नत नश्लका पशुपंक्षीको स्रोत केन्द्रहरू नहुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु र बजारीकरणमा बिचौलियाहरू हावी हुनु, नयाँ नयाँ तथा पटक पटक देखिने जुनोटिक एवं महामारीजन्य रोगहरूको प्रकोप देखिनु, प्रविधिको प्रसार, बीमा, सुलभ ऋण जस्ता सेवामा कृषकहरूको पहुँच नपुग्नु, जलवायु परिवर्तनले पारेको नकारात्मक प्रभाव, पशुपंक्षीजन्य उत्पादनलाई मूल्य श्रृङ्खलासँग जोड्न नसक्दा वजारीकरणमा समस्या देखिनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

#### ३.१.२.३ चुनौती र अवसर

गुणस्तरीय उत्पादन सामाग्री, दाना, घाँस र औषधी लगायतका सामग्रीको समयानुकूल आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्तिको विदेश पलायन, बर्डफ्लू, स्वाईन फ्लू जस्ता जुनोटिक रोगहरूको प्रकोप नियन्त्रण गर्नु, प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि गर्नु, कृषि बीमा व्यवस्थालाई प्रभावकारी वनाउनु, सार्वजनिक र सहकारी क्षेत्रको लगानी बृद्धि गर्नु, कृषि ऋणको सहज उपलब्धता सुनिश्चित गर्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् । कृषि विकासको मार्गदर्शनका रूपमा रहेको नेपालको कृषि विकास रणनीति-२०७२ कार्यान्वयन हुनु, निजी क्षेत्र यसतर्फ आकर्षित हुँदै जानु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपंक्षी क्षेत्रमा आकर्षित हुँदै जानु, माछा, मासु तथा दुग्धजन्य वस्तुहरूको उपभोग बृद्धि हुँदै जानु र सुलभ ऋण, पशुपंक्षी बीमा, नयाँ प्रविधिहरूको उपयोग बढ्दै जानु, पर्यटन अभिवृद्धिसंगै पशुजन्य उपजहरूको उपभोग बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

#### ३.१.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

पशुपंक्षी क्षेत्रको विकास मार्फत् समृद्ध गाउँपालिका निर्माणमा योगदान गर्ने

**लक्ष्य**

स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षणमा प्रवर्द्धन गर्ने

**उद्देश्य**

1. गापालाई पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नु ।
2. पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।
3. महिला, युवा तथा सबै वर्गको स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्नु ।

**रणनीति**

1. पशुपंक्षीजन्य खाद्यवस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी गापालाई आत्मनिर्भर बनाउने ।
2. पशुपंक्षीजन्य उत्पादनमा वृद्धिगरि व्यावसायिकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गर्ने ।
3. पशुपंक्षीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एकीकृत रूपमा प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रिकीकरणमा जोड दिने ।
4. पशुपंक्षीजन्य उत्पादनको मूल्यश्रृङ्खला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने ।
5. पशुपंक्षी क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने ।
6. पशुपंक्षी तथा मत्स्यपालनलाई महिला, युवा तथा सबै आर्थिक, भौगोलिक र सामाजिक वर्गको स्वरोजगारको रुपमा विकास गर्न विशेष कार्यक्रमहरू संचालन गर्ने ।

**कार्यनीति**

1. गाउँपालिकामा पशुपंक्षीको स्वास्थ्यमा सुधार ल्याई पशुपंक्षीको उत्पादकत्वमा अभिवृद्धि गरिने छ ।
2. गाउँपालिकामा व्यवसायिक पशुपालन तथा तिनको वजार प्रवर्द्धन गरिनेछ ।
3. गाउँपालिकामा पशवस्तुको आहारमा सुधार गरी पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ ।
4. पशुपंक्षीमा आधारित युवा लक्षित उद्यम विकास कार्यक्रम गरी स्वरोजगारी सिर्जना गरिने छ ।
5. स्थानीय स्तरमा पशुपंक्षी सम्बन्धि प्रविधिको उत्पादन र विस्तार गरी तिनको उत्पादकत्व वृद्धि गरिने छ ।
6. गाउँपालिकामा रहेका विपन्न वर्गलाई लक्षित गरी पशुपंक्षीमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गरी उनहिरुका जीवोपार्जनमा सुधार ल्याइने छ ।

### ३.१.२.५ प्रमुख कार्यक्रम

1. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
2. व्यवसायिक माछापालन प्रवर्द्धन कार्यक्रम (वडा नं. २, ९), मौरीपालन, बाख्रापालन, गाईभैसीपालन
3. पशु विक्रीकेन्द्र तथा संकलन केन्द्र
4. पशुपालन यान्त्रीकरण कार्यक्रम
5. पशु एम्वुलेन्स
6. कृतिम गर्भाधान र नश्ल सुधार कार्यक्रम
7. दुग्ध संकलन र चिस्यान केन्द्र स्थापना
8. पशु उत्पादन वजार प्रवर्द्धन कार्यकम
9. पशु आहार सुधार कार्यकम
10. प्रविधि उत्पादन तथा विस्तार कार्यकम
11. पशु विमा समन्वय तथा अभिमुखिकरण कार्यकम

### ३.१.२.६ अपेक्षित उपलब्धी

गाउँपालिकामा दूधको तथा दुधजन्य उत्पादनमा वृद्धि भई वार्षिक ७०० मे.ट. हुनेछ । खसी, वोका, राँगा, बंगुर तथा कुखुराको मासुको उत्पादन वार्षिक ९०० मे.ट र अन्डाको उत्पादन वार्षिक ९०००० बाट बढेर २२०००० पुगी दूध, मासु र अन्डाको उत्पादनमा गापा आत्मनिर्भर भएको हुनेछ । गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोग हुने तथा पशुपन्छी क्षेत्रबाट योजना अवधिभर उल्लेख्य रुपमा रोजगारी सिर्जना भएको हुनेछ । पशुपंक्षीको व्यवसायिक उत्पादन तथा वजारीकरणमा वृद्धि भएको हुनेछ ।

### ३.१.३ खाद्य सुरक्षा तथा पोषण

#### ३.१.३.१ पृष्ठभूमि

खाद्य तथा पोषण सुरक्षाको आवश्यकतालाई महसुस गरी नेपालको संविधानले खाद्य सम्प्रभुताको प्रत्याभूति हुने व्यवस्था गरेको छ । संविधान प्रदत्त खाद्य सम्बन्धी हक अनुसार प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित राख्नुका साथै कृषि विकास रणनीतिको अभिन्न अङ्गको रूपमा रहेको खाद्य तथा पोषण सुरक्षा कार्ययोजना एवं बहुक्षेत्रीय पोषण योजना लगायत क्षेत्रगत नीति र योजनाहरूले लिएका लक्ष्य र उद्देश्यअनुसार खाद्य तथा पोषण सुरक्षा हासिल गर्न उपर्युक्त रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयन गर्नु अपरिहार्य छ । त्यस्तै दिगो विकास लक्ष्यमा "भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषणको अवस्था सुधार गर्ने तथा दिगो प्रणालीको प्रवर्द्धन गर्ने" भन्ने उल्लेख छ । साथै, कृषि विकास रणनीति शून्य भोकमरी चुनौती एवं बहुक्षेत्रीय पोषण योजना दोस्रो लगायत क्षेत्रगत नीति र योजनाले लिएका लक्ष्य र उद्देश्य अनुसार खाद्य तथा पोषण सुरक्षा हाँसिल गर्न उपयुक्त नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

खाद्यान्न उपलब्धताको दृष्टिबाट भीमफेदी गाउँपालिकामा आफनै उत्पादनलेवर्ष भरी खान पुग्ने जनसंख्या ८५ प्रतिशत रहेको छ भने खाध्य सुरक्षाको चुनौतीमा रहेको जनसंख्या १५ प्रतिशत रहेको छ ।

#### ३.१.३.२ प्रमुख समस्या

आन्तरिक रुपमा खाद्य वस्तुको उत्पादन पर्याप्त रुपमा नहुँदा आयातमा वृद्धि हुनु, कृषि भूमिको अन्य प्रयोगजनमा प्रयोग हुनु, कृषिक्षेत्रबाट जनसंख्या पलायन हुँदै जानु, भूमिको उपयोगितामा वैज्ञानिकता नहुनु, भूमिको न्यून उत्पादकत्व र उत्पादित वस्तुको पनि अन्य क्षेत्रमा प्रयोग हुँदा गापाका वालवालिका, महिला र ज्येष्ठ नागिरकको लागि आवश्यक पोषणको उचित व्यवस्था गर्न नसक्नु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

#### ३.१.३.३ चुनौती र अवसर

खाद्य तथा पोषण असुरक्षित समुदाय र घरधुरीहरू तथा कुपोषित बालवालिकाको पहिचान गर्नु, नेपाल सरकारद्वारा संचालित पोषण तथा खाद्य सुरक्षा सम्बन्धी बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रदेशमा प्रभावकारी कार्यान्वयन गर्नु, खाद्यान्नको सन्तुलित उपभोग (आहारविहार) प्रति सचेतना बढाउनु र कुपोषणको दर बढी रहेका विकट तथा दुर्गम स्थानहरूमा खाद्य तथा पोषण उपलब्ध गराउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् । खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ जारी भई खाद्य सुरक्षाका सुनिश्चितताका लागि नीति तथा कार्यक्रमगत मार्गदर्शन गर्नु, कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले खाद्य र पोषण सुरक्षालाई महत्वपूर्ण कार्यक्रमका रुपमा राखी कार्यान्वयन गर्नु, बहुक्षेत्रिय पोषण योजना दोस्रो कार्यान्वयनको चरणमा रहनु, कृषि उत्पादन सामग्रीहरूको उपलब्धता बृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

#### ३.१.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

भीमफेदी गाउँपालिकामा खाद्य सुरक्षा सुनिश्चित गर्ने

**लक्ष्य**

गाउँबासीको लागि आवश्यक सुरक्षित खाद्यान्न उपलव्ध गराउने

**उद्देश्य**

1. खाद्य सुरक्षा तथा पोषणको दृष्टिले जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु ।
2. कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गरी खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउनु ।
3. खाद्य सुरक्षा तथा पोषण सम्बन्धी आवश्यक पूर्व तयारी गरी संकटको बेला खाद्यमा गरिब तथा सीमान्तकृत समुदायको नियमित पहुँच पुऱ्याउनु ।

**रणनीति**

1. स्थानीय तहमा खाद्य तथा पोषण असुरक्षित समूहहरूको पहिचान गरी जनचेतना अभिबृद्धि गर्ने ।

२. स्थानीय सम्भाब्यता भएका वस्तुहरूको उत्पादन बृद्धि गर्न आवश्यक पूर्वाधार र प्राविधिक सहयोग गर्ने ।
३. सरोकारवाला निकायसँग समन्वय गरी जोखिम न्यूनीकरणको लागि योजना तयार पार्ने ।

**कार्यनीति**

१. पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण, उत्पादन प्रबर्द्धन र उपभोगमा प्रोत्साहन गरी कृषि प्रसार सेवालाई पोषणसँग जोडिनेछ र खाने बानी परिर्वतन गर्न सचेतना बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
२. स्थानीय स्तरमा उत्पादन हुन सक्ने उच्च मूल्यका कृषि उपज तथा पशुजन्य उत्पादन गरी आयस्तर बढाउन प्राथमिकता दिइनेछ ।
३. सुत्केरीको स्वास्थ्य सुरक्षाको लागि पहल गरिनेछ ।
४. कुषोषण न्यूनीकरणार्थ करेसा बगैंचा (Kitchen Garden) को प्रवर्द्धन गरिनेछ ।
५. संकटजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको व्यवस्था गरिनेछ ।

### ३.१.३.५ प्रमुख कार्यक्रम

१. पोषणयुक्त स्थानीय/रैथाने बालीहरूका संरक्षण तथा उत्पादन प्रबर्द्धन
२. पोषण सुरक्षणको लागि घर वगैंचा वा पोषणवगैंचाको प्रवर्द्धन
३. संकटजन्य अवस्थामा रहेका समुदायको लागग खाद्यसहयोग कार्यक्रम
४. कुपोषणको अवस्था सुधारार्थ बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन
५. खाद्य भण्डारणको स्थापना र सञ्चालन
६. उपाध्यक्षसंग सुत्केरी कार्यक्रम
७. पोषण सुरक्षा सचेतना कार्यक्रम ।

### ३.१.३.६ अपेक्षित उपलब्धि

योजना अवधिको अन्तसम्ममा पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रबर्द्धन, घर वगैंचाको प्रवर्द्धन, महिलाहरुमा पोषण सम्बन्धि सचेतना, उच्च मूल्यका कृषि उपज तथा पशुजन्य वस्तुको उत्पादन वृद्धि तथा संकटजन्य अवस्थामा खाद्यान्नको मौज्दात रहनगै खाद्यान्न तथा पोषण सुरक्षणमा उल्लेखनिय उपलब्धी हाँसिल भएको हुने छ । साथै स्थानीय स्तरमा खाद्यान्नको उचित उपभोग गर्ने बानीको विकास भएको हुने, चरम खाद्य असुरक्षित घरधुरीको संख्या न्यून भएको हुने, आम्दानीको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसंख्या न्यून भएको हुने, पुड्कोपन तथा ख्याउटेपन भएका कुपोषित बालबालिकाको संख्यामा उल्लेख्य मात्रामा कमी आएको हुनेछ ।

## ३.१.४ सिंचाई

### ३.१.४.१ पृष्ठभूमि

नेपालमा परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीतर्फ रुपान्तरण हुँदै गैरहेको छ । कृषि आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा पु-याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्थापन गर्न आवश्यक छ । परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार भैरहेको छ । भीमफेदी गापामा कुल खेती योग्य जमिनको करिब ८.५९ प्रतिशत जमिनमा मात्रै सिंचाई सुविधा पुगेको छ । गापामा इपापंचकन्या, रानी खोला, निवुबाटार, आँपचौर, धोर्सिङ्ग, सिद्ध पोखरी, उखुवारी, डुग्रीटार, घण्टेखोला भोटेगाउँ सिंचाई आयोजनाहरु सञ्चालित रहेका छन् ।

### ३.१.४.२ प्रमुख समस्या

अधिकांश सिंचाई योजना प्राकृतिक नदी प्रणाली (Run off the river) मा आधारित भएकोले वर्षैभरी एकैनासले सिंचाईको भरपर्दो सेवा पुर्‍याउन नसक्नु, निर्माण सम्पन्न भैसकेका सिंचाई प्रणालीको प्रयाप्त मर्मत सम्भार हुन नसक्नु, सिंचाई सुविधा पुगेको वा पुग्न सक्ने भूमिमा खण्डीकरण र अव्यवस्थित शहरीकरण हुनु, प्राकृतिक मूल तथा मुहानहरु सुक्दै जानु, उपलब्ध पानीको स्रोतमाथि चाप बढ्नु, सिंचाई तथा जल उपयोग क्षमता न्यून हुनु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुन गै नदीको बेड लेभेल घट्दै जानु र ठूला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ३.१.४.३ चुनौती तथा अवसर

गापामा सिंचाइ आयोजना/प्रणालीहरुको विकास, विस्तार एवं उचित मर्मत सम्भार तथा व्यवस्थापन हुन नसक्नाले उपभोक्ता कृषकहरुलाई भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन सकिराखेको अवस्था छैन । गापाको सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, सिंचाइ सुविधा उपलब्ध भएका एवम् हुने जमिन कृषिका लागि सुरक्षित राख्नु र जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको जोखिम व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती हुन् ।

सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, नयाँ सङ्गठनात्मक परिवर्तनबाट सबै जिल्लामा सिंचाइ कार्यालयको स्थापना भई सेवा प्रवाहमा सुधार हुनु, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई कृषि उपजमा आत्मनिर्भर बनाउन सिंचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ३.१.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

दिगो एवं भरपर्दो सिंचाई सुविधा उपलवध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान

**लक्ष्य**

कृषि योग्य भूमिमा दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलव्ध गराउने

**उद्देश्य**

1. सबै कृषि योग्य भूमिमा सिंचाई सेवा विस्तार गरी वर्षैभरी भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउनु ।
2. उपलव्ध सिंचाईको बहुउद्देश्यीय उपयोगमा जोड दिनु ।

**रणनीति**

1. जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाई योजनाहरुको विकास एवं विस्तार गर्ने ।
2. नयाँ प्रविधिमा आधारित सिंचाईको विकास गर्नुका साथै सिंचाई दक्षता वृद्धि गर्ने ।
3. बाह्रै महिना सिंचाई सेवा उपलव्ध गराउनको लागि बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।
4. सम्पन्न सिंचाई प्रणालीको मर्मत सम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपना बढाउनु ।
5. सिंचाइ प्रणालीको मर्मत सम्भार एवं दिगो व्यवस्थापनकालागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चितगर्ने ।

**कार्यनीति**

1. कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्न थोपा, लिफ्ट। फिर्के सिंचाई प्रणालीको विकास गरिने छ ।
2. पहाडी तथा उच्च पहाडी भेकमा उपयुक्त प्रविधि सहितको सिंचाई सुविधा विस्तार गरिने छ ।
3. बाह्रै महिना सिंचाई सेवा उपलव्ध गराउनको लागि नयाँ सिंचाई आयोजनाहरुका निर्माण गरिनेछ भने भैरहेका सिंचाई आयोजनाहरुका मर्मत सम्भार गरिने छ ।
4. पानीको स्रोत न्यून हुने तथा बर्षैभरी सिंचाई उपलव्ध हुन नसक्ने क्षेत्रमा सिंचाइ सेवा पु-याउन आकासे पानीको संकलन, पोखरी तथा जलाशयमा भण्डारण गरी थोपा तथा फोहोरा सिंचाइ प्रविधि समेत उपलवध गराइनेछ ।
5. मुल एवं पोखरी, ताल तलैयाहरुको संरक्षण तथा सुदृढिकरण गरी सिंचाईको समेत उपयोग गरिने छ ।
6. सहकारी तथा समुदायको सहभागितामा सिंचाई प्रणालीको व्यवस्थापन गरिने छ ।
7. सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिने छ ।

### ३.१.४.५ प्रमुख कार्यक्रम

1. उत्पादन पकेट क्षेत्रमा सिंचाई आयोजनाको निर्माण र विस्तार

2. परम्परागत कृषक कुलाहरुको मर्मत संभार र सुधारमा अनुदान
3. थोपा, लिफ्ट, फिर्के सिंचाई निर्माण
4. पानी पोखरी र बृहत सिंचाई निर्माण
5. सौर्य उर्जामा आधारित नमुना लिफ्ट सिंचाइ आयोजना निर्माण
6. फिर्के सिचाई
7. पानी अभावग्रस्त स्थानहरुमा आकासे पानीको संकलन पोखरी/प्लाष्टिक पोखरी निर्माण

#### ३.१.४.६ अपेक्षित उपलब्धी

यस योजनाको अवधि भरीमा गापामा विभिन्न प्रकारका सिँचाइ मार्फत बर्षभरी सिंचाई हुने क्षेत्रफल ५९८ हेक्टरबाट बढेर ९०० हेक्टर पुगेको हुनेछ । नयाँ प्रविधिमा आधारित सिंचाईको विकास र दक्षता अभिवृद्धि भएको हुनेछ । बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध भै व्यावसायिक खेती प्रणालीको विकास भएको हुनेछ । सिंचाइको मर्मत सम्भार कार्य समुदायको सहभागितामा भै दिगो रुपमा सञ्चालन भएको हुनेछ ।

## ३.२ प्राकृतिक स्रोत व्यवस्थापन

### ३.२.१ जलस्रोत

#### ३.२.१.१ पृष्ठभूमि

स्थानीय तहको विकास र सम्वृद्धिको लागि उपलब्ध जलस्रोतको बहुउपयोगलाई प्रवर्द्धन गर्नु आवश्यक छ । जलस्रोतको समुचित व्यवस्थापन र विकास मार्फत नै जलविद्युत, सिंचाइ, खानेपानी जस्ता क्षेत्रको विकासलाई अगाडि बढाउन सकिन्छ । जलस्रोतको उपयोग गरी जल विद्युत, सिंचाई, खानेपानी जस्ता क्षेत्रको विकासका कार्यलाई दिगो बनाउन जलस्रोतका मुहान, जलप्रवाह, भूमिगत जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान सहित तथ्यांकको सूक्ष्म विश्लेषण गर्नु आवश्यक छ । विभिन्न कारणबाट सिर्जना हुने जल उत्पन्न विपद्बाट मानव बस्ती, खेतीयोग्य जमीन, मौजुदा भौतिक पूर्वाधारको संरक्षण गर्नुका साथै यस प्रकारका विपद्हरुको न्यूनीकरण गर्नु अपरिहार्य रहेको छ ।

#### ३.२.१.२ प्रमुख समस्या

जलवायु परिवर्तन तथा अन्य प्राकृतिक प्रकोपबाट सिर्जित असरका कारण पानीको उपलब्धतामा आएको अनिश्चितता, अव्यवस्थित भू-उपयोग र सडक सञ्जालको निर्माण तथा विस्तारले गर्दा पहिरो तथा भू-क्षयमा वृद्धि भै नदीको वहावमा परिवर्तन आएको छ । नदीको पिँधको सतहमा घटबढ भै बाढीजन्य समस्या आउनु र जलस्रोतको उपयोगमा नकरात्मक असर पर्नुका साथै खोला नालाको प्राकृतिक बहावमा अतिक्रमण भै तराई, भित्री मधेश तथा पहाडी क्षेत्रका शहरी वस्ती बाढी तथा डुवानको जोखिममा रहेका छन् । एकीकृत जलस्रोत नीति तथा नदी बेसिन गुरु योजना अद्यावधिक हुन नसक्दा जलविद्युत, सिंचाइ, खानेपानी लगायतका क्षेत्रमा जलस्रोतको एकीकृत तथा समन्वयात्मक व्यवस्थापन तथा उपयोग नहुनु, विभिन्न किसिमका जलस्रोतको परिमाण तथा गुणस्तर सम्बन्धी तथ्यांकहरुको संकलन तथा व्यवस्थापन प्रयाप्त नभएको कारण अध्ययन, अनुसन्धान तथा योजना प्रभावकारी रुपले कार्यान्वयन हुन नसक्नु आदि यस क्षेत्रका मूख्य समस्याहरु रहेका छन् । गापामा उपलब्ध जलश्रोतको उचित व्यवस्थापन र उपयोग हुन नसक्नु र यसवाट स्थानीय जनताले लाभ लिन नसक्नु यस क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको छ ।

#### ३.२.१.३ चुनौती तथा अवसर

उपलब्ध जलस्रोतको समुचित, बहुउद्देश्यी र दिगो उपयोग हुनेगरी एकीकृत जलाधार व्यवस्थापन गर्नु, जलवायु परिवर्तन अनुकूल जोखिम व्यवस्थापन गर्नु, नदीको पिँधको सतह बढ्दै जाने क्रमलाई रोकथाम गर्नु, नदी किनारालाई संरक्षण गर्न रेखांकन गरी जोनिङ्ग गर्नु विकास र उपयोग सम्बन्धमा अन्तर निकाय एवं संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्नु, द्विपक्षीय लाभ हुनेगरी अन्तरदेशीय नदीको व्यवस्थापन र उपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

जलस्रोतको पर्याप्त उपलब्धता हुनु, जलस्रोतको बहुआयामिक उपयोगको आवश्यकता महसुस तथा सम्भावना हुनु, नदी व्यवस्थापन कार्यबाट उकास भएको जमीनको कृषिजन्य र अन्य उपयोगको सम्भावना रहनु, नदी किनारामा निर्माण गरिएको तटबन्धलाई सडकको रुपमा प्रयोग गर्न सकिनु यसक्षेत्रका प्रमुख अवसरका रुपमा रहेकाछन् ।

### ३.२.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्थानीय तहमा जलस्रोतको दिगो उपयोगबाट सम्वृद्ध नेपाल निर्माणमा योगदान

**लक्ष्य**

जलस्रोतको समन्वयातमक विकास तथा समन्यायिक उपयोगबाट स्थानीय तहको आर्थिक समृद्धि हासिल गर्ने

**उद्देश्य**

1. जलस्रोतको वहुउद्देश्यीय तथा समन्यायिक उपयोग मार्फत स्थानीय तहको आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु ।
2. स्थानीय तहमा जलाधार व्यवस्थापन तथा जल उत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्नु ।

**रणनीति**

1. जलस्रोतको बहुउद्देश्यीय तथा समन्वयात्मक विकासको सुधार गर्ने ।
2. जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्को दिगो एवं भरपर्दो व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका कार्य गर्ने ।

**कार्यनीति**

1. बहुउद्देश्यीय आयोजनाहरुको विकास मार्फत उर्जा उत्पादन, सिंचाइ र जलस्रोतको अन्य उपयोगमा जोड दिइनेछ ।
2. जलस्रोतको विकास र उपयोगका लागि आवश्यक नर्म्स, निर्देशिका/कार्यविधिको परिमार्जन तथा विकास गरी लागू गरिने छ ।
3. स्थानीय तहमा योजनावद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि गुरुयोजना तयारगरी कार्यान्वयन गरिनछ ।
4. गाउँपालिकामा उपलव्ध जलश्रोतको विवरण तथा तथ्यांक अद्यावधिक गर्ने ।
5. जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान गरी स्थानीय जोखिम नक्सा (Hazard Map) तयार गरिने छ ।
6. नदी किनारा तथा प्रवाह क्षेत्रको रेखांकन तथा त्यस्ता क्षेत्रहरुको योजना तयार गरी कृषि, उद्योग र पर्यटनको विकासमा उपयोग गरिने छ ।
7. एकीकृत जलाधार व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाई उर्जा, सिंचाई र कृषिमा उपयोग गरिने छ ।

### ३.२.१.५ प्रमुख कार्यक्रम

1. एकिकृत जलाधार व्यवस्थापन योजना निर्माण
2. नदी नियन्त्रण तथा तटवन्ध निर्माण
3. जलउत्पन्न प्रकोप नियन्त्रण
4. पानीका मूल पहिचान र संरक्षण
5. जलस्रोतमा आधारित/आश्रित घरपरिवार सहयोग कार्यकम
6. बायो इन्जिनियरिङ्गको कार्य
7. जल विपद् सम्बन्धि तालिम ।

### ३.२.१.६ अपेक्षित उपलब्धी

नदी बेसिन तथा स्थानीय खोलानालाको एकीकृत विकास तथा व्यवस्थापनको लागि योजना तयार भै लागू भएको हुने, जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान गरी जोखिम नक्सा तयार भएको हुने, तटबन्ध तथा नदी नियनत्रण संरचनाको निर्माण भै जमिन उकास भएको हुनेछ । साथै जलाधार व्यवस्थापन योजना तयार भै यसको उचित कार्यान्वयन भएको हुने, जलस्रोतको उचित संरक्षण भएको हुनेछ । स्थानीय स्तरमा जल उत्पन्न प्रकोप तथा विपत न्युनिकरण भएको हुनेछ ।

### ३.२.२ वन, वनस्पती तथा खनिज

### ३.२.२.१ पृष्ठभूमि

यस विषयवस्तु प्रत्यक्ष रुपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित उद्योगसंग गाँसिएको छ । यस क्षेत्रवाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यापर्यटन (Eco-tourism) को विस्तार सम्वृद्धिका आधार हुन । जन सहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप, २०७२ जारी भई यस गाउँपालिकामा समेत यो कार्यक्रम कार्यान्वयनमा रहेको छ । वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने र गापाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक छ । त्यसरी नै स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदूषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ । स्थानीय तहमा मानवअनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिकस्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदूषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिने हुनाले यसैमा आधारित रहेर यस योजनाको निर्माण गरिएको छ ।

गाउँपालिकाको कुल क्षेत्रफल मध्ये करिब ६५ % भुभाग वन जंगलले ढाकेको छ । यस गाउँपालिकामा २९ वटा सामुदायिक वन रहेका छन् । गाउँपालिकामा चुनढुंगा तथा तामा खानी रहेका छने जसबाट बार्षिक करिब ५५ लाख भन्दा बढी राजस्व संकलन हुने गरेको छ ।

### ३.२.२.२ प्रमुख समस्या

वनक्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रुपमा योगदान पुग्नेगरी व्यवसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बीच योजनाबद्ध तरीकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन्यजनतुको अवैध चोरी शिकार तथा व्यापार, वन्यजन्तुको प्रकोप र मानव वन्यजन्तु द्वन्द्वलाई प्रभावकारी रुपमा नियन्त्रण एवं व्यवस्थापन गर्न नसक्नु, वन अतिक्रमण बढदै जानु, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आयको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, बाह्य मिचाहा झारको प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जँगलको अतिक्रमण तथा ह्रास हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु प्रमुख समस्या हुन् ।

### ३.२.२.३ चुनौती तथा अवसर

स्थानीय स्तरमा उपलब्ध वन, वनस्पति तथा जैविक विविधताको पूर्ण क्षमतामा सदुपयोग गर्नु, वन्यजन्तु लगायत जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापनका कार्य र भौतिक एवं आर्थिक विकासबीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु, यस क्षेत्रबाट उत्पादित वस्तु तथा सेवाहरुको विस्तार र तिनबाट प्राप्त लाभको वर्गीय, लैंगिक तथा सामाजिक रुपमा समन्यायिक बाँडफाँड गर्नु, वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु, अव्यवस्थित ढल निकास तथा फोहरमैला व्यवस्थापन गर्नु,, वातावरणमैत्री विकास हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, धुलो तथा धुँवाले वायु प्रदूषण, प्रविधि विकास सँगै रेडियोधर्मी वस्तुको उत्पादन, भूक्षय, वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु आदि प्रमुख चुनौती हुन् । आयआर्जन, रोजगारी, काष्ठ तथा गैर काष्ठ उत्पादन र निर्यात र कार्वन व्यापार, वन, जल उपयोग तथा वातावरण व्यवस्थापन स्थानीय अधिकारको सूचीमा रहनु, प्रकृतिमा आधारित पर्यापर्यटन सञ्चालन गर्नु, गापाकोअधिकांस भूभाग संरक्षित क्षेत्रभित्र रहेको, विकास निर्माणका कार्यमा वातावरणीय मूल्याङ्कनको व्यवस्था हुनु, आदि अवसरहरु रहेका छन् ।

### ३.२.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

वन तथा वातावरण क्षेत्रको दिगो व्यवस्थापन र उपोभगबाट सम्वृद्धि र सुखमा योगदान तथा स्थानीय नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार

**लक्ष्य**

वनजन्य उद्यम तथा पर्यापर्यटनको विकास एवं वनजन्य वस्तु तथा सेवाको उत्पादनर वातावरणमैत्री विकासमार्फत अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने ।

**उद्देश्य**

1. स्थानीय स्तरमा वन क्षेत्रको उत्पादकत्व,उत्पादन बृद्धि तथा यस क्षेत्रमा उद्यमशीलता विकास गर्नु ।
2. स्थानीय स्तरमा वनको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्नु ।
3. गापामा संञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु ।
4. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।
5. प्रदूषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सवै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

**रणनीति**

1. सहभागितात्मक वन व्यवस्थापन गरी वस्तु र सेवाको विस्तार र विविधीकरण गर्ने ।
2. वनसम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु ।
3. वन, वनस्पति, वन्यजन्तु तथा जैविकविविधताको एकीकृत रुपमा संरक्षण र व्यवस्थापन गर्ने ।
4. वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने ।
5. उत्पादनमूलक उद्योगस्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय मूल्याँङ्कन गर्ने ब्यवस्था गर्ने ।
6. वातावरणमैत्री प्रविधि विकास तथा विस्तार गर्ने ।
7. विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने ।
8. नदी तथा तालजन्य प्रदूषण नियन्त्रण गर्ने ।
9. जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गर्ने ।

**कार्यनीति**

1. सामुदायिक वन व्यवस्थापन मार्फत वन नर्सरी, कृषि वन र वनजन्य उद्यम विकासमा जोड दिइने छ ।
2. खाली निजी/पाविारिक वन वा सार्वजनिक/सामुदायिक, सरकारी जग्गाहरुमा कृषिवनको विकास गरिनेछ ।
3. उत्पादनमा आधारित पर्यापर्यटन, काष्ठ फर्निचर लगायतका उद्योगमा लगाउने वातावरण निर्माण गरिने छ ।
4. वस्ती नजिकको पहिरो तथा क्षतिग्रस्त भूमिहरुको पुनरुत्थानको लागि कम खर्चिलो प्रविधि र कृषि वन प्रणालीको विकास गरिने छ ।
5. नदीजन्य बन पैदावर, ढुङ्गा, गिटी आदि वस्तुहरुको उत्खण्डन, संकलन, प्रशोधन, ओसार पसार र विकि वितरणलाई नियमन गरी व्यवस्थित एवं दिगो बनाइने छ ।
6. वन अतिक्रमण्म, चोरी निकासी, वन डढेलो जस्ता अपराधलाई निरुत्साहन र मिचाहा बाह्य प्रजाति (Invasive species)को नियन्त्रण गरी वन ह्रासलाई रोकिनेछ ।
7. वातावरणीय मूल्याँकन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।
8. वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन गरिनेछ ।
9. वातावरण शिक्षा तथा प्रचारप्रसार स्थानीय तहसम्म गरिनेछ ।
10. वनले ढाकेको क्षेत्रफलमा वृद्धि कायम गरिनेछ ।
11. वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।
12. पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गरिनेछ ।

### ३.२.२.५ प्रमुख कार्यक्रम

1. वन व्यवस्थापन कार्ययोजना निर्माण
2. वन नर्सरी स्थापना र संचालन
3. सामुदयिक वृक्षारोपण अभियान
4. मानव वन्यजन्तु द्धन्द व्यवस्थापन
5. जडीबुटी संकलन तथा खेती विस्तार
6. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन
7. पहिरो तथा भु-क्षय नियन्त्रण
8. बायोईन्जिनियरिङ्ग कार्यकम
9. जडिवुटी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम
10. खनिज पदार्थ सम्भाव्यता अध्ययन ।

### ३.२.२.६ अपेक्षित उपलब्धी

वन क्षेत्रको वृद्धि भएको हुनेछ । वन उद्यम तथा वन पैदावरको व्यवसायीकरण भै आयआर्जनमा वृद्धि भै जीविकोपार्जनमा सुधार आएको हुनेछ । यो योजनाको अवधिको अन्त्य सम्ममा लोपोन्मुख, संकटापन्न र जोखिममा परेका प्रजाति/वनस्पतिको संरक्षण भएको हुनेछ । वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताहरुको संरक्षण भै पर्यापर्यटनको प्रवर्द्धन भएको हुनेछ । वायु प्रदूषण हानिकारक तहभन्दा कम रहनेछ । वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । प्राकृतिक स्रोतको पूर्ण रुपमा संरक्षण भएको हुनेछ । खाली जग्गामा वृहत् वृक्षारोपण गरी वनले ढाकेका क्षेत्रमा वृद्धि भएको हुनेछ ।

## ३.३ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ३.३.१. उद्योग

### ३.३.१.१ पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको प्रमुख आधार स्तम्भ हो । औद्योगिक विकासले रोजगारी सिर्जना, वस्तु र सेवाको मूल्य अभिवृद्धि, आवश्यक वस्तु तथा सेवाको उपलब्धता गर्न सहयोग पुऱ्याउँदछ । मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार स्तम्भको रुपमा औद्योगिक विकास रहेको हुन्छ । कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान् बेरोजगारी, अर्ध बेरोजगारी तथा गरीबी कम गर्न औद्योगीकरणको महत्वपूर्ण भूमिका रहन्छ । ग्रामीण क्षेत्रमा कृषि एवं स्थानीय साधन स्रोतमा आधारित उद्योग तथा शहरी क्षेत्रमा औद्योगिक क्षेत्रहरुको स्थापना र विकास गरी राष्ट्रको औद्योगिकरणमा टेवा पुऱ्याउनु आजको प्रमुख आवश्यकता रहेको छ । नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिइएको छ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रशस्त गर्ने, औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, निर्यात प्रबर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरुको प्रबर्द्धनको माध्यमबाट गरीबी न्यूनीकरण गर्नेतर्फ गापाको यस योजनाको जोड रहनेछ । त्यसरी नै भूमि, पुंजी र श्रम उत्पादनका मुख्य तत्व हुन् भने उद्यमशीलता उत्पादन प्राप्त गर्ने सीप हो । परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भएपनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुर्याउँछ । सिर्जनशिल सोच, उपयुक्त वातावरण र सामूहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलता स्वरोजगार हुने एक सोच र कार्य हो ।

### ३.३.१.२ प्रमुख समस्या

स्थानीय स्तरमा साना तथा मझौला उद्योगहरूको विकासको लागि चाहिने पूँजीको अभाव रहनु, उद्योग स्थापनाको लागि चाहिने यातायात, सञ्चार र बिजुली जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता, साना तथा मझौला उद्योगका लागि चाहिने सीपमूलक र दक्ष जनशक्तिको अभाव रहनु, उत्पादित वस्तुहरू कम गुणस्तरीय हुनु र प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग व्यापार व्यावसायिक भन्दा पनि बढी कमिसनमुखी रहनु, सार्वजनिक क्षेत्रले संञ्चालन

गर्ने तालिम कार्यक्रमलाई उद्यमसँग जोड्न नसक्नु, उद्यमीहरूलाई शुरु गरेको उद्यममा टिकाइ राख्ने वातावरण जस्तै सम्मान र प्रोत्साहनको अभाव हुनु, बजारको सहज पहुँच नहुनु, वितीय क्षेत्रबाट गरिने लगानी उद्यम विकास गर्नमा कम हुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ३.३.१.३ चुनौती तथा अवसर

पर्यटन व्यवसाय र स्थानीय जनताले खपत गर्ने खाद्य पदार्थ गाउँपालिका भित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढवा दिनु, औद्योगिक उत्पादनमा गुणस्तरीयता कायम गर्नु, औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु, सञ्चालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु, मौजुदा उद्योगलाई रूग्ण हुनबाट जोगाउनु, नयाँ प्रविधिको प्रयोग गरी स्थानीय उद्योगलाई प्रतिस्पर्धी बनाउनु, औद्योगिक क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु, तालिममा सिकेको सीपलाई उद्यमसँग आबद्ध गराउनु, उद्यमीहरूलाई वित्तीय पहुँच बढाउनु, उद्यमीहरूले नयाँ प्रविधिहरूको प्रयोग गर्नु, लगानी बढाउनु, नाफामूलक क्षेत्रको पहिचान गर्नु, उद्यमशील संस्कृतिको विकास गर्नु उद्यमीले उत्पादन गरेका वस्तुहरू बजारमा प्रतिस्पर्धा गर्न नसक्नुयस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सिर्जना हुँदै जानु, गैर आवासीय नेपालीहरूलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना बढ्नु, श्रम सम्बन्धमा सुधार हुनु, पूर्वाधार निर्माणमा सरकारको लगानी बढ्दै जानु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकास र विस्तार हुनु र शिक्षित एवम् सीपयुक्त जनशक्ति स्वदेशमै तयार हुँदै गएको कारणले उत्पादकत्व र उत्पादनमा वृद्धि हुन सक्ने सम्भावनाहरू विद्यमान हुनु, आयमा भएको बृद्धि सँगै जनताको क्रयशक्ति बढ्दै जानुले घरेलु उत्पादनको बजार विस्तार हुनु, गैर नेपाली नागरिकहरूले लगानी गर्न चाख व्यक्त गर्नु, बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनहरूको माग क्रमशः बढ्दै जानु, बैंक तथा वित्तीय संस्थाका शाखाहरूस्थानीय तहमा पुग्नु, उद्यमशील संस्कृति क्रमिक रुपमा विकास हुँदै जानु, व्यक्तिहरू उद्यमशील हुन प्रयत्न गर्नु तथा आकर्षित हुनु, उद्यमीहरूवीचको एकता कायम हुनु, सक्रिय उमेरको जनसंख्याको अनुपात बढी हुँदै जान, अर्थतन्त्र सुदृढीकरणमा साना तथा मझौला उद्योगको योगदान बृद्धि हुदै जानुआदि औद्योगिक तथा उद्यमशिल विकासका अवसरहरू हुन् ।

### ३.३.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

उद्योग तथा उद्यमशिल क्षेत्रका विकास, दिगो अर्थतन्त्र निर्माणको आधार

**लक्ष्य**

स्थानीय स्तरमा उद्योग क्षेत्रको विकास र विस्तार तथा नयाँ सीपको विकास र प्रविधिको प्रयोग गरी आय तथा रोजगारी वृद्धि गर्ने

**उद्देश्य**

1. उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्रार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
2. उद्योग क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।
3. आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुऱ्याउनु ।
4. नागरिकमा उद्यमशीलताको विकास गरी स्थानीय तहमा औद्योगिकीकरण गर्नु ।

**रणनीति**

1. स्थानीय स्रोत साधनमा आधारित थोरै पूँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको स्थापना, संरक्षण र संबर्द्धन गर्दै उत्पादन र गुणस्तर वृद्धि गरी आय तथा रोजगारीका अवसर सिर्जना गर्ने ।
2. प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका उद्योगहरूको स्थापनामा जोड दिई निर्यातयोग्य वस्तुको उत्पादनलाई प्रोत्साहन गर्ने ।
3. घरेलु उद्योगको संरक्षण र प्रबर्द्धन गर्ने ।
4. उद्यमशीलताको विकास गर्न नीतिगत तथा संस्थागत सहजीकरण गर्ने ।
5. उद्यम संञ्चालन गर्दा नवीन र वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गर्ने ।

**कार्यनीति**

1. स्थानीय स्रोत/सीपको उपयोग गरी लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन गरिनेछ ।
2. विभिन्न निकाय तथा सहयोगी निकायसँग समन्वय गरी क्षमता विकास गरिनेछ ।
3. स्थानीय स्तरमा औद्येगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
4. वन पैदावारमा आधारित उद्योगहरूको स्थापनामा जोड दिइनेछ ।
5. स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरी घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
6. नयाँ ज्ञान, सीप र प्रविधिको प्रयोगमा उद्यमीको पहुँच विकास गरिनेछ ।
7. उद्योग संञ्चालनमा युग सुहाँउदो वातावरणमैत्री प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
8. परम्परागत सीपको प्रयोग गर्ने उद्यमीलाई संरक्षण र प्रोत्साहन दिइनेछ ।

#### ३.३.१.५ प्रमुख कार्यक्रम

1. उद्यम व्यवसाय संचालनका लागि स्थानीय आवश्यकता अनुरुपको नीति निर्माण
2. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना सहायता कार्यक्रम
3. स्थानीय उद्योग दर्ता तथा नियमित अनुगमन
4. उद्यमीहरूका लागि तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम
5. उद्यमीहरुलाई वित्तीय सहयोग
6. महिलाहरुका उद्यमशीलता विकास तथा कर्जामा पहुँच वृद्धि
7. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
8. उद्यम विकास योजना निर्माणमा सहजीकरण ।
9. उद्यमशीलताको विस्तार ।

#### ३.३.१.६ अपेक्षित उपलब्धी

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । गापामा उद्यमीहरुको संख्यामा बृद्धि भएको हुनेछ । स्थानीय स्तरमा संभाव्य क्षेत्रहरुमा लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापनभै निर्यात प्रवर्द्धन भएकोहुनेछ । स्थानीय स्तरमा उद्यमशील संस्कृतिको विकास भई स्वरोजगार बृद्धि भएको हुनेछ, गापाको अर्थतन्त्र विकासमा उद्यमशील जनशक्तिको योगदान बृद्धि भएको हुनेछ, बैंक तथा वित्तीय संस्था तथा सहकारीहरूले उद्यमशीलता विकासमा कर्जा प्रवाहको दर बृद्धि भएको हुनेछ, घरेलु सीपको संरक्षण तथा नवीनतम प्रविधिको उपयोग उद्यमीहरूले गरेका हुनेछन् ।

### ३.३.२. वाणिज्य तथा आपूर्ति

#### ३.३.२.१ पृष्ठभूमि

वाणिज्य क्षेत्रको विकास र विस्तारले वस्तु तथा सेवाको सहज आपूर्ति गर्न मद्दत गर्दछ । उत्पादित वस्तु तथा सेवाको निर्यातबाट आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमार्फत् आयात प्रतिस्थापन एवम् तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रको पहिचान, विकास र विस्तार गर्दै व्यापार तथा वाणिज्य क्षेत्रलाई थप सबल बनाउन यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ । विकसित हुँदै गएको पर्यटन व्यवसायको लागि आपूर्ति व्यवस्था, सरल, सहज, भरपर्दो र विश्वसनीय हुन आवश्यक देखिन्छ । आपूर्ति व्यवस्था असहज हुने बित्तिकै पर्यटन व्यवसायमा पनि नकारात्मक असर पर्दछ । आपूर्तिसँग प्रत्यक्ष सरोकार राख्ने मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई समेत व्यवहारिक रुपमा अंगिकार गर्दै जाने सन्दर्भ आपूर्ति व्यवस्थालाई प्रभावकारी संयन्त्रको र प्रणालीको व्यवस्था गर्न जरुरी छ । स्थानीय स्तरमा नियमित सर्वसुलभ र सहज रुपमा गुणस्तरीय अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति हुने वातावरण सृजना गर्न तथा उपभोक्ता हित संरक्षण गर्नु आवश्यक छ । नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ । राज्यले एकातिर प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्रमार्फत् आपूर्ति व्यवस्थापन गर्नुपर्दछ भने अर्कोतिर सामाजिक न्याय र राज्यको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु राज्यको महत्वपूर्ण जिम्मेवारी हो ।

### ३.३.२.२ प्रमुख समस्या

स्थानीय स्तरमा व्यापार वाणिज्य सम्बन्धी क्षेत्रगत तथ्याङ्क तथा सूचना नहुनु, आयात प्रतिस्थापन हुने वस्तुको आन्तरिक उत्पादनमा कमी हुनु, पेट्रोलियम पदार्थको बढ्दो माग भई आयातमा वृद्धि हुनु, प्रतिस्पर्धात्मक क्षमतामा सुदृढीकरण हुन नसक्नु आदि वाणिज्य क्षेत्रका समस्याहरू हुन् । स्थानीय तहमा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी कुनै विशेष नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताको लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधि, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, खानेपानी, पाठ्य सामाग्री आदिको उपलब्धताको अवस्थाको बारेमा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलब्ध नहुनु, भौगोलिक विकटता भएका ठाउँमा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धता, वितरण र ढुवानीमा कठिनाई हुनु जनहित हुने गरी बजार सञ्चालन र व्यवस्थापन हुन नसक्नु, स्रोत साधनको अभाव हुनु जस्ता आपूर्ति सम्बन्धी समस्याहरू विद्यमान रहेका छन् ।

### ३.३.२.३ चुनौती तथा अवसर

स्थानीय तहमा तुलनात्मक रुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान तथा उत्पादन गरी बजारको खोजी गर्नु, निर्यात हुने वस्तु तथा सेवाको गुणस्तर परीक्षण, प्रमाणीकरण, लेबलिङ र प्याकेजिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्नु, औद्योगिक ग्रामहरूको पहिचान तथा विकास गरी सञ्चालनमा ल्याउनु, उत्पादन क्षेत्रलाई मागअनुरूप पर्याप्त मात्रामा ऊर्जा उपलब्ध गराउनु, आत्मनिर्भर हुनसक्ने कृषिजन्य उत्पादनका साथै विलासिताका वस्तुहरूको आयात निरुत्साहित गर्नु, आयात हुने वस्तुहरूको प्रदेशमा नै उत्पादन बढाउनु, व्यापार बढाउन पर्याप्त पूर्वाधार विकास गर्नु, व्यापारलाई प्रतिस्पर्धी र व्यापक बनाउन वस्तुगत व्यापार विविधीकरण गर्नु, निर्यात व्यापार वृद्धि गर्नु आदि वाणिज्य क्षेत्रका चुनौतीहरू हुन् । आपूर्ति व्यवस्था सहज र सरल बनाउनको लागि चाहिने प्रष्ट नीति, ऐन, नियम र कार्यविधि बनाई आपूर्ति व्यवस्थामा बीचौलिया प्रथा कम गर्नु, आपूर्ति व्यवस्थामा निजी क्षेत्रको भूमिका प्रभावकारी बनाउनु, बढ्दो जनसंख्या तथा न्यून आय भएका व्यक्तिलाई अत्यावश्यक सामानहरू र गुणस्तरीय बस्तु उपलब्ध गराउनु, भौगोलिक अवस्थाका कारण ढुवानीमा आपूर्तिको व्यवस्था गर्न आपुर्ति सम्बन्धी अन्य चुनौतीहरु रहेका छन् ।

राजनीतिक स्थिरता, आर्थिक वृद्धिबाट व्यापारका क्षेत्रमा स्थानीय तहले लाभ लिन सक्ने अवस्था रहनु, सम्पूर्ण मूल्य श्रृङ्खला मात्र नभई खण्ड-खण्डको उत्पादन र व्यापारलाई प्राथमिकतामा राखिनु, स्वदेशी तथा वैदेशिक लगानीकर्ताहरू थप आकर्षित हुँदै जानु, विभिन्न तहबीच एकरुपता तथा समन्वय कायम हुनु, निजी क्षेत्र तथा सहकारी क्षेत्रको सहभागिता, वजार व्यवस्थापनमा अनुगमन तथा मूल्याकंनको प्रभावकारिता बढ्नु, व्यापारी तथा उपभोक्तामा सचेतना बढ्नु, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु, जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जाको उत्पादन हुनु, वैज्ञानिक कृषि प्रणाली अवलम्वन गर्ने प्रयास हुनु, र सुचना प्रविधिको विस्तार र विकास हुनु, आदि वाणिज्य तथा आपुर्ति क्षेत्रका लागि अवसरहरू हुन् ।

### ३.३.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

वाणिज्य र आपूर्ति क्षेत्रका विकास, दिगो आर्थिक र सहज आपुर्ति विकासका आधार

**लक्ष्य**

स्थानीयतहमा अत्यावश्यक गुणस्तरीय वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्तिको व्यवस्था गर्ने

**उद्देश्य**

1. वाणिज्य सम्बद्ध संरचना, पूर्वाधार एवम् आधारको निर्माण गरी स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीपको बढी प्रयोग गर्दै वस्तुको उत्पादन तथा विकास गरी व्यापार प्रवर्द्धन गर्नु ।
2. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।
3. अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमित रुपमा आपूर्ति हुने व्यवस्था मिलाउन आवश्यक संरचना निर्माण गर्नु ।
4. गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित तथा नियमित गर्नु ।

**रणनीति**

1. वाणिज्य सम्बद्ध संरचना, पूर्वाधार एवम् आधारहरूको निर्माण गर्ने क्षमता सुदृढीकरण गर्ने ।
2. व्यापार तथा वाणिज्यको प्रवर्द्धन मार्फत् ग्रामीण तहसम्म रोजगारीको विस्तार गर्ने ।
3. तुलनात्मक वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्ने ।
4. आपूर्ति व्यवस्था प्रभावकारी बनाउन वस्तु तथा सेवाको लागत मूल्य र आपूर्ति अनुगमन प्रणाली तथा अनुगमन संयन्त्रको व्यवस्था गर्ने ।
5. आपूर्ति व्यवस्थालाई सहज तथा प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।
6. आपूर्ति व्यवस्थापनलाई सहज बनाउन उत्पादन हुने बस्तु तथा सेवाको उत्पादन गाउँपालिका भित्रै गर्न प्रोत्साहन गर्ने ।

**कार्यनीति**

1. वस्तु तथा सेवा व्यापार गर्ने निकायहरूबीच प्रभावकारी समन्वय गरिनेछ ।
2. विद्यमान श्रम शक्तिको सीप तथा क्षमता अभिवृद्धि गरी उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।
3. खाद्य वस्तुहरूको गुणस्तरीयता सुनिश्चितताको लागि अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ ।
4. उत्पादन आयात निर्यात र बिक्री मूल्य सम्बन्धी सूचना प्रवाह गर्ने प्रणाली विकसित गरिनेछ ।
5. उत्पादक, आयातकर्ता, सञ्चयकर्ता, वितरक र थोक विक्रेताहरूले बिक्री गर्ने बस्तुको सञ्चय र भण्डारण स्थितिको विवरण लिने प्रणालीको विकास गरिनेछ ।
6. आन्तरिक आवश्यकता पूर्ति गर्ने र निकासीजन्य कृषि तथा औद्योगिक वस्तुको उत्पादन क्षमतामा वृद्धि गर्ने कार्यमा सघाउ पुर्‍याइनेछ ।
7. वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सो सम्बन्धी कार्य गर्न अन्य सहकारी संघ संस्थाको व्यवस्था गरिनेछ

#### ३.३.२.५ प्रमुख कार्यक्रम

1. व्यापार बजार सूचना र निगरानी केन्द्रको स्थापना
2. ब्राण्डीङ्ग, प्याकेजिङ्ग र लेवलिङ्गमा अनुदान सहयोग
3. मल, वीऊ तथा अन्य कृषि सामाग्रीको सहज आपूर्ति व्यवस्था
4. सहकारी तथा सूपथ मूल्य पसल स्थापना र सञ्चालन
5. उपभोक्ता जागरण तथा सचेतना तालिम
6. नियमित आपूर्ति व्यवस्थापन तथा वजार अनुगमन
7. आपतकालीन व्यवस्थाको लागि अत्यावस्यक खाद्य वस्तु तथा सामग्रीको भण्डारण ।

#### ३.३.२.६ अपेक्षित उपलब्धी

योजनाको अन्तमा वस्तु तथा सेवा निकासीको वृद्धि भएको हुने, स्थानीय तहको कुल ग्राहस्थ्य उत्पादनसँग व्यापार तथा वाणिज्यको अनुपात वृद्धि भएको हुनेछ । योजनाको अन्तमा संस्थागत संरचनाको व्यवस्था भई अनुगमन तथा नियमन प्रभावकारी भएको हुने, स्थानीय तह, सार्वजनिक संस्थान, निजी सहकारी तथा गैससको समन्वय र सहकार्य भई अत्यावश्यक वस्तु तथा सेवाहरूको आपूर्ति व्यवस्थाको सुनिश्चितता कायम भएको हुने, स्थानीय स्तरमा खाद्य सुरक्षाको सुनिश्चितताको लागि आवश्यक पूर्वाधारहरू गोदामको व्यवस्था भएको हुने र उपभोक्ताहरूमा सचेतना अभिवृद्धि भएको हुने ।

### ३.३.३. पर्यटन

#### ३.३.३.१ पृष्ठभूमि

भीमफेदी गाउँपालिका असीमित पर्यटकीय संभावनाहरु भएको गाउँपालिका हो । समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रुपमा अपेक्षा गरिएको पर्यटन क्षेत्र यस गाउँपालिकाको समृद्धिको एक प्रमुख सम्वाहक हो । यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले प्रदेशको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका

अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । पर्यटकहरूको आकर्षणको केन्द्र रहेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापनमार्फत् दिगो रुपमा स्थानीय अर्थतन्त्रको आधारशीला तयार पार्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

गाउँपालिका क्षेत्रमा त्रिखण्डी मन्दिर पार्क पिकनिक क्षेत्र, जरुङ्गटार पशुपति मन्दिर जात्रा, किटिनि पशुपति मन्दिर, कैदाश गुम्वा, जालेश्वरी गुफा, याङग्राङ्ग खोला लामा ड्रुक्पा गुफा, सिद्ध पोखरी-पाण्डव पोखरी, पंचकन्या पशुपति, अजाजेश्वरी महादेव, भुमेश्वरी सिरुटार, याङग्राङ्ग चुनिया गुम्वा, ऋषेश्वर गुफा (दमार), जलेश्वर गुफा (सुपिङ्ग) लगायतका धार्मिक/सांस्कृतिक क्षेत्रहरु रहेका छन । त्यसैगरी दृश्यावलोकन पर्यटनका लागि (छुरे धार, माने डाँडा, वुर्जा लेक, १ नं. मच्छेवास ल्होसार डाँडा, हर्रो भञ्याङ्ग डाँडा(मधुवन, तपोवन, टोड्के चौर, वल डाँडा थुम्को , थाम्को लेक डाँडा, माण्डु हाइड्रो पावर, चमेरो गुफा, याङग्राङ्ग, हर्रो भञ्याङ्ग डाँडा (मधुवन, तपोवन), जुरथुम भ्यू टावर, चिसापानी गढी क्षेत्र, हात्तिसार, एक खण्डी माहादेव स्थान, कुलेखानी प्रथम पावर हाउस (घोर्सिङ्ग), चन्द्र समशेर कालिन दरवार (प्रा.स्वा.केन्द्र रहेको स्थान) नेपालको दोश्रो हस्पिटल, मह ढुङ्गा लगायतका क्षेत्रहरु अवस्थित छन भने मनोरञ्जन तथा प्राकृतिक पर्यटनका लागि (केरावारी पार्क, सानुटार, डुम्रेकुना पिकनिक स्थल, कोगटे खोला प्राकृतिक पौडि पोखरी एंव झरना, धार्के खोला प्राकृतिक माछापालन स्थल, सुँगुरे छांगो झरना, लाप्पाकोल काप्लाङ्ग गुफा, मैत्री वगैचा पर्यटकिय क्षेत्र (७५ हेक्टरमा निर्माणाधिन, वार्षिक १ लाख आन्तरीक तथा वाह्य पर्यटक भित्रिने), जुरथुम डाँडा (गा.पा.वाट भ्यू टावर प्रस्तावित), देउराली डाँडा, ,रानिपोखरी वरदेउ, त्रिवेणी, वासुकी धाम क्षेत्र, लाम चौर क्षेत्र, भोर्ताङ्ग डाँडा, रुम्वा भिलेज अर्गानिक होम स्टे (टोड्के डाँडा), हात्तिसुँडे पर्यटकिय क्षेत्र लगायतका पर्यटकीय स्थलहरु छन् । त्यसै गाउँपालिका क्षत्रेत्रमा जल पर्यटनको लागि संभावना युक्त क्षेत्र, कृषि पर्यटन (गाँजर, केराबारी, आलु पकेट क्षेत्र) दृश्यावलोकनकाको समेत सम्भावना देखिन्छ ।

गाउँपालिका क्षेत्रमा सुविधा सम्पन्न ३ वटा पर्यटकीय स्थल, एउटा व्यवस्थीत होमस्टे रहेका छन् । गाउँपालिकामा वार्षिक करिब ५० हजार आन्तरिक र ५ हजारको हाराहारीमा वाह्य पर्यटक भित्रिने अनुमान छ ।

### ३.३.३.२ प्रमुख समस्या

पर्यटन सम्बन्धी स्थानीय संरचना विस्तार नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको सहकार्य नहुनु, पर्यटकस्तरीय होटेल नहुनु, पर्यटकीय गन्तव्यस्थल तथा सम्पदाको संरक्षण, सुरक्षा तथा पूर्वाधार अभाव, सडक सञ्जालको विस्तारसँगै पदमार्गमा गरिने पदयात्राको समय अवधि छोटिनु, विनाशकारी भूकम्पबाट क्षतिग्रस्त पर्यटकीय गन्तव्य तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण ढिलो हुनु, पर्यटकका लागि न्यूनतम मापदण्डका होटेल पर्याप्त मात्रामा नहुनु, पर्यटकीय सेवा तथा गन्तव्यको विविधीकरण नहुनु, आन्तरिक पर्यटक भित्र्याउने बजार नीति विकासनहुनु पर्यटन क्षेत्रका समस्याहरू हुन् ।

### ३.३.३.३ चुनौती तथा अवसर

पर्यटकहरूको वैज्ञानिक र पूर्ण अभिलेख राख्नु, पर्यटकीय स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्नु, पर्यटक कृयाकलापमा विविधीकरण गरी प्रतिपर्यटक दैनिक खर्च रकम बढाउनु, पदमार्गहरूमा पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नु, पर्यटन क्षेत्रका साझेदारसँग कुशल तथा प्रभावकारी समन्वय गरी पर्यटन पूर्वाधार विकासमा पर्याप्त लगानी बढाउनु, पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्नु, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिनु र पर्यटन क्षेत्रको लाभको समन्यायिक वितरण गर्नु, पर्यटकीय उपजहरूको बारेमा प्रचारप्रसार गर्नु, पर्यटन क्षेत्रको दिगो विकास तथा व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

गाउँपालिकाले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, गाउँपालिकामा अद्वितीय पर्यटकीय क्षेत्रहरू रहनु, जैविक विविधता, स्थानीय तहको सहजीकरण तथा समन्वयमा सामुदायिक होमस्टे सञ्चालनको माहोल सिर्जना हुनु, मध्यम आयवर्गको तीव्र वृद्धि हुनु, पर्यटन पूर्वाधार विकासमा प्रदेश तथा स्थानीय तहको सरकारको जोड रहनु, निजी क्षेत्र र समुदायको पर्यटन क्षेत्रमा चासो र लगानी वृद्धि हुँदै जानु, पर्यटन पूर्वाधार निर्माणमा सवै क्षेत्रको चासो वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ३.३.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्थानीय समृद्धिको आधार, पर्यटनको दिगो विकास

**लक्ष्य**

दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र सुदृढ गर्ने

**उद्देश्य**

1. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।
2. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन गर्नु ।
3. पर्यटनमार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु ।

**रणनीति**

1. पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी पर्यटनको स्थानीय अर्थतन्त्रमा पर्यटनको सम्बन्ध सुद्दढ गर्न प्रोत्साहन गर्ने ।
2. आकर्षक पर्यटकीय गन्तव्यहरूमा सडक यातायात, पदमार्ग लगायतका पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने गरी विकास गर्ने ।
3. पर्यटकीय बस्तु तथा उपजहरूको व्यापक प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने ।
4. पर्यटकको बसाई अवधि लम्ब्याउने र खर्च बढाउने वातावरणको निर्माण गर्ने ।
5. पर्यटन क्षेत्रबाट प्राप्त हुने आय र रोजगारीको लाभलाई न्यायोचित वितरण गर्न ग्रामीण पर्यटकीय गन्तव्यहरूको पहिचान गरी विकास तथा व्यवस्थापन गर्ने ।

**कार्यनीति**

1. पर्यटन व्यवसायीलाई आफ्ना होटेल तथा रेस्टुरेन्टहरूमा प्रयोग हुने खाद्य सामग्री आफै उत्पादन गर्न तथा स्थानीय उत्पादकसँग खरिद सम्झौता गरी प्राप्त गर्ने व्यवस्था गर्न प्रोत्साहन गरिनेछ ।
2. पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सघन सहकार्य गर्न स्थानीय सरकारले सहजीकरण गर्ने व्यवस्था गरिनेछ ।
3. स्थानीय पर्यटकीय गन्तव्यहरूमा पर्यटन पूर्वाधार विकास गरी पर्यटक आकर्षित गरिनेछ ।
4. पर्यटन गन्तव्य तथा वस्तुहरूको विज्ञापनको लागि वेबसाइट, प्रचारप्रसारका सामग्री तथा सामाजिक सञ्जालको प्रयोग व्यापक रुपमा बढाइनेछ ।
5. भ्रमण र यात्रा एजेन्सीहरूसँग सहकार्य गरी पर्यटकको बसाई लम्ब्याउने र आय बढाउने पर्यटन कनेक्टिभिटी सञ्जालहरू विकास गरी प्रर्वद्धन गरिनेछ ।
6. पदयात्रामा जाने पर्यटकको सुरक्षाको लागि पर्यटक उद्धार टिम गठन गरी क्रियाशील बनाइनेछ ।
7. पर्यापर्यटन, जल पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको सम्भावनाहरू एकीकृत गरी ग्रामीण पर्यटक प्याकेज विकास तथा प्रवर्द्धन गरी पर्यटक आकर्षण गरिनेछ ।

### ३.३.३.५ प्रमुख कार्यक्रम

1. पर्यटन गुरु योजना निर्माण
2. सुपिङ्ग ज्यामिरे झोलुङ्गे पुल बंजीजम्प सम्भाव्यता अध्ययन
3. पर्यटन पथ लगायत पूर्वाधारहरुका निर्माण तथा सुधार
4. पर्यटन सुचना केन्द्रको स्थापना र सञ्चालन
5. पर्यटकीय स्थलहरुमा आधारित डकुमेन्ट्रीको निर्माण र प्रसारण
6. पर्यटक आगमनको अभिलेखिकरण र अद्यावधिकरण
7. भ्यूटावरहरुका निर्माण
8. होम स्टे पर्यटनको लागि अनुदान सहयोग ।

### ३.३.३.६ अपेक्षित उपलब्धी

यस योजनाको अन्त्यमा आन्तरिक तथा विदेशी पर्यटन आगमन सङ्ख्या उल्लेख्य रुपमा वृद्धि भएको हुनेछ । पर्यटन क्षेत्रबाट गापामा थप रोजगारी सिर्जना भएको हुनेछ । पर्यटन सम्वन्धि पूर्वाधारहरुका निर्माण भएका हुनेछन् । स्थानीय पर्यटन प्रवर्द्धनको लागि व्यापक प्रचार प्रसार भएको हुनेछ ।

## ३.४ बैक, वित्तीय संस्था र सहकारी सहकारी

### ३.४.१ पृष्ठभूमि

वित्तीय परिचालन विकास र सेवा प्रवाहको अपरिहार्य आधारशीला हो । नेपालको संविधानले सार्वजनिक, निजी तथा सहकारीक्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गरी राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिएको छ । संविधानले सहकारी सस्थालाई स्थानीयतहको अधिकार सूचीमा राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐनले सहकारी सम्वन्धि नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रभित्र सहकारीको दर्ता अनुमति र खारेजी र परिचालन, सहकारी सस्थाको क्षमता विकास, ऋण तथा सहकारी सस्थाको मापदण्ड निर्धारण र नियमन लगायत सहकारीताको प्रवर्द्धन सम्वन्धी महत्वपूर्ण अधिकार दिएको छ ।

हाल गाउँपालिकामा ८ वटा बैंक तथा अन्य वित्तीय संस्था र २९ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । महिलाद्धार संचालित सहकारी सस्थाको संख्या १२ वटा रहेको छ भने कृषि क्षेत्रमा सकृय रहेका १६ वटा सहकारीसंस्थाहरु छन् । सहकारी संस्थाहरुमा ९७८५ जना सदस्यहरु आवद्ध रहेका छन् । सहकारी संस्थाहरुको वार्षिक कारोबार करिब ३७ करोड र ३२ करोडको हाराहारीमा कर्जा लगानी रहेको छ ।

यसका अतिरिक्त विप्रेषण सम्बन्धी कारोवार गर्ने रेमिट्यान्स कम्पनी तथा वाणिज्य बैंकहरुले गाउपालिकामा रेमिट्यान्स लगायतका सेवा उपलब्ध गराएका छन्

### ३.४.२ प्रमुख समस्या

सहकारी क्षेत्रको प्रभावकारी अनुगमन र नियमन गर्न नसक्नु, सहकारीहरुलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, महंगो व्याजदर हुनु, विपन्न वर्गको बैंक तथा वित्तीय सस्था एवं सहकारीमा ऋणको पहुँच नपुग्नु, सहकारीहरुमा संकलित महिला वचतलाई आर्थिक व्यवसायमा परिचालन गर्न नसक्नु आदि समस्याका रुपमा रहेका छन् ।

### ३.४.३ चुनौति तथा अवसर

बैंकहरुको लगानी उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्नु, सहकारी सम्बन्धी नीति, कानूनलाई समय सान्दर्भिक बनाउनु, सहकारीहरुलाईससाना वचत परिचालनको माध्यम वनाउनु, सहकारीलाई उत्पादित वस्तुहरुको वजारीकरणमा आवद्ध गर्नु, सहकारी सस्थाहरुमा वित्तीय सुशासन कायम गर्नु, सहकारीमा विपन्न वर्गलाई समेटी आय आर्जन र स्वरोजगारीमा आवद्ध गर्नु आदि चुनौतिका रुपमा देखा परेका छन् ।

वैक तथा सहकारीहरुको राम्रो उपस्थिति हुनु, वचत र ऋण परिचालनको राम्रो सम्भावना रहनु, विभिन्न उत्पादन समूहलाई सहकारीमा आवद्ध गर्नु, सहकारी उद्योग, सहकारी खेती आदिमा जन अभिरुची वढ्दै जानु, महिला तथा विपन्न वर्गको वित्तीय पहुंच बढ्नु, ससाना बचतवाट पूँजी निर्माणको सम्भावना, रोजगारी वृद्धि आदि प्रमुख अवसर हुन ।

### ३.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

वित्तिय पहुँचमा सम्पूर्ण गाउँवासी

**लक्ष्य**

वित्तिय साक्षरता गर्दै सबैमा वित्तिय पहुँच पु¥याउने

**उद्देश्य**

वित्तीय पहुंच वढाई आर्थिक अवसरमा वृद्धि गर्नु ।

**रणनीति**

1. वचत र ऋण प्रवाहलाई प्रभावकारी बनाउने ।
2. सहकारीलाई आय आर्जन, स्वरोजगारी र गरिवी न्यूनीकरण क्षेत्रमा उपयोग गर्ने ।
3. सहकारीहरुको तथ्यांक संकलन र अद्यावधिक गर्ने ।
4. गापामा रहेका सहकारीहरुको क्षमता विकास गर्ने ।

**कार्यनीति**

1. बचतलाई प्रोत्साहन गरी पुँजी निर्माण गर्न सहजीकरण गरिनेछ ।
2. बैंक तथा वित्तीय क्षेत्रको लगानीलाई वढी उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।
3. गाउँबासीलाई बैंक तथा वित्तीय सस्थामा खाता खोल्न प्रोत्साहन गरिनेछ ।
4. वित्तीय तथा ऋण सहकारीको लगानीको व्याजदर र वचतको व्याजदरको फरकमा कमी गर्न पहल गरिनेछ ।
5. सहकारी सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्थामा समयानुकुल परिमार्जन गरिनेछ ।
6. सहकारीमा विविध वचतका स्किम ल्याई ससाना बचत संकलनलाई घरघरमा अभियानको रुपमा संचालन गरिनेछ ।
7. महिला वचत, वाल वचत, विपन्न वचत, ज्येष्ठ नागरिक वचत आदि विभिन्न स्किमहरुवाट सम्वन्धित वर्गको वचत गर्ने क्षमताको विकास गरिनेछ ।
8. सहकारीको लगानीलाई निम्न तथा विपन्न, महिला तथा पिछडिएका वर्गमा लक्षित गरिनेछ ।
9. सहकारी सस्थालाई कृषि, पर्यटन, साना तथा घरेलु उद्योग आदि जस्ता वढी उत्पादनशील र स्वरोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।
10. सहकारी कृषि, पशुपालन, सहकारी उद्योग आदिलाई प्रोत्साहन गरिनेछ ।
11. सहकारी सस्थालाई उत्पादित वस्तुहरुको वजारीकरण गर्न प्रोत्साहन गरिनेछ ।
12. युवा वर्ग तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उनीहरुको ज्ञान सीपमा आधारित व्यवसाय संचालन गर्न सहुलियत ऋण प्रदान गरिनेछ ।
13. सहकारी सस्थाहरुको नियमित अनुगमन गरिनेछ र उनीहरुको कार्यका आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गरिनेछ ।
14. सहकारी सस्थाको व्यवस्थापन क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ ।

### ३.४.५ प्रमुख कार्यक्रम

1. उद्यमशिलता विकास तालिम
2. सहकारीहरुलार्य कोपोमिस तालिम
3. सहकारी शिक्षा तालिम
4. सहकारी संस्थाहरुको तथ्यांक संकलन तथा डाटावेस निर्माण तथा अद्यावधिक
5. उत्कृष्ट सहकारी संस्थालाई पुरस्कार
6. प्राथमिकता क्षेत्रमा लगानी गर्न वित्तीय सस्थासंग समन्वय

7. सहकारी बुलेटिन प्रकाशन
8. सहकारी सस्थाहरुलाई अध्ययन भ्रमण तथा क्षमता विकास
9. सहकारीहरुको प्रभावकारी अनुगमन र नियमन ।

### ३.४.६ अपेक्षित उपलब्धी

बाणिज्य बैंक तथा वित्तीय सस्थाको संख्यामा बृद्धि भएको हुने, सहकारी सस्थाहरुले क्षमता अभिवृद्धि भई सवै वडाहरुमा वित्तिय कारोबारमा वृद्धि हुने, बैंक तथा वित्तीय सस्था र सहकारीको लगानी वढी उत्पादनशील क्षेत्रमा प्रवाह भएको हुनेछ ।

समग्र विकासका विभिन्न आधारहरु मध्ये सामाजिक विकास एक महत्वपूर्ण आधार हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसंख्यक, युवा तथा खेलकूद, खानेपानी, सरसफाइ तथा फोहरमैला व्यवस्थाप र सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाईसंग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा भीमफेदी गाउँपालिकाले निर्धारण गरेको उद्देश्य ***गाउँवासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्यायपूर्ण समाजको निर्माण*** गर्ने रहेको छ । यस भीमफेदी गाउँपालिकाले विगतमा संचालन गर्दै आएका सफल सामाजिक विकासका कार्यहरुलाई निरन्तरता दिदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरुलाई अगाडी बढाईनेछ । यस सामाजिक क्षेत्र अन्तर्गतका विषयहरुलाई यस परिच्छेदमा समेटिएको छ ।

## ४.१ जनसंख्या तथा बसाईसराइ

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले जनसंख्या व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा राखेको छ । समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवन यापनको लागि अवसरको बृद्धि गर्न जनसख्या सम्बन्धी दीर्घकालीन योजना, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका कार्ययोजना, दिगो विकास लक्ष्य र राष्ट्रिय जनसंख्या नीति २०७१ कार्यान्वयनमा रहेका छन् । संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको कार्य विस्तृतीकरणले जनसंख्या व्यवस्थापनलाई संघ र प्रदेशको साझा जिम्मेवारीका रूपमा लिएको छ भने व्यक्तिगत घटना सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको राष्ट्रिय कार्य सूचीमा पर्दछन् । त्यसैले जनसंख्या र वसाइँसराइ बहुसरोकारको विषय भएकाले सबै सार्वजनिक नीतिमा पहिलो प्राथमिकताका साथ व्यवस्थापन गर्नु महत्वपूर्ण मानिन्छ । जनशक्ति अर्थात् जनसंख्या विकासको परिचालक र प्रयोगकर्ताका साथै उत्पादक र उपभोक्ता समेत हो ।

नेपालको जनसंख्याको वार्षिक वृद्धिदर १.३५%, प्रजननशील महिलाको कुल प्रजनन दर २.३ प्रति महिला, जनसांख्यिक लाभांशको रुपमा रहको उत्पादनशील जनसंख्या ५७% र विदेशमा रहेका उत्पादनशील जनशक्ति ७.३ प्रतिशत रहेको छ । एकातिर प्रजनन दर घट्दै गएको, औसत आयुमा बृद्धि हुदै गएको र युवा जनशक्ति विदेशिने क्रम जारी छ भने अर्को तिर ज्येष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा रहेको छ । बाह्य तथा आन्तरिक बसाइँसराइ उच्च रहेको कारण जनसंख्याको वितरणमा असमानता बढ्दै गएकाले यसबाट आर्थिक उत्पादन र वितरणमा प्रभाव पार्न नदिन जनसंख्या र बसाइँसराइलाई अन्तर्सम्बन्धित विषयको रुपमा व्यवस्थापन गर्नु अपरिहार्य मानिन्छ ।

यस गाउँपालिकाको कूल जनसंख्या २३,३४४ (महिला १२,१९० र पुरुष ११,१५४) रहेको छ भने बसाईसराईको अवस्था सामान्य रहेको छ ।

### ४.१.२ प्रमुख समस्या

भौगोलिक विकटता र आधारभूत सेवाको अपर्याप्तताका कारण बसाइँसराइको समस्या बढेको, स्थानीय स्तरमा विकासको माग गर्ने सचेत र जुझारू युवाको अभाव हुँदा स्थानीय विकास कार्यक्रमहरूमा चासो र सहभागिता कम हुदै गएको, शिक्षा र रोजगारीको अवसरको कमीले गर्दा बसाइँसराइको अवस्था आएको, सहज बाटोघाटो, स्वास्थ्यको अभाव, बच्चा पढाउन सहर पस्ने प्रवृत्ति हावी जस्ता समस्या देखा पर्दछन् ।

### ४.१.३ चुनौति तथा अवसर

राष्ट्रिय नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा जनसांख्यिक सूचक र आर्थिक तथा भौतिक विकासका सूचकहरूबीच सन्तुलन कायम गरी उत्पादनशील जनशक्तिलाई रोजगारीका माध्यमबाट स्वदेशमै उपयोग गर्ने वातावरण निर्माण गर्नु, स्वदेशबाट विदेश र विदेशबाट स्वदेश आई बसोबास गर्नेहरूको समुचित व्यवस्थापन गर्नु, उच्चदरमा बढ्दो ज्येष्ठ नागरिकको जनसंख्याको व्यवस्थापन, स्वास्थ्य, शिक्षा, रोजगारी, खानेपानी जस्ता आधारभूत सुविधा सहितको एकीकृत वस्ति विकास गरी समानुपातिक विकास मार्फत आन्तरिक बसाइँसराइलाई व्यवस्थित गर्नु, युवा वर्गलाई स्थानीय स्तरमा नै स्वरोजगारमुलक कार्य गरी वस्न सक्ने वातावरण सिर्जना गर्नु, स्थानीय तहमा जनसाङ्खियक सूचना बैंकको निर्माण र विस्तार गर्नु चुनौतिहरु हुन् ।

जनसंख्या सम्बन्धी दीर्घकालीन योजना निर्माण, कुल जनसंख्यामा १५ देखि ५९ वर्ष उमेरका जनसंख्याको प्रतिशत उच्च जनसांख्यिक लाभको उच्चतम उपयोग गरी पालिकाको आर्थिक र सामाजिक विकासमा योगदान पुर्याउन सक्ने अवस्था रहनु, सानो तथा गुणस्तरीय परिवार, जनसंख्या र बसाइँसराइको व्यवस्थापन एवम् विकासलाई एक साथ लैजाने कार्य राज्यको उच्च प्राथमितामा रहनु, वैदेशिक रोजगारीबाट विप्रेषण एवम् सीपलाई राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी हुने अनुकूल वातावरण बन्दै जानु, पूर्वाधार विकास, हिमाल र पहाडी क्षेत्रमा साना शहर निर्माण, रोजगारीका अवसरको सिर्जना हुनु, एकीकृत बस्ति विकास लगायतका कार्यक्रमहरू मार्फत जनसंख्या र बसाइँसराइ व्यवस्थापनमा चासो बढ्दै जानु अवसरहरु हुन् ।

### ४.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

उत्पादनशील जनशक्तिको विकास

**लक्ष्य**

जनसंख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने

**उद्देश्य**

1. बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसांख्यिक लाभांशको सदपुयोग गर्नु ।
2. जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्नु ।

**रणनीतिहरू**

1. एकीकृत वस्तिको विकास गरी आन्तरिक वसाइँसराइ र शहरीकरणलाई व्यवस्थापन गर्ने ।
2. जनसांख्यिक लाभांश सदुपयोग गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सिर्जना गर्ने ।
3. जनसंख्या तथा वसाइँसराइ सम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाई अध्ययन, अनुसन्धान, सर्वेक्षण, प्रक्षेपण, विश्लेषण गरी जनसंख्या सूचनालाई व्यवस्थित गर्ने ।

**कार्यनीतिहरु**

1. आन्तरिक वसाइँसराइ व्यवस्थापन गर्न वडातहको आवश्यकता अनुसार जनशक्तिको नक्साङ्कन गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
2. सबै वडाहरूलाई शहरी पूर्वाधार सहितका यातायात तथा सूचना सञ्जालले जोडिनेछ ।
3. शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार निर्माणको समानुपातिक विकासमा जोड दिँदै रोजगारी र अन्य अवसरको सिर्जना गरिनेछ ।
4. जनसंख्या र बसाइँसराइ सम्बन्धी एकीकृत विकास प्याकेज तयार गरी कार्यान्वयन गरिनेछ ।
5. विकास आयोजना सञ्चालन पूर्व जनसांख्यिक प्रभाव मूल्याङ्कन गरिनेछ ।

6. जनसंख्या व्यवस्थापनका लागि विकास साझेदार, गैह्र सरकारी संस्था, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थासँगको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
7. मानव संसाधन विकासका लागि विस्तृत कार्ययोजना बनाई जनसांख्यिक लाभांशको सदुपयोग गरिनेछ ।
8. संगठित युवा जनशक्तिले आर्जन गरेको सीप, ज्ञान, क्षमता, संस्कृति तथा साधन स्रोतलाई उद्यमशीलता, रोजगार र व्यवसायिक कार्य मार्फत उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।
9. व्यक्तिगत घटना दर्ता प्रणालीलाई प्रोत्साहन गर्नुका साथै कानुनी रुपमा समेत् अनिवार्य गराइनेछ ।
10. पालिकामा राखिने तथ्याङ्कलाई प्रादेशिक सञ्जालसँग आबद्ध गरी जनसांख्यिक सूचना प्रणालीको विकास गरिनेछ ।
11. आन्तरिक र बाह्य बसाइँसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।
12. जनसंख्या र वसाईंसराइका विविध क्षेत्रमा हुने अध्ययन र अनुसन्धानहरूबाट प्राप्त निष्कर्ष पालिकाको नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग गरिनेछ ।

### ४.१.५ प्रमुख कार्यक्रम

1. पर्यटन, लघुउद्यम तथा साना उद्योग जस्ता युवा स्वरोजगार कार्यक्रम र तालिम
2. व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणाली विकास
3. जनसंख्या तथा बसाईंसराइ सम्बन्धी सचेतना कार्यक्रम

### ४.१.६ अपेक्षित उपलब्धी

गाउँपालिकाको जनसंख्याको विवरणलाई व्यवस्थित राखिएको र बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन भई जनसांख्यिक लाभांशको सदपुयोग भएको हुनेछ । जनसंख्या सम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गरिएको हुनेछ ।

## ४.२ शिक्षा

### ४.२.१ पृष्ठभूमि

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो र शिक्षा विकासको आधार हो । शिक्षा क्षेत्रको विकासले मर्यादित एवं परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार प्रदान गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हक प्रदान गरेको छ । राज्यका नीतिले शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै सक्षम प्रतिस्पर्धी र नैतिक बनाउने कुरा उल्लेख गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले यी अधिकारलाई विस्तृत व्याख्या गर्दै थप व्यवस्थित गरेको छ । नेपालमा शिक्षा मौलिक हक र नागरिक अधिकारका रूपमा स्थापित भएको छ । यस्तो नागरिक हक संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्व बनेको छ । शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको महत्वपूर्ण माध्यम मानिएको छ । स्थानीय सरकारको यस्तो दायित्व पूरा गर्नका निमित्त अन्य विविध पक्षका अतिरिक्त शिक्षा एउटा आधारभूत अवयव भएकाले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालीन नीति, योजना र कार्यक्रमको तर्जुमा पहिलो सर्त हो । तसर्थ, भीमफेदी गाउँपालिकाले शिक्षा क्षेत्रको योजना निर्माणको यस अभ्यासलाई अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यावहारिक र सर्वस्वीकार्य बनाउने प्रयास गरिएको छ ।
यस पालिकाको शैक्षिक स्तरमा माध्यमिक तह (९-१२) को खूद भर्नादर ७० प्रतिशत रहेको, आधारभूत तहसम्मको उत्तीर्ण दर ८० प्रतिशत रहेको, कक्षा ८ को सिकाई उपलब्धी र निरन्तरता दर क्रमशः ६० र ९० प्रतिशत, कक्षा १२ को निरन्तरता दर ८० प्रतिशत, बालमैत्री सिकाई विधि अवलम्वन गर्ने विद्यालय ७० प्रतिशत, वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय संख्या ५० रहेको, वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय संख्या २५ रहेका छन् । यसैगरी आइसिटि सेवा उपलव्ध भएको विद्यालय संख्या ८ र व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय ६ वटा रहेका छन् । यस पालिकाका १,६०० विद्यार्थीहरुले छात्रवृति सुविधा पाईरहेको, बाल क्लव

गठन भएको विद्यालय संख्या १३, दिवा खाजा प्रदान गर्ने विद्यालयहरु ४७ वटा रहेका छन् । यसैगरी शिक्षक विद्यार्थी अनुपात १:२० रहेको, सिटिइभिटिको सम्वन्धमा सञ्चालित प्राविधिक विद्यालय २ वटा रहेका छन् ।

### ४.२.२ प्रमुख समस्या

पर्याप्त जनशक्ति, उपयुक्त भौतिक पूर्वाधार लगायत आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन सामुदायिक विद्यालयहरूले गर्न नसक्नु वा नहुनु, बाल, लैङ्गिक र अपाङ्गमैत्री विद्यालय पूर्वाधारको अभाव, व्यवसायिक शिक्षाका लागि पूर्वाधार र जनशक्तिको अभाव, विद्यालयमा विद्यार्थीहरुको निरन्तरता हुन नसक्नु, शिक्षामा सूचना र प्रविधिको प्रयोग हुननसक्नु, शिक्षाप्रति अभिभावकको लगनशीलता प्रयाप्त नहुनु, स्थानीय विशिष्टता सहितको ज्ञान, सीप र प्रविधिको सम्भावना, विद्यार्थीको रुचि, आवश्यकता तथा अभिभावकको अपेक्षालाई पर्याप्त मात्रामा शिक्षाका पाठ्यक्रममा समेट्न नसक्नु, फरक परिस्थिति तथा विभिन्न आवश्यकता भएका नागरिक औपचारिक शिक्षा प्रणालीभित्र समेटिन नसक्नु, स्वआर्जित ज्ञान र सीपको मान्यता र जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्न नसक्नु, अनुसन्धान तथा खोजमूलक सिकाइ प्रणालीको न्यूनता, प्रविधिको प्रयोगमा कमी र योग्यता एवम् व्यावसायिक रूपमा दक्ष शिक्षकको अपर्याप्तता जस्ता मुख्य समस्या हुन् ।

### ४.२.३ चुनौती तथा अवसर

प्राविधिक एवं जीवनोपयोगी शिक्षाको विस्तार गर्नु, नैतिक शिक्षा दिनु, विद्यालयमा बाल, महिला र अपाङ्गतामैत्री पूर्वाधार विकास गर्नु, भर्नादर सतप्रतिशत पुऱ्याउनु, कक्षा छोड्ने दर शुन्य बनाउनु, नीजि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको फरकमा कमी ल्याउनु, निजी विद्यालय सञ्चालन प्रणालीलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्नु, विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै समाजको शिक्षाको विविध आवश्यकतालाई सम्बोधन गर्नु, बाल विकास केन्द्रहरुलाई विद्यालय शिक्षामा एकिकृत गर्नु आदि यस पालिकाको प्रमुख चुनौति हुन् ।

संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्थापित हुनु, माध्यमिक शिक्षासम्म स्थानीय तहको अधिकार हुनु, अभिभावकहरुले शिक्षाको महत्व बुझी आफ्ना सन्तानको शिक्षाप्रति संवेदनशील हुनु, विद्यालय शिक्षा निःशुल्क हुनु, जनप्रतिनिधिहरु विद्यालय शिक्षाप्रति जागरुक हुनु, दिगो विकास लक्ष्यले २०३० सम्म निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिबद्धता अनुरूप लागू गरिएको विद्यालय क्षेत्र विकास योजना (२०१६- २०२२) जस्ता कानुनी ढाँचा एवम् सुस्पष्ट मार्गचित्र तय हुनु, संघीय, प्रादेशिक सरकार र अन्य निकायहरु सहयोगी हुनु, पालिकामा शिक्षाका न्यूनतम पूर्वाधारहरु तयार हुनु आदि शिक्षाको विकासमा यस पालिकाको अवसरहरु हुन् ।

### ४.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

सबै तहगत शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच

**लक्ष्य**

स्थानीय स्तरमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने

**उद्देश्य**

1. साक्षरता र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
2. माध्यमिक तहसम्मको शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउने र शिक्षाको गुणस्तरमा वृद्धि गर्नु ।
3. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु ।
4. पूर्ण साक्षरत गाउँपालिका बनाउनु ।

**रणनीति**

1. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्नु । सबै विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणाली विकास गर्ने ।
2. विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने ।
3. बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने ।
4. विद्यालयमा साना विद्यार्थीहरुलाई नियमित गर्न र टिकाउन दिवाखाजा कार्यक्रम संचालन गर्ने ।
5. अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने ।
6. माध्यमिक विद्यालयमा आवश्यकता अनुसार क्रमशः प्राविधिक विषयहरू थप गर्ने ।

**कार्यनीति**

1. शिक्षाको गुणस्तरमा सुधार गर्न यस क्षेत्रमा लगानीमा वृद्धि गरिनेछ ।
2. स्थानीय तहमा नमुना बालविकास केन्द्र स्थापना गरिनेछ ।
3. बालबालिकाहरु सबैलाई अनिवार्य विद्यालय भर्नाको वातावरण तयार गरिनेछ ।
4. स्थानीय शिक्षा नीति र कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
5. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
6. माध्यमिक तहमा विषयगत शिक्षकको तत्काल परिपूर्ति गर्ने व्यवस्था गरिनेछ ।
7. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको स्थापना गरिनेछ ।
8. विद्यालयलाई भौतिक तथा प्राविधिक पक्षको विकास गरी सुदृढीकरण गरिनेछ ।

### ४.२.५ प्रमुख कार्यक्रम

1. पालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण
2. प्रारम्भिक बाल कक्षामा शैक्षिक प्रणाली सुधार
3. विशेष छात्रवृत्ति कोषको स्थापना तथा छात्रवृत्ति कार्यक्रम
4. बालमैत्री स्थानीय शासन प्रणाली प्रवर्द्धन
5. विद्यालयको भौतिक पूर्वाधार विस्तार तथा गुणस्तर सुधार
6. दिवा खाजा कार्यक्रम
7. विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव स्थापना सहयोग
8. एक वडा एक सार्वजनिक पुस्तकालय निर्माण
9. प्राविधिक तथा व्यवसायिक शिक्षाको पूर्वाधार विकास
10. विद्यालयको नक्सांकन र मर्जिङ्ग ।

### ४.२.६ अपेक्षित उपलब्धी

विद्यालयको भौतिक पूर्वाधार विस्तार तथा गुणस्तर सुधार आएको हुनेछ । विद्यालयको भर्ना दरमा उल्लेख्य सुधार हुनेछ र विद्यालय छाड्ने दरमा कटौती भएको हुनेछ । सिकाई अनुकूलताले गर्दा शिक्षाको गुणस्तरमा सुधार आएको हुनेछ ।

## ४.३ स्वास्थ्य तथा पोषण

### ४.३.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हक प्रदान गरेको छ । स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै संदर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट कमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ । स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने

सोचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ । स्थानीय तहमा प्रयाप्त स्रोतसाधन र जनशक्तिको अभावले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन । विगत केहि वर्षदेखि रोगहरुको संरचना बद्लिएको छ । पहिले झाडापखला र सरुवा रोगवाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरु जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धी समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ । यसले गर्दा गाउँपालिकामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरुको माग बढ्दै गएको देखिन्छ । संविधानको मम अनुसार मानव विकास सुचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाको जनतालाई स्वस्थ र उर्जावान बनाउन यस आवधिक योजना प्रभावकारी हुनुपर्ने देखिन्छ ।

यस गाउँपालिकाको स्वास्थ्य अवस्थामा विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या ५३ प्रतिशत रहेको, स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला संख्या १०९, ४ पटक प्रसुति सेवा प्राप्त गर्ने महिला संख्या १७२, झाडापखाला संक्रमण दर (प्रति हजारमा) १८ जना, स्वाप्रश्वासको सङ्क्रमण (ARI) दर प्रति हजारमा १७, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी ३३ जना र भिटामिन ए प्राप्त गर्ने बालबालिका संख्या १५६ रहेका छन् । आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध भएका वडाहरु ८ वटा, आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था ५ वटा, क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका ५१ जना, गाउँघर क्लिनिक १८ वटा, पालिका स्तरीय ५ शैयाको अस्पताल सञ्चालनमा रहेका छ ।

### ४.३.२ प्रमुख समस्या

गाउँपालिकामा अपेक्षा गरेअनुरुपको आम जनताको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा नपुग्नु, स्वास्थ्य जनशक्ति कम हुनु, स्वास्थ्य संस्थाहरूमा आवश्यकता अनुसारको आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको कमी हुनु, सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दूर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, मानिसको खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु, जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा प्रतिकूल प्रभाव पर्नु, बढ्दो खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले हुने मानवीय स्वास्थ्य समस्याहरू र मृत्युदर अपेक्षित रुपमा नघटनु, प्रजनन् उमेरका महिला र पाँच वर्षमुनिका बालबालिकाहरूको पोषणमा सुधार हुन नसक्नु, स्वास्थ्य सेवामा निजी क्षेत्रको व्यवस्थापन तथा नियमन यथोचित हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

### ४.३.३ चुनौती तथा अवसर

सबैलाई स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउन जनसंख्या अनुसार अस्पतालको वेड क्षमता बढाउनु, स्थानीय तहका सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउनु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु, वित्तीय स्रोतको परिमाणको निर्धारण र उपलब्धताको सुनिश्चितता गर्नु, औषधीको वितरण तथा नियमनलाई स्वास्थ्य सेवाप्रवाहसँगै सन्तुलन गर्नु, बढ्दो शहरीकरण, बदलिँदो जीवनशैली तथा आहार-व्यवहार र आम नागरिकमा स्वास्थ्य सम्बन्धि सचेतना जगाउनु, आदि चुनौतीको रुपमा रहेका छन् ।

समुदायको स्वास्थ्य क्षेत्रमा चासो राख्नु, स्वास्थ्य सेवा प्रदानका लागि नीजि पहल हुनु, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्थानीय तहमा आउनु, स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना हुनु, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै जानु, स्वास्थ्य बीमा र आधारभूत स्वास्थ्य सेवाका विकास तथा विस्तार हुनु अवसरहरू हुन् ।

### ४.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्वस्थ्य र उर्जावान नागरिक

**लक्ष्य**

पालिकाका सवै नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने

### उद्देश्य

1. आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।
2. निःशुल्क आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नु ।
3. स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु ।
4. स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

### रणनीति

1. निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने ।
2. जनताको स्वास्थ्य सम्वन्धी व्यवहार परिवर्तनको लागि प्रबर्द्धनात्मक कार्यक्रम संञ्चालन गर्ने ।
3. जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरू अवलम्बन गर्ने ।
4. तथ्यमा आधारित स्वास्थ्यसम्बन्धी निर्णय गर्नका लागि अध्ययन अनुसन्धान गर्ने ।

### कार्यनीति

1. स्वास्थ्य सेवाको पहुँच विस्तार गर्नका लागि वडा स्तरिय स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा अतिरिक्त सुविधा सहितको विस्तारित स्वास्थ्य सेवा कार्यान्वयन गरिनेछ ।
2. स्वास्थ्य सेवाहरूलाई ज्येष्ठ नागरिक, लैंगिक तथा अपाङ्गमैत्री बनाइनेछ ।
3. स्वास्थ्य क्षेत्रका जनशक्तिको व्यवस्था तथा विद्यमान जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ ।
4. नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधी तथा औषधीजन्य सामग्रीको आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गरिनेछ ।
5. विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेदलगायत अन्य स्वास्थ्य सेवालाई बीमा गराउने नीति लिईनेछ ।
6. विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गरिनेछ ।
7. कुपोषण न्यूनीकरण गर्न गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य पदार्थको पहुँच र उपभोग बढाउँदै स्वस्थ बानी र व्यवहारलाई प्रवर्द्धन गरिनेछ ।
8. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशुस्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।
9. विपद् तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकीकृत विकास, साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गरिनेछ ।

### ४.३.५ प्रमुख कार्यक्रम

1. स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास
2. एम्वुलेन्स सेवा संचालन
3. सवैका लागि स्वास्थ्य जनचेतना कार्यक्रम
4. नागरिक स्वास्थ्य विमा कार्यक्रम
5. नियमित घुम्ति स्वास्थ्य शिविरको सञ्चालन
6. आर्युवेद औषधालय प्रवर्द्धन
7. आपतकालिन स्वास्थ्य सेवा व्यवस्थापन ।

### ४.३.६ अपेक्षित उपलव्धी

योजनाको अन्त्यमा गाउँपालिकाका सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरेका हुने, ज्येष्ठ नागरिक स्वस्थ र सबल रुपमा सकृय हुने, जन्मदाको औसत आयु बढेको हुने, जनसंख्या र स्वास्थ्यकर्मीको अनुपात राष्ट्रिय मापदण्ड अनुरुप हुने, स्वास्थ्य सेवाहरू सेवाग्राहीमुखी तथा नागरिकमैत्री हुने, बहुक्षेत्रीय सहकार्य र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम मार्फत् स्वास्थ्यमा पर्ने नकारात्मक असरमा कमी आउने, सबै बच्चाहरूले पूर्ण खोप पाइरहेका हुने, दुईतिहाइ जनसंख्या स्वास्थ्य बीमामा आबद्ध भएको हुने, हालको मृत्यु दरमा एक चौथाईले घटेको हुने, कुल प्रजनन कम हुने, ५ वर्षमुनिका बच्चा र नवजात शिशुमृत्यु दरमा कमी आउने, पाँच वर्ष मुनिका बालबालिका, महिला र ज्येष्ठ नागरिकको पोषण स्थितिमा सुधार भएको हुने, शतप्रतिशत सुत्केरी संस्थागत दायरामा आएको हुने र शतप्रतिशत बालबालिकाले भिटामिन ए प्राप्त गरेको हुनेछ ।

## ४.४ खानेपानी तथा सरसफाइ

### ४.४.१ पृष्ठभूमि

नेपालको कानूनले खानेपानी तथा सरसफाइको क्षेत्रमा नागरिकको पहुँच हुने हक प्रदान गरेको छ। स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ । यसका साथै नेपाल सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई महत्व दिई विभिन्न रणनीति र कार्यनीति बनाई कार्यक्रमहरु संचालन गर्दै आएको छ ।
खानेपानी तथा सरसफाईको सन्दर्भमा यस गाउँपालिकाका ९२ प्रतिशत घरधुरीले पाइपलाइन (निजी तथा सामुदायिक धारा समेत)वाट वितरित खानेपानी उपभोग गरिरहेको, कुवा, मुल, ढुङ्गेधाराको पानी उपभोग गर्ने घरघुरी १३.८९ प्रतिशत, खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि आधा घण्टा, वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी ९५ प्रतिशत, शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी ५ प्रतिशत, सार्वजनिक शौचालयको संख्या ३ वटा, जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या ९० प्रतिशत, फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार ३० प्रतिशत र सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति ७० वटा रहेका छन् ।

### ४.४.२ प्रमुख समस्या

प्राकृतिक तथा मानवजन्य कारणले पानीका श्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आउनु, अपेक्षा अनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन नसक्नु, मानव मलमुत्रजन्य फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, नदीनाला, जलाशय तथा वातावरण क्रमश प्रदुषित हुँदै जानु, खानेपानीको उचित विकास तथा व्यवस्थापन हुन नसक्नु, सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, न्यून बजेटका कारण निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसक्नु, बजार क्षेत्रबाट निस्कने फोहरको उचित व्यवस्थापन हुन नसक्नु जस्ता विषयहरु यस पालिकाको  प्रमुख समस्याहरू हुन् ।

### ४.४.३ चुनौती तथा अवसर

पानीको स्रोत पहिचान गरि खानेपानी सुविधा विस्तार गर्नु, ग्रामीण क्षेत्रका बस्तीहरूको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्था गर्नु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना संचालन गर्नु, बढ्दो शहरीकरण, बसाईसराईबाट खानेपानी, सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाई र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाईको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

खानेपानी तथा सरसफाइको विषय राष्ट्रिय प्राथमिकतामा पर्नु र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, यस क्षेत्रमा लगानी आकर्षण हुँदै जानु, आयोजनाको छनौट, संचालन र ब्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, विद्युत् वा सौर्य उर्जा प्रयोग गरी खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु, नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, फोहोर मैलाको दिगो ब्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई

**लक्ष्य**

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने

### उद्देश्य

1. सवै गाउँवासीलाई शुद्ध खानेपानी र सरसफाइको सुविधा पुर्‍याउनु ।
2. घना वस्ती क्षेत्रबाट निस्कने सबैप्रकारका फोहोरहरुको प्रभावकारी व्यवस्थापन गर्नु ।

### रणनीति

1. उच्च प्राथमिकताका साथ आधारभूत खानेपानी सेवा विस्तार गर्ने ।
2. खानेपानी आयोजनाहरू निर्माण तथा सुविधा विस्तार गर्ने ।
3. खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा ब्यवस्थापनमा वैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने ।
4. सरसफाई तथा शौचालयको पहुँचमा वृद्धि गर्ने ।
5. शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने ।
6. सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

### कार्यनीति

1. गाउँपालिकामा सतही तथा लिफ्ट जस्ता विकल्पहरू प्रयोग गरी खानेपानी सुविधा नपुगेका शतप्रतिशत घरहरूमा आधारभूत खानेपानीको व्यवस्था गरिनेछ ।
2. गाउँपालिका केन्द्रको खानेपानी सुविधालाई स्तरवृद्धि गरी स्तरोन्नति गरिनेछ ।
3. विकास साझेदार निकाय, गैरसरकारी संस्थासँगको सहकार्य तथा सहलगानीमा खानेपानीको सुविधा नपुगेका स्थानहरुमा खानेपानी आयोजनाको विकास तथा स्तरवृद्धि गरिनेछ ।
4. खानेपानी आयोजना मर्मत सम्भार तथा दिगो ब्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा समुदायको क्षमता तथा दक्षता वृद्धि गरिनेछ ।
5. पानीका स्रोतहरूको पहिचान गरी समुदायलाई सुसूचित गरिनेछ र संरक्षणका लागि उपभोक्ता तथा टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ ।

### ४.४.५ प्रमुख कार्यक्रम

1. सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण
2. एक घर एक धाराको अवधारणा अनुसार खानेपानी आयोजनाहरु निर्माण
3. मौज्जुदा खानेपानी आयोजनाहरूको स्तरोन्नति तथा विस्तार
4. लिफ्ट प्रणालीबाट खानेपानीको व्यवस्था
5. खानेपानी उपभोक्ता संस्थाको क्षमता विकास तथा कर्मचारीको व्यवस्थापन
6. टोलस्तरीय सरसफाईका लागि टोल सुधार समितिहरु गठन एवं परिचालन
7. सार्वजनिक स्थलहरूमा शौचालय निर्माण
8. पूर्ण आनीवानी परिवर्तन सम्वन्धी सरसफाई चेतनामूलक कार्यक्रम
9. विद्यालय स्तरमा सरसफाई सचेतना कार्यक्रम ।

### ४.४.६ अपेक्षित उपलब्धी

गाउँपालिका स्तरीय सरसफाइ नीति तर्जुमा भई कार्यान्वयन भएको हुने, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुका लागि संस्थागत विकास सम्बन्धी तालिम संचालन भएको हुने, शतप्रतिशत घरमा आधारभूत खानेपानी सेवा उपलब्ध भएको हुने, योजना अवधिमा शहरोन्मुख क्षेत्रका ५० प्रतिशत घरमा मध्यमदेखि उच्च गुणस्तरको खानेपानी उपलब्ध भएको हुने, शतप्रतिशत घरहरूमा गुणस्तरीय शौचालय निर्माण भएको हुने, ढल निर्माणका कार्यहरू योजनाबद्ध रुपमा संचालन भै मध्यमदेखि उच्च गुणस्तरको सरसफाई सेवा प्राप्त गरेको हुनेछ ।

## ४.५ खेलकूद

### ४.५.१ पृष्ठभूमि

स्वस्थ, उर्जावान र अनुशासित नागरिक तयार गर्न खेलकूदको महत्वपूर्ण भूमिका हुन्छ । खेलकुद मानव जातिका लागि अभिन्न अङ्ग रहेकाले वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको

माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो । खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकासको सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ ।

### ४.५.२ प्रमुख समस्या

गाउँपालिकामा खेलकुद विकासका लागि प्रयाप्त पूर्वाधार र खेल सामग्रीको कमी हुनु, भएका पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, समुदायले खेलकूदलाई व्यक्तित्व विकासको पाटोमा स्विकार नगर्नु र विभिन्न खेलकूदसंग सम्बन्धित दक्ष प्रशिक्षकहरूका अभाव आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ४.५.३ चुनौती तथा अवसर

सुविधा सम्पन्न खेल पूर्वाधारहरूको निर्माण गर्नु, स्थानीय तहमा खेलकुदका आधारशीलाहरू निर्माण गर्नु, समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु मुख्य चुनौती रहेका छन् ।

खेलकुदलाई एकता सुदृढ गर्ने र सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय तहलाई खेलकुदको जिम्मेवारी प्राप्त हुनु,समुदायस्तरमा योग तथा व्यायामप्रति रुचि तथा महत्व वढ्न गई पूर्वाधारको विकास हुँदै जानु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु, विद्यालय तहमा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदि प्रमुख अवसरका रुपमा रहेका छन् ।

### ४.५.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्थानीय समृद्धिको आधार : प्रतिस्पर्धी खेलकुदको विकास

**लक्ष्य**

गाउँपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने ।

**उद्देश्य**

1. खेलकुद पूर्वाधारको विकास गर्नु ।
2. खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति**

1. खेलकूदको माध्यमबाट जनतामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।
2. खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण स्तरोन्नति गर्ने ।
3. खेलकुद क्रियाकलापहरूमा स्थानीय सबैको संलग्नता र पहुँच बढाउने ।

**कार्यनीति**

1. खेलकूदको माध्यमबाट युवाहरूमा नैतिकता, सदाचारको विकास गरी देश, समाज र ज्येष्ठ नागरिकप्रतिको दायित्वबोध गराइनेछ ।
2. खेलकुदमा युवाहरूको सहभागिता गरिनेछ ।
3. खेलकुद विकासका लागि खेलकुद बिकासका पूर्वाधारहरुका विकास गरिनेछ ।
4. स्थानीय स्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीहरूको पहिचान तथा विकास गरिनेछ ।

### ४.५.५ प्रमुख कार्यक्रम

1. प्रत्येक वडाहरुमा खेलमैदान निर्माण र स्तर वृद्धि
2. राष्ट्रिय चाडपर्वको अवसरमा पालिका स्तरीय प्रतियोगितात्मक खेलकूद आयोजना

3. कवर्डहल निर्माण
4. पालिका स्तरीय रंगशाला निर्माण
5. खेलकूद मनोरन्जनका लागि मानव निर्मित बीच पार्क निर्माण
6. युवाहरूमा सकारात्मक सोच विकासको अभियान
7. योग तथा ध्यानकेन्द्र स्थापना र संचालन ।

### ४.५.६ अपेक्षित उपलब्धी

योजनाको अन्त्यमा प्रत्येक वडामा खेल मैदानको निर्माण भै खेलकुद क्षेत्रको विकास भएको हुने, खेलकूदको विकासका लागि सम्भावना अध्ययन भएको हुने र खेलकूदको माध्यमबाट गाउँपालिका चिनिएको हुनेछ ।

## ४.६ भाषा, साहित्य. कला र संस्कृति

### ४.६.१ पृष्ठभूमी

नेपालको संविधानले धार्मिक स्वतन्त्रताको हक प्रत्याभूति गर्दै धारा २६ मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने भनिएको छ । साथै प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी संचालन र संरक्षण गर्ने हक प्रदान गरेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐनले विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने भनिएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रुपमा विश्वमै सुपरिचित छ । हाम्रा सम्वृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने दायित्व बढेको छ ।

### ४.६.२ प्रमुख समस्या

भाषा, साहित्य, धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थलहरुको ऐतिहासिक महत्व विर्सदै जानु, प्राचीन सांस्कृतिक सम्पदा एवं तिनिहरुको स्वामित्वमा रहेको सम्पतिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाहरु माथि अव्यवस्थित शहरीकरणद्धारा सिर्जित अतिक्रमण हुनु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धि नीति तथा कानुनको प्रभावकारी कार्यान्वियन गर्न प्रयाप्त स्रोत साधन नहुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनका लागि स्थानीय तह र समुदायमा स्वामित्वको अनुभूति दिलाउनु नसकिनु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु, भाषा र संस्कृतिको क्षेत्रमा प्रयाप्त मात्रामा अध्ययन अनुसन्धान हुन नसक्नु र ऐतिहासिक महत्व बोकेका स्थलहरुको प्रचारप्रसार हुन नसक्नु मुख्य समस्या रहेका छन् ।

### ४.६.३ चुनौति र अवसर

ऐतिहासिक महत्व बोकेका स्थलहरुको दस्तावेजीकरण गर्नु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी नीति, कानुन् एवं अन्तर्राष्ट्रिय महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्नु, विश्व व्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाइराख्नु, विविधतामा एकता ल्याउने सशक्त माध्यम भाषा र संस्कृति भएकोले सबै भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु र संस्कृतिलाई राज्यको प्राथमिकतामा समावेश गरी प्रयाप्त स्रोत साधनको व्यवस्था मिलाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

संविधानमा भाषा आयोगको प्रावधान रहनु तथा भाषा र संस्कृतिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूती हुनु, स्थानीय सरकार संचालन ऐनको विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने किटान गरिनु, स्थानीय समुदायमा धार्मिक तथा सांस्कृतिक सहिष्णुता कायम हुनु र वाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिने अवसर रहेको छ ।

### ४.६.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

भीमफेदीको पहिचान : भाषा, साहित्य, कला र संस्कृतिको विकास

**लक्ष्य**

गाउँपालिकाको विद्यमान भाषा, साीहत्य, कला र संस्कृतिको विकास गर्ने ।

**उद्देश्य**

1. सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गर्दै सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी स्थानीय मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पु-याउनु ।
2. भाषा, भेषभुषा, साहित्य, लिपि, संगीत, नाट्य कला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. स्थानीय संस्कृति र परम्पराको जगेर्ना गर्ने
2. स्थानीय सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन गर्ने
3. भाषा, भेषभूषा, साहित्य, लिपीको संरक्षण गर्ने
4. स्थानीय सांस्कृतिक, धार्मिक र ऐतिहासिक पहिचानको प्रवर्द्धन गर्ने

**कार्यनीति**

1. संस्कृति र परम्परासंग सम्बन्धित स्थान, भेषभुषा संरक्षणका लागि नीति तयार गरिनेछ ।
2. स्थानीय संस्कृति र परम्पराहरुको अभिलेखीकरण गरिनेछ ।
3. स्थानीय सम्पदाहरुको जिर्णाद्वार गरिनेछ ।
4. पुरातात्विक विभागसंग समन्वय गरिनेछ ।
5. पालिका स्तरमा स्थानीय सम्पदाहरुको संरक्षण र व्यवस्थापनका लागि उपसमिति गठन गरिनेछ ।
6. सांस्कृतिक संग्राहलय निर्माण गरिनेछ ।
7. भाषा, भेषभूषा, लिपीको संरक्षणको क्षेत्रमा कार्यरत व्यक्ति र संस्थालाई सहयोग गरिनेछ ।
8. लोपोन्मुख भाषा, भेषभूषा र लिपीको संरक्षण गरिनेछ ।
9. स्थानीय सांस्कृति, धार्मिक ऐतिहासिक महत्व बोकेका स्थल र सम्पदाहरुको ब्रुसर, डकुमेन्ट्री तयार गरिनेछ ।
10. साहित्यिक महोत्सव आयोजना गरिनेछ ।

### ४.६.५ प्रमुख कार्यक्रमहरू

1. सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, र संरक्षण
2. भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराहरूको प्रचार प्रसार
3. सांस्कृति संग्रालय भवन निर्माण
4. ऐतिहासिक धार्मिक मठ मन्दिर, गुम्बा आदिको जिर्णोदार, मर्मत सम्भार
5. सामुदायिक भवन निर्माण
6. चाडपर्व तथा जात्रा आयोजना
7. धार्मिक तथा साँस्कृतिक संस्था वा समूहहरूको संस्थागत विकास
8. सांस्कृति, धार्मिक, ऐतिहासिक सम्पदाहरुको सौन्दर्यकरण
9. साहित्यक महोत्सव तथा प्रकाशन

### ४.६.६ अपेक्षित उपलब्धी

गाउँपालिका क्षेत्रभित्रको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ । भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका संस्थाहरूको स्थापना भई क्रियाशील हुनेछ । पालिका क्षेत्रमा बहुसांस्कृतिक संग्रहालयको स्थापना र विकास भएको हुनेछ । धार्मिक सांस्कृतिक पहिचान बोकेको ऐतिहासिक सम्पदाहरुको सौन्दर्यकरण भएको हुनेछ ।

## ४.७ लक्षित समुदाय विकास

### ४.७.१ युवा

#### ४.७.१.१ पृष्ठभूमि

विकासको लागि युवा वर्गको महत्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ ।

#### ४.७.१.२ प्रमुख समस्या

युवा समूहलाई उचित परिचालन हुन नसक्नु, सीपमूलक र प्राविधिक युवाशक्ति उत्पादन गर्न नसक्नु, आन्तरिक रोजगारीको अवसर श्रृजना हुन नसक्नु, वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप र अनुभवलाई प्रयोग गर्न नसक्नु आदि प्रमुख समस्याहरु हुन् ।

#### ४.७.१.३ चुनौति तथा अवसर

युवालाई रोजगारीको व्यवस्था गर्नु, युवा जनशक्तिको प्राविधिक क्षमताको विकास गर्नु, युवा पलायन रोक्नु, युवाहरुलाई आर्थिक र सामाजिक क्षेत्रमा परिचालन गर्नु, क्षमतावान युवाहरुलाई गाउँपालिका तहमा रोजगारीको व्यवस्था गर्नु आदि प्रमुख चुनौति रहेका छन् ।

युवाशक्ति परिचालनको लागि कानूनी व्यवस्था हुनु, युवा उमेर समूहको जनसंख्या उपयुक्त रहनु, स्थानीय सरकार संचालन ऐनले आर्थिक समृद्धिमा भूमिका दिनु, युवाहरु संगठित हुनु, विदेशबाट प्राप्त ज्ञान र अनुभवलाई आफनो ठाउँमा लागू गर्न थाल्नु आदि प्रमुख अवसर हुन ।

#### ४.७.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

युवाशक्तिको परिचालन गाउँपालिकाको आधार

**लक्ष्य**

गाउँपालिकाले युवाको समग्र विकास गर्ने

**उद्देश्य**

1. युवा जनशक्तिलाई आर्थिक र सामाजिक विकास क्षेत्रमा परिचालन गर्नु ।
2. युवा समूहको समग्र विकास गर्नु ।

**रणनीति**

1. युवा समूहको पहिचान र संगठित गर्ने ।
2. युवाको क्षमता विकास गरी प्रभावकारी परिचालन गर्ने ।
3. विद्यालय र क्याम्पस तहमा अध्ययनरत युवाहरुलाई सामाजिक उत्तरदायित्व सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।

**कार्यनीति**

1. गाउँपालिका भित्र रहेका युवा शक्तिको तथ्यांक अपडेट गरिनेछ ।
2. युवा शक्तिलाई युवा क्लव, नागरिक समाज लगायत अन्य संगठनहरुमा आवद्ध गरिनेछ ।
3. युवाहरुको रुची र आवश्यकता पहिचान गरी स्वरोजगार एवं रोजगार सम्बन्धी सीप विकास तालिम उपलव्ध गराईनेछ ।
4. युवा क्लव र युवाको क्षेत्रमा काम गर्ने संस्थाहरुसंग समन्वय गरी सामाजिक जागरण, विपद् व्यवस्थापन, सांस्कृति स्थानहरुको सम्वर्द्धनमा परिचालन गर्न अभिप्रेरित गरिनेछ ।
5. आर्थिक विपन्न र अपाङ्ग युवाहरुलाई लक्षित गरी  सरकार र सहयोगी संस्थाहरुसंग समन्वय र सहकार्य गरी सीपमूलक तालिम संचालन गरिनेछ ।
6. विदेशबाट फर्केका युवाहरुको सीप र दक्षतामा आधारित भई व्यवसाय गर्न ईच्छुक युवाहरुको समूह मार्फत विशेष कार्यक्रम संचालन गरिनेछ ।
7. विद्यालय र क्याम्पस तहमा युवाहरुलाई सामाजिक उत्तरदायित्व सम्वन्धी कक्षा संचालनको व्यवस्था गर्ने ।
8. विद्यालय र क्याम्पसका युवा विद्यार्थीहरुको संलग्नतामा सामजिक कुरीति कुसंस्कार विरुद्ध अभियान संचालन गर्ने ।

#### ४.७.१.५ प्रमुख कार्यक्रम

1. युवाहरुका लागि प्राविधिक तथा व्यवसायिक तालिम र उद्यमशीलता विकास
2. युवा रोजगार सूचना केन्द्रको स्थापना र संचालन
3. क्लवहरुको स्थापना र संचालन
4. परम्परागत पेशाको आधुनिकिकरण तथा व्यवसायिकरणका लागि प्रोत्साहन
5. बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित विशेष कार्यक्रम
6. युवा परिचालित सामाजिक कार्यक्रम ।

#### ४.७.१.६ अपेक्षित उपलब्धी

बार्षिक रुपमा १५० जना युवाहरुले व्यवसायिक र सीपमूलक तालिम प्राप्त गरेको हुने, बार्षिक रुपमा १०० जना युवाहरु मार्फत उद्यम संचालन गरेको हुने, बैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या तुलनात्मक रुपमा कमी भएको हुने, बार्षिक ५० जना बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आफूले सिकेका सीप र दक्षता अनुसार व्यवसाय संचालन गरेको हुने, युवाहरुको नेतृत्वमा सामाजिक विकासका कार्यक्रमहरु संचालन भएको हुने ।

### ४.७.२ महिला

#### ४.७.२.१ पृष्ठभूमि

गाउँपालिकामा रहेका सबै वर्ग वा समूहले विकासको प्रत्याभूति सुनिश्चित गर्न सकेमा मात्र पालिकाको विकास भएको मान्न सकिन्छ । संविधानमा लैंङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई लोककल्याणकारी राज्य व्यवस्था स्थापनाको एउटा आधारको रुपमा लिई सामाजिक र आर्थिक रुपले पिछडिएको समूहको रुपमा रहेको महिलाको अधिकार संरक्षण गर्दै महिलाको विकास र सहभागिता बढाउन विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ । यस संबैधानिक व्यवस्थाले महिलाको विकासका लागि सबै तहका सरकारहरुले विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

यस गाउँपालिकाका कूल महिलाहरु मध्ये ७०० जनाले व्यवसायिक सीपमूलक तालिम लिएको, महिला संजाल र आमा समूहहरु ६० वटा रहेको, अन्तरपार्टी महिला संजाल एउटा, बहुविवाह दर २ प्रतिशत, कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक संख्या ६० जना, हिंसा पीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानुनी उपचारका लागि पुनर्स्थापना केन्द्र एउटा रहेको छ ।

#### ४.७.२.२ प्रमुख समस्या

महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिलामाथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, जोखिम तथा सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा

हिंसा पीडित महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु आदि प्रमुख समस्या हुन् ।

### ४.७.२.३ चुनौति तथा अवसर

आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, परम्परागत हानिकारक संस्कार तथा अभ्यासहरू विद्यमान रहनु, महिलाको जीवनस्तरमा सुधार ल्याउनु, महिला अधिकारका क्षेत्रमा बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नु चुनौतिहरु हुन् ।

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, लैङ्गिकमैत्री संविधान तथा लैङ्गिकमैत्री ऐन कानुनहरू निर्माण हुनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, दिगो विकास लक्ष्यमा महिलाको समग्र विकास सम्बन्धी विषयहरू समावेश गरिनु, संचार माध्यमहरुबाट घटनाहरू उजागर हुनु, महिलाको विकासको परिवेश स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### ४.७.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

लैङ्गिकमैत्री गाउँपालिका

**लक्ष्य**

महिला विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी महिलाको सशक्तीकरण गर्ने

**उद्देश्य**

1. महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
2. महिलाको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
2. आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।
3. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि अभियान सञ्चालन गर्ने ।
4. असहाय र हिंसापीडित महिलाको उचित संरक्षण गर्ने ।

**कार्यनीति**

1. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रण गरिने छ ।
2. उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जनमा सुधार गरिनेछ ।
3. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गरिनेछ ।
4. हिंसा प्रभावित महिलाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।

### ४.७.२.५ प्रमुख कार्यक्रम

1. उजुरी वा सिकायत सजिलै दर्ता गर्न हेल्प डेस्को स्थापना र सञ्चालन
2. लैङ्गिक हिंसा बिरुद्ध विभिन्न सचेतनामूलक
3. महिलाहरुका लागि सीप विकास तालिम
4. प्रजनन स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिविर
5. महिलाहरुका लागि कानुनी सचेतना कार्यक्रम
6. शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन

### ४.७.२.६ अपेक्षित उपल्धी
यस योजना कार्यान्वयनको अन्त्यसम्ममा महिला विरुद्धका सबै किसिमका विभेद, शोषणमा उल्लेख्य रूपमा कमी आएको हुने, लैंगिक हिंसा घट्ने र पीडकलाई दण्डित गर्ने व्यवस्था हुनेछ । महिला स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भई गाउँपालिका महिलामैत्री उन्मुख भएको हुनेछ ।

## ४.७.३ बालबालिका तथा किशोर किशोरी
### ४.७.३.१ पृष्ठभूमि
गाउँपालिकामा रहेका सबै वर्ग वा समूहले विकासको प्रत्याभूति सुनिश्चित गर्न सकेमा मात्र पालिकाको विकास भएको मान्न सकिन्छ । संविधानमा लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायलाई लोककल्याणकारी राज्य व्यवस्था स्थापनाको एउटा आधारको रुपमा लिई बालबालिका तथा किशोर किशोरीको अधिकार संरक्षण गर्दै यस समूहको समग्र विकासका लागि विशेष व्यवस्था गर्ने विषय उल्लेख गरिएको छ । यस संबैधानिक व्यवस्थाले बालबालिका तथा किशोर किशोरीको विकासका लागि सबै तहका सरकारहरुले विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।

यस पालिकामा नवजात शिशुदेखि ५ बर्षसम्मको उमेर समूहमा कूल २२१६ बालबालिका रहेको छ भने ११ देखि २० वर्षको उमेर समूहमा ४,६१४ रहेको छ ।

### ४.७.३.२ प्रमुख समस्या
बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पर्याप्त पहुँच नहुनु, बालमैत्री वातावरणको कमी हुनु, बालश्रम शोषणको अवस्था विद्यमान रहनु, असहाय, अनाथ, सडक तथा श्रमिक बालबालिकाको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु, बालबिवाह, हिंसा, शोषण, यौनदुर्व्यवहार, किशोर किशोरी शिक्षाको कमी, जोखिममा रहेका बालवालिकाको पुनर्स्थापन हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

### ४.७.३.३ चुनौति तथा अवसर
बालबालिका तथा किशोरकिशोरीहरूले आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, जोखिममा रहेका बालबालिकाको संरक्षण गर्नु, लागुपदार्थ दुर्व्यसन, बालश्रम, हत्या, अपहरण, वाल हिंसा, बलात्कार, बेचबिखन तथा ओसारपसार जस्ता घटनाहरूमा कमी ल्याउनु, बालबालिका तथा किशोरकिशोरी माथि हुने परम्परागत हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु मूख्य चुनौति रहेको छ ।

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, बालमैत्री र किशोर किशोरीको हकहितको लागि ऐन कानुनहरू निर्माण हुनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषयहरू समावेश गरिनु, बाल वचाउ, बालसंरक्षण, बाल सहभागिता, बाल विकास तथा सर्वोत्तम हितलाई जोड दिइनु, मिडियाहरूबाट घटनाहरू उजागर हुनु, बालबालिका खोज तलास समन्वय केन्द्र र वाल हेल्पलाइन कार्यक्रम सञ्चालन हुनु, बालबालिका र किशोर किशोरीहरुको विकासका लागि सरकार र सरोकारवाला निकायहरूसँग सहकार्य र साझेदारीमा वृद्धि हुनु यस क्षेत्रमा अवसर हुन् ।

### ४.७.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

बालमैत्री र किशोरकिशोरी संवेदनशील गाउँपालिका

**लक्ष्य**

बालमैत्री र किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी समग्र विकास गर्ने

**उद्देश्य**

1. बालबालिका र किशोर किशोरीको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु तथा सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
2. बालबालिका तथा किशोर किशोरीको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण गर्ने ।
2. बालमैत्री तथा किशोरकिशोरी मैत्री वातावरणको विकास गर्ने ।
3. बालबालिकाहरुको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।

**कार्यनीति**

1. बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार ल्याइने छ ।
2. बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतना जगाइने छ ।
3. अनाथ, असहाय, बेवारिसे, पूर्ण अपाङ्गता भएका, हिंसा प्रभावित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।

### ४.७.३.५ प्रमुख कार्यक्रम

1. बाल अधिकार सम्वन्धी सचेतनामूलक कार्यक्रम
2. बाल क्लव तथा बाल संजालहरुको गठन, संचालन, संस्थागत तथा क्षमता विकास
3. बालकोष स्थापना तथा संचालन
4. शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन
5. किशोरकिशोरीका लागि जीवनोपयोगी सीप विकास तालिम
6. बाल उद्यानको निर्माण
7. बाल विकास केन्द्रहरुको सुदृढीकरण ।

### ४.७.३.६ अपेक्षित उपल्धी

यस योजना कार्यान्वयनको अन्त्यसम्ममा बाल संरक्षण प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको हुने, किशोर किशोरीहरुको स्वास्थ्य र मानसिक विकास प्रभावकारी भएको हुने, बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा सुविधामा पहुँच पुगेको हुने, बालबालिका र किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भई गाउँपालिका बालमैत्री उन्मुख भएको हुनेछ ।

## ४.७.४ जेष्ठ नागरिक

### ४.७.४.१ पृष्ठभूमि

नेपालको संविधानले ज्येष्ठ नागरिकको हकको संरक्षण तथा सामाजिक सुरक्षा गर्ने, सम्मानजनक जीवन यापनको अधिकारको संरक्षण र प्रवर्द्धन जस्ता हकलाई मौलिक हकको रूपमा स्थापित गर्ने संकल्प गरेको छ । ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु पर्ने आवश्यकता पनि त्यत्तिकै रहेको छ ।

यस गाउँपालिकामा ६१ बर्ष र सो भन्दामाथी उमेर समूहको जनसंख्या १,७६३ रहेको छ ।

### ४.७.४.२ प्रमुख समस्या

ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त नहुनु, शारीरिक र मानसिक रूपमा असक्त, असहाय, एकल, वेवारिसे तथा जोखिममा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण नहुनु, परिवारको बाबुआमाप्रति पूरा गर्नु पर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै जानु, हेरचाह केन्द्रको व्यवस्था नहुनु, अल्जाइमर लगायतका बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरूको निदान तथा उपचारको यथोचित व्यवस्था नहुनु, ज्येष्ठ नागरिक प्रतिको श्रद्धा र सम्मानमा ह्रास हुनु ज्येष्ठ नागरिक क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ४.७.४.३ चुनौति तथा अवसर

ज्येष्ठ नागरिकका सेवा सुविधाको पर्याप्त मात्रामा व्यवस्था गर्नु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, परिवारलाई जिम्मेवार बनाउनु, उनीहरूको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु, उनीहरूका लागि उपयुक्त एवं प्रयाप्त दिवा सेवा केन्द्र, औषधोपचार सहितको आरोग्य आश्रमको निर्माण तथा सञ्चालन गर्नु आदि चुनौतीहरु रहेका छन् ।

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, ज्येष्ठ नागरिकहरूको व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सृजना हुँदै जानु, जेष्ठ नागरिकको विषयलाई संवोधन गर्नको लागि गैर सरकारी संस्थाहरु क्रियाशिल हुनु यस क्षेत्रका अवसरहरु हुन् ।

### ४.७.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

जेष्ठ नागरिकमैत्री गाउँपालिका

**लक्ष्य**

जेष्ठ नागरिक विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सम्मानित जीवनको सुनिश्चित गर्ने

**उद्देश्य**

1. जेष्ठ नागरिकको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु तथा सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
2. जेष्ठ नागरिकको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. जेष्ठ नागरिकको उचित संरक्षण गर्ने ।
2. जेष्ठ नागरिकमैत्री वातावरणको विकास गर्ने ।
3. जेष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।

**कार्यनीति**

1. जेष्ठ नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याइने छ ।
2. जेष्ठ नागरिक विरुद्ध हुने हिंसा र अपराध विरुद्ध सचेतना जगाइने छ ।
3. असहाय र पीडित जेष्ठ नागरिकको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।
4. जेष्ठ नागरिकको अनुभव सुन्ने वातावरण तयार गरिनेछ ।

### ४.७.४.५ प्रमुख कार्यक्रम

1. ज्येष्ठ नागरिक आश्रमहरुको संस्थागत क्षमता विकास
2. ज्येष्ठ नागरिकका लागि आवश्यक सहायक उपकरण वितरण
3. ज्येष्ठ नागरिकलाई मनोरञ्जन, तीर्थाटन र भ्रमणको व्यवस्था
4. नमुना ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना
5. ज्येष्ठ नागरिकहरुका राम्रो हेरचाह गर्ने जोडीहरुलाई सम्मान कार्यक्रम
6. अन्तरपुस्ता छलफल तथा अनुभव आदानप्रदान कार्यक्रम ।

### ४.७.४.६ अपेक्षित उपलधी

यस योजना कार्यान्वयनको अन्त्यसम्ममा ज्येष्ठ नागरिकले सुरक्षित र सम्मानित भएर बाँच्न पाउने अवस्था सृजना भएको हुने, असहाय, असक्त र परित्यक्त ज्येष्ठ नागरिक संरक्षित भएको हुने, ज्येष्ठ नागरिकमाथि हुने हिंसा, र दुर्व्यवहारमा कमी आएको हुनेछ ।

### ४.७.५ अपाङ्गता भएका व्यक्तिहरू

#### ४.७.५.१ पृष्ठभूमि

नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुको हकको संरक्षण तथा सामाजिक सुरक्षा गर्ने, सम्मानजनक जीवन यापनको अधिकारको संरक्षण र प्रवर्द्धन जस्ता हकलाई मौलिक हकको रूपमा स्थापित गर्ने संकल्प गरेको छ । अपाङ्ग नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु पर्ने आवश्यकता पनि त्यत्तिकै रहेको छ ।

#### ४.७.५.२ प्रमुख समस्या

अपाङ्गतामैत्री शिक्षा र शैक्षिक पूर्वाधारका अभाव हुनु, उनीहरुका लागि रोजगारी उपलब्ध गराउन नसक्नु, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, निजहरूले प्रयोग गर्ने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा पुनर्स्थापना गर्ने खालका कार्यक्रमको कमी आदि प्रमुख समस्याहरू हुन् ।

#### ४.७.५.३ चुनौति तथा अवसर

अपांगता भएका व्यक्तिहरूको सेवा सुविधाको कार्यान्वय गर्न र सोको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु, सेवा सुविधा तथा उपकरणको व्यवस्थापन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकता अनुसार रोजगारी उपलब्ध गराउनु आदि चुनौतीहरु हुन् ।

#### ४.७.५.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

अपाङ्गमैत्री गाउँपालिका

**लक्ष्य**

अपाङ्गता भएका व्यक्तिहरु विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सम्मानित जीवनको सुनिश्चित गर्ने

**उद्देश्य**

1. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु तथा सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।
2. अपाङ्गता भएका व्यक्तिहरुको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. अपाङ्गता भएका व्यक्तिहरुको उचित संरक्षण गर्ने ।
2. अपाङ्गमैत्री वातावरणको विकास गर्ने ।
3. अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने ।

**कार्यनीति**

1. अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याइने छ ।
2. अपाङ्गता भएका व्यक्तिहरु विरुद्ध हुने हिंसा र अपराध विरुद्ध सचेतना जगाइने छ ।
3. अपाङ्गता भएका व्यक्तिहरु सुहाउँदो रोजगारको व्यवस्था गरिनेछ ।
4. गाउँपालिकाका नीति र संरचनामा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।
5. असहाय र पीडित अपाङ्गता भएका व्यक्तिहरुको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि विशेष व्यवस्था गरिनेछ ।

### ४.७.५.५ प्रमुख कार्यक्रम

1. हेल्प डेस्क स्थापना
2. अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारोन्मुख सीपविकास तालिम
3. सार्वजनिक स्थलहरुमा अपाङ्गता मैत्री संरचना निर्माण
4. अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक उपकरणको व्यवस्था ।

### ४.७.५.६ अपेक्षित उपलब्धी

यस योजना कार्यान्वयनको अन्त्यसम्ममा अपाङ्गता भएका व्यक्तिको सेवा सुविधा सहज रूपमा उपलब्ध भएको हुने, अपाङ्गता भएका व्यक्तिहरूलागि अवसर सृजना भएको हुने, सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री भएका हुनेछन् ।

## ४.७.६ दलित

### ६.७.६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४० मा दलितको हक सम्बन्धी व्यवस्था गरेको छ । यस अन्तर्गत राज्यका सबै निकायमा दलितलाई राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था र सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने किटान गरिएको छ । दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिने र दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक सुनिश्चित गरिएको छ । यसका साथै राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्ने समेतको संवैधानिक व्यवस्था रहेको छ ।

### ६.७.६.२ प्रमुख समस्या

आर्थिक र सामाजिक अवस्थामा दलित वर्ग पछाडि पर्नु, चेतनाको अभाव, छुवाछुत, शिक्षा र स्वास्थ्यको क्षेत्रमा पछाडि पर्नु आदि प्रमुख समस्या हुन् ।

### ६.७.६.३ चुनौति तथा अवसर

दलित वर्गको समतामुलक विकास गर्नु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, संख्यात्मक प्रतिनिधित्वलाई अर्थपूर्ण सहभागिता गराउनु, दलित समुदायलाई संगठित गरी परिचालन गराउनु आदि चुनौति रहेकाछन् ।

कानूनी रुपमा समावेशी र सहभागिताको प्रावधान, जनप्रतिनिधि र समाजका अगुवाहरु यस विषयमा संवेदनशील हुनु, दलित वर्गको मानवअधिकारको सुरक्षा र समावेशीकरणको लागि कानूनी सुनिश्चितता हुनु, यस क्षेत्रमा सहयोगी निकायहरुले कार्यक्रमहरु संचालन गर्नु आदि यस विषयको सन्दर्भमा अवसरहरु हुन् ।

### ६.७.६.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

दलितमैत्री गाउँपालिका

**लक्ष्य**

दलित विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सम्मानित जीवनको सुनिश्चित गर्ने

**उद्देश्य**

दलित समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरुमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

**रणनीति**

1. दलित वर्गको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने ।

2. दलित र उत्पीडित वर्गको क्षमता विकास गर्ने ।
3. दलित र उत्पीडित समुदायको मानवअधिकार संरक्षण गर्ने ।

**कार्यनीति**

1. दलित वर्गको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरुमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।
2. गाउँपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै समिति तथा उपसमितिहरुमा जनसंख्यालाई आधार मानी दलित वर्गको प्रतिनिधित्व गरिनेछ
3. दलितवर्गका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।
4. दलित समुदायका बालबालिकाहरुलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
5. दलित समुदायको विकासको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरुलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।
6. छुवाछुत अन्त्यका लागि अभियान संचालन गरिनेछ ।
7. दलित वर्गको बसोवास रहेको समुदायहरुमा बाल विकास केन्द्रहरु स्थापना र परिचालन गरिनेछ ।
8. दलित समुदायको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।
9. दलित समुदायको अधिकार सुनिश्चित गर्नका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरुलाई सक्रिय बनाईनेछ ।
10. दलित समुदायको अधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।
11. असहाय दलित व्यक्तिहरुको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ ।

### ६.७.६.५ प्रमुख कार्यक्रम

1. दलित वर्गको लागि आयआर्जन कार्यक्रम
2. दलित वर्गको क्षमता विकास कार्यक्रम
3. दलित वर्गको अधिकार र छुवाछुत विरुद्ध अभियान संचालन
4. असहाय दलित व्यक्तिका लागि सहयोग कोष स्थापना र परिचालन
5. दलित समुदायका बालबालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम
6. दलित समुदायको विकासमा कार्यरत संस्थाहरुको परिचालन

### ६.७.६.६ अपेक्षित उपल्धी

गाउँपालिकाले दलित समुदायको उत्थान र विकासको लागि नीति निर्माण गरी कार्यान्वयन भएको हुने, दलित समुदायको साक्षरता दर वृद्धि हुने, दलित समुदायहरुले आफनो सीप र दक्षता अनुसार व्यवसायिक पेशामा संलग्न भएको हुने, दलित समुदायमाथि गरिने विभेद र छुवाछुत न्यून हुने, जनसंख्याको आधारमा गाउँपालिका स्तरीय समिति, उपसमिति लगायत अन्य संरचनाहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुनेछ ।

## ४.७.७ आदिवासी/जनजाति

### ४.७.७.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १८ को समानताको हकमा आदिवासी जनजातिको विकासको लागि विशेष व्यवस्था गर्न सकिने प्रावधान राखिएको छ । यसैगरी धारा ४२ मा आदिवासी जनजाति लगायत अन्य पछाडि परेका समुदायहरुलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता हुने अधिकार सुनिश्चित गरेको छ । साथै संविधानले आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने समेत संवैधानिक व्यवस्था रहेको छ ।

### ४.७.७.२ प्रमुख समस्या

आर्थिक र सामाजिक अवस्था पछाडि पर्नु, चेतनाको अभाव, शिक्षा र स्वास्थ्यको क्षेत्रमा पछाडि पर्नु आदि प्रमुख समस्या हुन् ।

### ४.७.७.३ चुनौति तथा अवसर

आदिवासी जनजाति समुदायको समतामुलक विकास गर्नु, आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, संख्यात्मक प्रतिनिधित्वलाई अर्थपूर्ण सहभागिता गराउनु, यस वर्गका समुदायलाई संगठित गरी परिचालन गराउनु आदि चुनौति रहेकाछन् ।

कानूनी रुपमा समावेशी र सहभागिताको प्रावधान, जनप्रतिनिधि र समाजका अगुवाहरु यस विषयमा संवेदनशील हुनु, आदिवासी जनजाति समुदायको मानवअधिकारको सुरक्षा र समावेशीकरणको लागि कानूनी सुनिश्चितता हुनु, यस क्षेत्रमा सहयोगी निकायहरुले कार्यक्रमहरु संचालन गर्नु आदि यस विषयको सन्दर्भमा अवसरहरु हुन् ।

### ४.७.७.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

आदिवासी जनजातिमैत्री गाउँपालिका

**लक्ष्य**

आदिवासी जनजातिहरुको अधिकार सुनिश्चित गरी सम्मानित जीवनयापन गर्ने

**उद्देश्य**

आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक लगायत विकासका सबै अवसरहरुमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

**रणनीति**

1. आदिवासी जनजाति समुदायको सामाजिक, आर्थिक लगायत सबै क्षेत्रमा पहुँच र निर्णय प्रक्रियामा सहभागिता बृद्धि गर्ने ।
2. आदिवासी जनजाति समुदायको क्षमता विकास गर्ने ।
3. आदिवासी जनजाति समुदायको मानवअधिकार संरक्षण गर्ने ।

**कार्यनीति**

1. आदिवासी जनजाति समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवसरहरुमा समतामूलक पहुँच सुनिश्चित गर्न सकारात्मक विभेदको नीतिगत व्यवस्था गरिनेछ ।
2. गाउँपालिकाबाट हुने सार्वजनिक नियुक्ति, गठन हुने सबै समिति तथा उपसमितिहरुमा जनसंख्यालाई आधार मानी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व गरिनेछ ।
3. आदिवासी जनजाति समुदायका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ ।
4. आदिवासी जनजाति समुदायका बालबालिकाहरुलाई शैक्षिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
5. आदिवासी जनजाति समुदायको विकासको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्थाहरुलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।
6. आदिवासी जनजाति समुदाय बसोवास रहेको समुदायहरुमा बाल विकास केन्द्रहरु स्थापना र परिचालन गरिनेछ ।
7. आदिवासी जनजाति समुदायको हक अधिकार बारे सजग बनाउन सचेतना अभियान संचालन गरिनेछ ।
8. आदिवासी जनजाति समुदायको अधिकार सुनिश्चित गर्नका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरुलाई सक्रिय बनाईनेछ ।
9. आदिवासी जनजाति समुदायको अधिकार हनन भएको अवस्थामा पिडकबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।
10. असहाय आदिवासी जनजाति समुदायका परिवार वा व्यक्तिहरुको जीवनयापनका लागि सुनिश्चित व्यवस्था गरिनेछ ।

### ४.७.७.५ प्रमुख कार्यक्रम

1. आदिवासी जनजाति समुदाय केन्द्रीत आयआर्जन कार्यक्रम
2. आदिवासी जनजाति समुदायको क्षमता विकास कार्यक्रम
3. असहाय आदिवासी जनजाति व्यक्तिका लागि सहयोग कोष स्थापना र परिचालन
4. आदिवासी जनजाति समुदायका बालबालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम
5. आदिवासी जनजाति समुदायको विकासमा कार्यरत संस्थाहरुको परिचालन ।

### ४.७.७.६ अपेक्षित उपल्धी

गाउँपालिकाले आविासी जनजाति उत्थान र विकासका लागि नीति निर्माण गरी आदिवासी जनजातिको विकासका लागि कार्यान्वयन भएको हुने, आदिवासी जनजाति समुदायको साक्षरता दर वृद्धि हुने, आदिवासी जनजाति समुदायहरुले आफनो सीप र दक्षता अनुसार व्यवसायिक पेशामा संलग्न भएको हुने, जनसंख्याको आधारमा गाउँपालिका स्तरीय समिति, उपसमिति लगायत अन्य संरचनाहरुमा आदिवासी जनजाति समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुनेछ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दीगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा, लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दीगोपना) यस क्षेत्रसंग प्रत्यक्ष रुपमा दीगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् ।

## ५.१ उर्जा

### ५.१.१ जलविद्युत

#### ५.१.१.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधन हो । नेपाल सरकारले लिएको आउँदो बाह्र वर्षमा १५,००० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । दिगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत् विकास र व्यवस्थापनमा सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । प्रकाश उर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रुपमा विद्युत उर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश उर्जाका अन्य विभिन्न स्वरुपहरु हुने गर्दछन् ।

यस गाउँपालिकामा ४ वटा संस्थाबाट जलविद्युत र लघु जलविद्युत उत्पादन भईरहेको छ जसबाट २२१० किलोवाट विद्युत उत्पादन भईरहेको छ । केन्द्रीय विद्युत लाईन प्रसारणबाट लाभान्वित घरधुरी संख्या २,९०० रहेको छ भने विद्युत सेवाबाट बन्चित घरधुरी ६४० रहेको छ ।

#### ५.१.१.२ प्रमुख समस्या

जलविद्युत् उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु, माग अनुसारको विद्युत् प्रसारण लाइन तथा सब स्टेसनको विस्तार हुन नसक्नु, विद्युत् उत्पादन र अनुमति प्रदान गर्ने सम्पूर्ण अधिकार संघ सरकारमा निहित रहनु, सर्भेक्षण अनुमति देखि विद्युत् खरिद सम्झौता गर्दा सम्मका कार्य प्रक्रिया, जग्गा व्यवस्थापन र वातावरणीय अध्ययन कार्य झन्झटिला र केन्द्रीकृत हुनु, विद्युत् वितरण प्रणालीको गुणस्तर खाना पकाउन तथा उद्योग संचालन गर्नलाई समेत मिल्ने गरी विस्तार हुन नसक्नु, विद्युतीय सवारी साधन प्रबर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेसनहरूको निर्माण नहुनु, गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

#### ५.१.१.३ चुनौति तथा अवसर

विद्युत् उत्पादन, प्रसारण तथा वितरण र समग्र उर्जा क्षेत्र व्यवस्थापन गर्न संरचना स्थापना गर्नु, निर्माणाधिन आयोजनाहरू समयमा सम्पन्न गर्नु, उपलब्ध साधनस्रोत तथा प्रविधिलाई आकर्षित गर्दै आयोजनाहरू बनाएर स्थानीय तहको राजस्व वृद्धि गर्दै दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु, उच्च गुणस्तरका प्रसारण लाइन विस्तार गर्नु, इन्धन प्रयोगको ढाँचामा परिवर्तन गर्दै एलपी ग्यास र पेट्रोलियम पदार्थलाई विद्युत्ले प्रतिस्थापन गरी इन्धन आयात घटाउने र विद्युत्को आन्तरिक खपत बढाउनु, बत्ती बाल्नको लागि निर्माण गरिएका पुराना वितरण प्रणालीलाई खाना पकाउन, विद्युतीय सवारी साधन चलाउन र उद्योगमा खपत गर्न पनि उपयुक्त हुने गरी स्तरोन्नति गर्नु, विद्युतीय सवारी साधनको लागि चार्जिङ्ग केन्द्रहरूको विस्तार गर्नु आदि यसक्षेत्रका चुनौतीहरू हुन् ।

स्थानीय जलविद्युत् आयोजना प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दै जानु, जलविद्युत् विकासको लागि चाहिने सडक, प्रसारण लाइन तथा सब स्टेसन जस्ता भौतिक पूर्वाधारहरू निर्माणलाई संघ तथा प्रदेश सरकार दुबैले प्राथमिकतामा राख्नु, जलविद्युत् अध्ययन तथा निर्माणको लागि चाहिने दक्ष नेपाली प्राविधिक तथा कम्पनीहरू उत्पादन हुनु, अन्तरदेशीय प्रसारण लाइनहरूको निर्माण र विद्युत् निर्यात गर्ने समझदारी हुनु, विद्युतीय सवारी साधन तथा चुलो प्रयोगलाई प्रोत्साहन गर्दै लैजाने नीति लिनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.१.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

जलविद्युतको विकास : उज्यालो भीमफेदीको आधार

**लक्ष्य**

जलविद्युत उत्पादनको प्रयोग क्षमता र दक्षता बृद्धि गरी स्थानीय आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने

**उद्देश्य**

1. जलविद्युत् आयोजनाहरू पहिचान र विकास गरी उर्जा सुरक्षामा योगदान पुऱ्याउनु र दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु ।

**रणनीति**

1. जलविद्युत् विकासमा उल्लेखनीय लगानी वृद्धिको वातावरण सिर्जना गर्ने ।
2. प्राविधिक र आर्थिक रुपमा आकर्षक आयोजना निर्माणगरी स्थानीय अर्थतन्त्रलाई मजबुत तथा दिगो बनाउने ।

**कार्यनीति**

1. जलविद्युत् आयोजनाहरूमा स्थानीय सरकारको तर्फबाट सेयर लगानी गरिनेछ ।
2. स्थानीय जनतालाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गरिनेछ ।
3. उच्च क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन निर्माण गरिने छ ।
4. विद्युत् वितरण लाइनका काठेपोलहरू प्रतिस्थापान गरिनेछ ।
5. विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको विकास गर्दै लगिनेछ ।
6. विद्युत् जडान गर्न र मर्मत सम्भार गर्न तालिम प्राप्त र दक्ष जनशक्ति उत्पादन गरिनेछ ।

### ५.१.१.५ प्रमुख कार्यक्रम

1. उर्जा विकास सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड तर्जुमा
2. विद्युत पहुँच विस्तार
3. जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन
4. विद्युत् वितरण लाइनका सम्पूर्ण काठेपोलहरू प्रतिस्थापन
5. सडक बत्ती तथा सिसि क्यामेरा जडान ।

### ५.१.१.६ अपेक्षित उपलब्धी

यस आवधिक योजनाको अन्त्यमा उच्च क्षमताका प्रसारण लाईन तथा सब-स्टेशन संजालहरू निर्माण भएको हुने, विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर, स्मार्ट ग्रिड गर्ने कार्य अगाडि बढेको हुने, विद्युत् उत्पादन, जडान गर्न र मर्मत सम्भार गर्न तालिमप्राप्त दक्ष जनशक्ति वृद्धि भएको हुनेछ ।

## ५.१.२ बैकल्पिक तथा अन्य उर्जा

### ५.१.२.१ पृष्ठभूमि

हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । राष्ट्रिय विद्युत् प्रसारण लाइन पुऱ्याउन कठिन भएका र छरिएर रहेका ग्रामीण बस्तीहरूमा सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जामाथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनु जरुरी छ । विविध कारणवश केही घरधुरीमा मात्र विद्युत लाइनको विस्तार गर्न नसकिएको र वैकल्पिक तथा अन्य उर्जाको विकास सहज रुपमा नभैरहेको सन्दर्भमा केन्द्रित रहेर बैकल्पिक उर्जाको विकल्प खोजिएको हो ।

यस पालिकाको ३,००० घरपरिवारले सुधारिएको उर्जा (बायोग्याँस, एलपी) प्रयोग गरेको र सोलार प्रणाली सहित विद्युत सेवा पुगेको घरधुरी १५० रहेको छ ।

### ५.१.२.२ प्रमुख समस्या

उर्जा सुरक्षामा वैकल्पिक ऊर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारको लागि सहुलियत ऋृण, जोखिम व्यवस्थापन र बीमाको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रको लगानी अपेक्षाकृत रुपमा आकर्षित हुन नसक्नु, स्थानीय तहमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास र व्यवस्थापन दक्षता उपलब्ध नहुनु आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

### ५.१.२.३ चुनौति तथा अवसर

राष्ट्रिय प्रसारण लाइन नपुगेका क्षेत्रमा नवीकरणीय उर्जामार्फत् आधुनिक उर्जामा पहुँच स्थापित गर्नु, खानेपानी र सिंचाई आयोजनाहरूमा पानी तान्न सौर्य उर्जाको प्रयोग वृद्धि गर्नु, ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत् आयोजनाबाट खेर गैरहेको विद्युत् प्रसारण लाइनमा प्रवाह गरी आयवृद्धि गर्नु, खाना पकाउन स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नु, सहुलियत कर्जाको व्यवस्था गर्नु, सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

नवीकरणीय ऊर्जाका प्रविधिहरू द्रुत गतिमा सस्तो हुँदै जानु, स्वच्छ उर्जाको विकास र प्रयोगमा लहर आउनु, नवीकरणीय ऊर्जा विकासलाई प्राथमिकतामा राख्नु दक्ष जनशक्ति विकास हुँदै जानु, छोटो समयमा नै ठूलो मात्राको सौर्य उर्जा उत्पादन गर्न सकिने अवस्था रहनु, सौर्य तथा वायु उर्जा उत्पादनको सम्भावना भएको क्षेत्र हुनु, सौर्य, वायु तथा जैविक ऊर्जा प्रतिको आकर्षण बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधि प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जाका प्रविधि तथा कार्यक्रमहरूलाई कार्बन परियोजनाको रुपमा विकास गर्दै लैजान सकिने अवस्था रहनु आदि नवीकरणीय उर्जा क्षेत्रका अवसरहरू हुन् ।

### ५.१.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

वैकल्पिक/नवीकरणीय उर्जा, दिगो आर्थिक सामाजिक विकासको आधार

**लक्ष्य**

जलविद्युत् वैकल्पिक/नवीकरणीय तथा अन्य उर्जाका उत्पादन, प्रयोग क्षमता र दक्षता बृद्धि गरी स्थानीय आर्थिक सामाजिक विकासमा टेवा पु¥याउने

**उद्देश्य**

नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पु¥याउनु ।

**रणनीति**

1. प्रसारण लाइन नपुगेका र सम्भाव्यता नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने ।
2. नवीकरणीय उर्जाको स्रोतलाई उत्पादन वृद्धि र व्यावसायिक उर्जाको रुपमा विकास गर्ने ।

**कार्यनीति**

1. लघु जल, वायु तथा सौर्य विद्युत्का साना आयोजना संचालन गरी विद्युत्मा नागरिकको पहुँच स्थापित गरिनेछ ।
2. विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गरिनेछ ।
3. ग्रामीण भेगका घरमा स्वच्छ र किफायती धुवाँरहित सुधारिएको चुलोहरू जडान गर्न प्रोत्साहन गरिनेछ ।
4. बायोग्याँस र सौर्य उर्जाको उपयोग प्रवर्द्धनमा जोड दिइने छ ।

### ५.१.२.५ प्रमुख कार्यक्रम

1. सौर्य उर्जा प्रवर्द्धनमा अनुदान सहयोग
2. सुधारिएको चुलो प्रवर्द्धन
3. बैकल्पिक उर्जाको विद्युत् प्रसारण तथा वितरण लाइन विस्तार
4. बैकल्पिक उर्जाको प्रयोग मार्फत वातावरण संरक्षण तथा उर्जामा आत्मनिर्भरता सम्वन्धी सचेतना
5. जैविक उर्जा उत्पादन तथा प्रवर्द्धन ।

#### ५.१.२.६ अपेक्षित उपलब्धी

उर्जाको पहुँच नभएका क्षेत्रमा उत्तम नवीकरणीय ऊर्जाको स्रोतबाट शतप्रतिशत विद्युतीकरण भएको हुने, खाना पकाउन सौर्य तथा विद्युत्को प्रयोग वृद्धि भएको हुने, सुधारिएको चुलोको प्रयोग उल्लेखनीय रुपमा वृद्धि भएको हुनेछ ।

## ५.२ यातायात पूर्वाधार

### ५.२.१ सडक तथा यातायात

#### ५.२.१.१ पृष्ठभूमि

आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने राष्ट्रिय प्राथमिकता रहेको छ । आवश्यक पूर्वाधारको विकास केही भए पनि यातायात सेवा दिगो र भरपर्दो हुन सकेको छैन । निजी क्षेत्रको प्रमुख लगानी रहेको सार्वजनिक यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाई सहज तरीकाबाट नागरिकले निर्वाध रुपमा आवत जावत गर्न पाउने हकको यथोचित र पूर्ण उपयोग अझै गर्न नपाएको अवस्था छ । शहरीकरणको चाप र ग्रामीण भेकसम्म पनि सडक संजाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदूषणरहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने आवश्यकता छ । स्थानीय यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ ।

यस पालिकाभित्र हाल ३०० किमी सडक संजाल विकास भएको छ जसमा कालोपत्रे ९० किमी, ग्राभेल सडक १० किमी, धुले सडक १०० किमी र कृषि सडक १०० किमी रहेको छ । यसैगरी पालिका केन्द्रबाट वडा कार्यालयसम्म जोडिएको सडक संख्या ६ वटा रहेको छ भने ३० मीनेटसम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार ५० प्रतिशत रहेको छ । नजिकको पिच भएको पक्की सडकसम्म पुग्न लाग्ने औसत समयावधि एकघंटा ३० मीनेट रहेको छ भने आशिंक रुपमा सार्वजनिक यातायात सुचारु सडक लम्वाई ७० किमी रहेको छ । डिपिआर तयार, वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरण मूल्यांकन परिक्षण आदि गरी निर्माण भएका सडक लम्वाई ६० किमी रहेको यस पालिकामा रहेको १५ वटा वस्तीहरु सडक संजालसंग जोडिन बाँकी रहेको छ ।

#### ५.२.१.२ प्रमुख समस्या

सडक निर्माणमा अपेक्षित विकास नहुनु, मापदण्डविना योजना पहिचान तथा छनोट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीहरुको सहज उपलब्धता हुन नसक्नु, बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, आफनै घरअगाडीको सडकमा समेत सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, आयोजना व्यवस्थापनमा सुशासन कायम नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, गाउँपालिकाका अधिकांश सडक साँघुरा हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै गई सडकमा भार पर्नु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु, सवारी साधनको नियमित र व्यवस्थित परीक्षण प्रणाली नहुनु यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.२.१.३ चुनौति तथा अवसर

चुनौतीपूर्ण भौगोलिक अवस्था बीच सडक संजाल पहिचान गरि निर्माण गर्नु, साना तिना आयोजनामा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु, गुणस्तरीय सार्वजनिक यातायातको व्यवस्था गरी साना निजी सवारी साधन प्रयोग कम गराउनु, अपाङ्गमैत्री यातायात प्रणालीको विकास गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, प्रदूषण नियन्त्रणको अनुगमन प्रभावकारी बनाउनु, सडक सुरक्षा लगायत नियमन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउनु, वैज्ञानिक भाडा दरको व्यवस्था गर्नु र सवारी साधनहरूको अनुगमन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात क्षेत्रमा निजी क्षेत्रको चासो थप बढ्दै जानु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यातायात क्षेत्रमा विद्युतीय सवारी साधनको चर्चा शुरुहुनु, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, सार्वजनिक यातायातको आवश्यकता थप महसुस हुदै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

### ५.२.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सडक यातायातको विकास र प्रभावकारी यातायात ब्यवस्थापन मार्फत स्थानीय सन्तुलन र आर्थिक समृद्धि

**लक्ष्य**

सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने

**उद्देश्य**

1. प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित यातायात सेवा मार्फत स्थानीय वडाबीच तथा छिमेकी पालिकासंगको व्यापारिक सम्बन्ध विस्तार गर्नु ।

**रणनीति**

1. स्थानीय पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने ।
2. अन्तर वडा नाका र यातायात सञ्जाल जोड्ने सडकहरूको विकास, विस्तार र सुदृढीकरण गर्ने ।
3. सार्वजनिक यातायातका साधनको वैज्ञानिक भाडा दर कायम गर्ने ।
4. प्रविधिको प्रयोग गर्दै सडक दुर्घटनालाई न्यून गर्ने ।

**कार्यनीति**

1. गाउँपालिकाको प्रत्येक वडामा सडक सञ्जाल विस्तार गरिनेछ ।
2. रणनीतिक तथा स्थानीय सडकहरूका पुलहरू निर्माण गर्नुका साथै जीर्ण अवस्थामा रहेका पुलहरूको मर्मत कार्यलाई निरन्तरता दिइनेछ ।
3. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुनेगरी गरिनेछ ।
4. सडक संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।
5. गाउँपालिकाका विभिन्न वडाहरुमा बसपार्कको निर्माण गरी सञ्चालन गरिने छ ।
6. व्यावहारिक तथा वैज्ञानिक भाडा दर कायम गरिनेछ ।
7. सडक दुर्घटना सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरिनेछ ।
8. घना बस्ती र धार्मिक स्थलहरू एकिन गरेर सवारी साधन निषेधित क्षेत्र तोकिनेछ ।

### ५.२.१.५ प्रमुख कार्यक्रम

1. कच्ची सडक स्तरोन्नति
2. सडकमा स्लाव, ह्युम पाईप, वृक्षारोपण, सेफ्टी रेलिङ्ग, कजवे निर्माण
3. नयाँ ग्रामिण सडक निर्माण
4. मौजुदा सडकहरुको स्तरोन्नति, ग्रार्भेलिङ्ग र कालोपत्रे
5. निर्माण सम्पन्न पुलहरूको मर्मतसम्भार
6. झोलुङ्गे पुल निर्माण
7. सिढी निर्माण ।

### ५.२.१.६ अपेक्षित उपलब्धी

गाउँपालिकाको सवै वडाका वस्तीहरु सडक सञ्जालमा जोडिएको हुनेछ । सडक संरचनाहरूको मर्मत सम्भार तथा पुनर्निर्माण र पुलहरू मर्मत सम्भार भएको हुनेछ । स्थानीय सडकहरूको आवश्यकता अनुसार मर्मत तथा सुधार गरी आवागमनमा सहज भएको हुने, स्थानीय नयाँ सडक तथा पुल पहिचान तथा प्राथमिकीकरण गर्दै वातावरणमैत्री सडकहरुका निर्माण भएको हुनेछ । यातायात क्षेत्रको व्यवस्थापनबाट यात्रुले सहज, सरल र भरपर्दो सेवा पाएका हुने, दुर्घटना न्यूनीकरण हुने, यातायातमा सिण्डीकेट प्रणालीको अन्त्य भएको हुने र सडक सुरक्षामा बृद्धि भएको हुनेछ ।

## ५.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

### ५.३.१ पृष्ठभूमि

पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाका हकलाई मौलिक हकको रुपमा संविधानमा उल्लेख गरेको छ । आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढ्नु पर्ने खाँचो छ । दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवं उपलब्धी अनुरुप सेवा पुऱ्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु आजको आवश्यकता हो । सञ्चार तथा सूचना प्रविधि पूर्वाधारको विकास त्यति हुन नसकेको परिप्रेक्ष्यमा यस गाउँपालिकालाई सूचना प्रविधि सञ्जालमा आवद्ध गरी सञ्चार र सूचनाको माध्यमबाट स्थानीय उत्पादन र रोजगारी तथा जीवनयापनमा योगदान गर्न सकिन्छ ।

### ५.३.२ प्रमुख समस्या

संघीय व्यवस्था अनुसार स्थानीय तह शासकीय स्वरुपको नयाँ संरचना भएकाले सूचना तथा संचार सम्बन्धी पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, विद्यमान सञ्चार तथा सूचना प्रविधि सम्बन्धमा गाउँपालिका भित्रको एकीकृत तथ्याङ्को अभाव हुनु, भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता नहुनु र उपलब्ध सञ्चार माध्यमहरू समेत शहर केन्द्रित हुनु, सञ्चार संस्थाहरूको संख्यात्मकसँगै गुणात्मक विकास हुन नसक्नु, पोलमा झुण्डिने तारयुक्त सञ्चार-प्रविधि वातावरण र शहरी सौन्दर्यका लागि चुनौतीपूर्ण बन्दै जानु, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, टेलिसेन्टरहरूको सञ्चालनका लागि स्पष्ट मार्गचित्र नहुनु तथा यसको सेवामा विविधिकरण गर्न नसक्नु, विज्ञापन एजेन्सीलाई सशक्त र सक्षम बनाउन नसक्नु र चलचित्र निर्माण तथा चलचित्र घरहरूको व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न नसक्नु, प्रकाशन गृहको क्षमता प्रभावकारी नहुनु आदि यस क्षेत्रका मुख्य समस्याहरु हुन् ।

### ५.३.३ चुनौती तथा अवसर

सूचना तथा सञ्चार सम्बन्धी नीतिगत एवं कानुनी रिक्तता पूरा गर्नु, गाउँपालिकाभित्र सूचना तथा सञ्चार पहुँचको एकीकृत र अद्यावधिक विवरण तयार पार्नु, सञ्चार माध्यमहरूलाई ग्रामीण भेगसम्म विस्तार गर्नु, गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरूमा तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै ताररहित प्रविधिको प्रयोगलाई बढावा दिनु, सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यससम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, टेलिसेन्टरहरूलाई व्यवस्थित गर्नु, विज्ञापन र चलचित्र उत्पादनलाई यस क्षेत्रको पर्यटन प्रवर्द्धनसँग आवद्ध गर्दै यस सम्बन्धी

संस्थाहरूलाई व्यवस्थित गर्नु, श्रमजीवी पत्रकारहरूको हकहित संरक्षण गर्नु आदि यस क्षेत्रमा चुनौतीका रुपमा रहेका छन् ।

सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध हुनु, पालिकालाई प्राप्त सूचना र सञ्चार सम्बन्धमा प्रशस्त अधिकारहरू संविधानद्वारा नै संरक्षित हुनु, सञ्चार क्षेत्रको विकासका लागि स्थानीय तहसँगको सहकार्य गर्ने अवसर प्राप्त हुनु, ग्रामीण क्षेत्रसम्म सञ्चार माध्यमहरूको पहुँचमा क्रमिक रुपमा वृद्धि हुँदै जानु करिव सबैको घरमा मोवाईल सेवा पुग्नु, स्थानीय तहको केन्द्रसम्म इन्टरनेट सेवा पुग्नु, इन्टरनेट सेवा प्रदायकहरूको संख्या बढ्दै जाँदा गुणस्तरमा समेत प्रतिस्पर्धात्मक अवस्था सिर्जना हुदै जानु, डिजिटल साक्षरता बढ्दै जानु, उल्लेख्य रुपमा एफ.एम. रेडियोको विस्तार हुनुर बहुसंख्यक जनताको हातमा मोवाइल सेवा पुग्नु यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

सूचना तथा सञ्चारको विकास, समृद्ध गाउँपालिका निर्माणको आधार

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिलाई विकास मेरुदण्डका रुपमा ग्रहण गर्दै आम मानिसको जीवनलाई सहज बनाउन योगदान पुऱ्याउने

**उद्देश्य**

1. सूचना प्रविधि ब्यवसायलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रुपमा विकास गर्नु ।
2. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउदै गाउँपालिका भरी सञ्चारको पहुँच बृद्धि गर्नु ।

**रणनीति**

1. गाउँपाकिभित्र सबै जनतामा आमसञ्चारको पहुँच विस्तार गर्ने ।
2. सूचना प्रविधिमा आधारित रोजगारी बृद्धि गर्ने ।
3. गाउँपालिका भित्रका सबै नागरिकहरूमा इन्टरनेट सेवा पुऱ्याइने ।
4. इन्टरनेट सेवालाई शिक्षा र स्वास्थ्यको क्षेत्रमा जोड्ने ।
5. आमसञ्चार माध्यम तथा श्रमजीवी सञ्चारकर्मीहरूको दक्षता, क्षमता र व्यावसायिकता प्रवर्द्धन गर्ने ।
6. विज्ञापन व्यवसायको प्रवर्द्धन गर्ने ।

**कार्यनीति**

1. गाउँपालिकामा सूचना र संचार प्रविधिको विकासको लागि नीति तथा कार्यक्रम तय गरिनेछ ।
2. डाटा सेन्टर स्थापना गरी गाउँपालिकाभित्रका सम्पूर्ण तथ्याङ्कलाई सुरक्षित र एकीकृत गरिनेछ ।
3. पालिकाबाट एफएम रेडियो स्थापनाका लागि पहल गरिनेछ ।
4. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
5. गाउँपालिकाका सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना गरिनेछ ।
6. सवै वडा कार्यालयहरु र सेवा प्रदायक कार्यालयहरुबीच इन्ट्रानेट संजाल विस्तार गरिनेछ ।
7. युवा लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
8. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि प्रचार प्रसारमा जोड दिइनेछ र सो को प्रभावकारी अनुगमन गरिनेछ ।
9. अनलाईन सञ्चार माध्यमलाई अभिलेखीकरण गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

### ५.३.५ प्रमुख कार्यक्रम

1. सबै वडाहरुमा अप्टिकल फाईवर विस्तार
2. सबै वडाहरुमा डिजिटल सूचना पाटीको व्यवस्था
3. गाउँपालिका कार्यालयमा डाटा सेन्टरको स्थापना तथा डाटा अद्यावधि
4. गाउँपालिका तथा वडा कार्यालयहरुमा इन्टरनेटको व्यवस्था

६. भीमफेदीको मौलिकता प्रवर्द्धन एवं संरक्ष गर्न लघु चलचित्र निर्माण ।

### ५.३.६ अपेक्षित उपलब्धी

वडाहरूमा सिर्जना भएका सरकारी सूचनाहरू डाटा सेन्टरमा भण्डारण भई जुनसुकै प्रकोपको अवस्थामा समेत सुरक्षित रहने व्यवस्था भएको हुने, सबै नागरिकमा इन्टरनेटको पहुँच पुगेको हुने, सबै विद्यालयहरू र स्वास्थ्य सेवा कार्यालयमा आधुनिक सूचना प्रविधिको पहुँच पुगेको हुने, स्थानीय स्तरमा नै सूचना प्रविधिको क्षेत्रमा दक्षता अभिवृद्धि मार्फत् रोजगार सिर्जना भएको हुने, सरकारी कार्यहरूमा कागजको न्यूनतम प्रयोग भएको हुने, आम नागरिकले आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्न सक्षम भएको हुनेछ ।

## ५.४ आवास तथा वस्ती विकास

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । यस हक प्राप्तिका लागि केही कार्यहरु अगाडी बढेपनि पर्याप्त भएको छैन । स्थानीय तहको बढीभन्दा बढी योजनाहरु स-साना निर्माणहरुमा केन्द्रीत भएकोले आवास तथा वस्ती विकासको आभास हुन सकेको छैन ।

भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ ।

### ५.४.२ प्रमुख समस्या

भौगलिक विकटता, निर्वाहमुखी कृषि प्रणाली, छरिएको वस्ती, वसाई सराई, युवा जनशक्तिको विदेश पलायन, साधन स्रोतको उचित व्यवस्थापनमा कमि, स्थानीय क्षेत्रको आयोजना प्राथमिकिकरण कार्यमा कठिनाई, विकासका पूर्वाधारको कमि हुनु, जवाफदेहिताको अभाव र भ्रष्टाचार, एकिकृत गुरुयोजना निर्माण गरी योजनाबद्ध रुपमा पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यहरू अगाडि नबढ्नु, ठूला ग्रामीण पूर्वाधार जसमा आवास तथा वस्ती विकासमा पर्याप्त लगानी हुन नसक्नु, निर्माण भएका पूर्वाधारको दिगो व्यवस्थापन हुन नसक्नु, छरिएर रहेका बस्तीहरूमा आवश्यक सेवा तथा सुविधा पुऱ्याउन खर्चिलो हुनु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित र सुविधायुक्त आवास नहुनु, सामूहिक आवास निर्माणमा जनचासो नहुनु, भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, मापदण्ड विपरित आवास निर्माण हुनु र प्रभावकारी अनुगमन नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ५.४.३ चुनौती तथा अवसर

सुरक्षित र सुविधायुक्त एकीकृत बस्ती विकास गर्नु, स्थानीय भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्नु, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रकमलाई प्रभावकारी र उपलब्धिमूलक ढंगले सदुपयोग गर्नु र जनशक्तिको व्यवस्थापन र क्षमता वृद्धि गर्नु, छरिएर रहेका ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार तथा सेवाहरूको व्यवस्थापन गर्नु, भौगोलिक हिसाबले विकट र विपदको उच्च जोखिममा रहेका घरपरिवारको लागि एकीकृत् आवास तथा बस्ती विकास गर्नु, अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवारको स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामाग्रीको उच्चतम प्रयोग गरी किफायती र सुरक्षित आवास निर्माण गर्नु, गरिवीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई आवासको व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

लोकतान्त्रिक शासन प्रणाली, उदार अर्थतन्त्र हुनु, शहरी विकास प्राथमिकता पर्नु, उत्साहित र सक्षम निर्वाचित जनप्रतिनिधि हुनु, पूर्वाधार निर्माणका सामग्रीहरुको सहजै उपलब्ध हुनु, एकीकृत शहरी विकास प्रति निजी क्षेत्रको आकर्षण बढ्नु, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, स्थानीय सडक संजालको द्रुत गतिमा वृद्धि भई आर्थिक गतिविधि धेरै हुनाले शहर बसाल्ने सम्भावना रहनु, स्थानीय पूर्वाधार विकासमा स्थानीय अगुवाई बढ्नु र योजनबद्ध पूर्वाधार विकासका लागि प्रयास रहनु, विकट र विपद्को उच्च जोखिममा रहेका अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम संचालन हुनु,

सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि हुनु, बस्ती तथा आवास निर्माणमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## ५.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

गुणस्तरीय आवास तथा बस्ती विकास, दिगो सामाजिक आर्थिक र समृद्धिको आधार

**लक्ष्य**

स्थानीय, शहरी तथा ग्रामीण क्षेत्रमा पूर्वाधारको निर्माण, र एकीकृत आवास तथा बस्ती विकास गर्ने

**उद्देश्य**

1. स्थानीय स्तरमा र ग्रामीण क्षेत्रमा आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
2. स्थानीय तहको प्रशासनिक केन्द्र र गुणस्तरीय यातायात पूर्वाधार पुगेको क्षेत्र वरिपरि व्यवस्थित शहर विकास गर्नु ।
3. आर्थिक गतिविधिको दायरा र पहुँच वृद्धि गर्नु ।
4. एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न र सीमान्तकृत घर परिवारलाई एकताबद्ध गर्नु ।

**रणनीति**

1. स्थानीय स्तरमा आधारभूत ग्रामीण भौतिक पूर्वाधारको विकास गर्ने ।
2. बजार केन्द्र र आवासीय बस्तीहरूमा वातावरण मैत्री भौतिक पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने ।
3. ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्ने ।
4. शहरी क्षेत्र, घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा राजमार्ग क्षेत्रको बस्ती व्यबस्थित गर्ने ।

**कार्यनीति**

1. जोखिमयुक्त स्थानको पहिचान गरि ती ठाउँमा हुने सक्ने बस्ती विस्तार कार्यलाई निरुत्साहित गरिनेछ ।
2. विकास निर्माणका कार्यहरू गर्दा हुने वातावरणीय प्रभावहरूको न्यूनीकरणका उपाय अबलम्बन गरिनेछ ।
3. एकिकृत विकास गुरुयोजना निर्माण गरी क्रमागत रुपमा पूर्वाधार तथा सेवाहरूको विस्तार गरिनेछ ।
4. शहरी क्षेत्रमा अव्यवस्थित रुपमा बसोबास गर्दै आएका घरपरिवारलाई उपयुक्त स्थानमा आधारभूत पूर्वाधार सहितको बस्ती निर्माण गरी स्थानातरण गर्ने कार्य अगाडि बढाइनेछ ।
5. अति सीमान्तकृत्, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको व्यवस्था गरिनेछ ।
6. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।

## ५.४.५ प्रमुख कार्यक्रम

1. एकिकृत पूर्वाधार विकास गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन (डि.पी.आर) निर्माण
2. विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम संचालन
3. सुरक्षित र किफायती भवनको मोडेलहरु विकास गरी नागरिकलाई वितरण
4. भवन डिजाईन र निर्माण सम्वन्धी सचेतनामूलक कार्यक्रम
5. भवन आचारसंहिता निर्माण
6. स्वास्थ्य भवन निर्माण र मर्मत
7. वडा कार्यालय भवन र सेवा केन्द्र निर्माण
8. तरकारी संकलन केन्द्र निर्माण
9. विश्रामस्थल निर्माण
10. आँपचौरको वस्ती स्थानान्तरण ।

### ५.४.६ अपेक्षित उपलब्धी
गाउँपालिकाको एकिकृत पूर्वाधार विकास गुरुयोजनामा निर्माण भई योजनाबद्ध निर्माणले गति लिएको हुने, व्यवसायिक तथा आर्थिक हिसावले रणनीतिक महत्वका क्षेत्र पहिचान गरी नयाँ शहर बसाल्ने कार्य अगाडि बढेको हुने र गाउँपालिका शहरी विकास तर्फ उन्मुख भएको हुनेछ । ग्रामीण तथा शहरी जग्गा र बस्ती विकास भएको हुने, नागरिकलाई सुरक्षित आवासको व्यवस्था भएको हुने, सुरक्षित आवास निर्माणको माहोल सिर्जना भै सामूहिक आवासको व्यवस्था भएको हुनेछ ।

## ५.५ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण
### ५.५.१ पृष्ठभूमि
नेपालको संविधानले धार्मिक स्वतन्त्रताको हक प्रत्याभूति गर्दै धारा २६ मा धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने भनिएको छ । साथै प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी संचालन र संरक्षण गर्ने हक प्रदान गरेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐनले विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने भनिएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रुपमा विश्वमै सुपरिचित छ । हाम्रा सम्वृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने दायित्व बढेको छ ।
### ५.५.२ प्रमुख समस्या
धार्मिक तथा सांस्कृतिक महत्व बोकेका स्थलहरुको ऐतिहासिक महत्व विर्सदै जानु, प्राचीन सांस्कृतिक सम्पदा एवं तिनिहरुको स्वामित्वमा रहेको सम्पतिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाहरु माथि अव्यवस्थित शहरीकरणद्वारा सिर्जित अतिक्रमण हुनु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धि नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रयाप्त स्रोत साधन नहुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनका लागि स्थानीय तह र समुदायमा स्वामित्वको अनुभूति दिलाउनु नसकिनु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु, भाषा र संस्कृतिको क्षेत्रमा प्रयाप्त मात्रामा अध्ययन अनुसन्धान हुन नसक्नु र ऐतिहासिक महत्व बोकेका स्थलहरुको प्रचारप्रसार हुन नसक्नु मुख्य समस्या रहेका छन् ।

### ५.५.३ चुनौति तथा अवसर
ऐतिहासिक महत्व बोकेका स्थलहरुको दस्तावेजीकरण गर्नु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा सम्बन्धी नीति, कानुन् एवं अन्तर्राष्ट्रिय महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्नु, विश्व व्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाइराख्नु, विविधतामा एकता ल्याउने सशक्त माध्यम भाषा र संस्कृति भएकोले सबै भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु र संस्कृतिलाई राज्यको प्राथमिकतामा समावेश गरी प्रयाप्त स्रोत साधनको व्यवस्था मिलाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।
संविधानमा भाषा आयोगको प्रावधान रहनु तथा भाषा र संस्कृतिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूती हुनु, स्थानीय सरकार संचालन ऐनको विकास कार्य अन्तर्गत स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने किटान गरिनु, स्थानीय समुदायमा धार्मिक तथा सांस्कृतिक सहिष्णुता कायम हुनु र वाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिने अवसर रहेको छ ।

### ५.५.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति
**सोच**

सम्पदा संरक्षित गाउँपालिका

**लक्ष्य**

पालिकामा रहेका सम्पूर्ण सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्ने

**उद्देश्य**

1. सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गर्दै सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी स्थानीय मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पु-याउनु ।
2. भाषा, भेषभुषा, साहित्य, लिपि, संगीत, नाट्य कला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. स्थानीय संस्कृति र परम्पराको जगेर्ना गर्ने ।
2. स्थानीय सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन गर्ने ।
3. भाषा, भेषभूषा, साहित्य, लिपीको संरक्षण गर्ने ।

**कार्यनीति**

1. संस्कृति र परम्परासंग सम्बन्धित स्थान, भेषभुषा संरक्षणका लागि नीति तयार गरिनेछ ।
2. स्थानीय संस्कृति र परम्पराहरुको अभिलेखीकरण गरिनेछ ।
3. स्थानीय संस्कृति र परम्परामा रहेको सकारात्मक पक्षहरुलाई जानकार व्यक्तिहरुबाट युवापुस्तालाई जानकारी गराईनेछ ।
4. संस्कृति र परम्परा प्रवर्द्धनमा संलग्न व्यक्ति र संस्थाहरुलाई आवश्यक सहयोग गरिनेछ ।
5. स्थानीय सम्पदाहरुको जिर्णाद्वार गरिनेछ ।
6. पुरातात्विक विभागसंग समन्वय गरिनेछ ।
7. पालिका स्तरमा स्थानीय सम्पदाहरुको संरक्षण र व्यवस्थापनका लागि उपसमिति गठन गरिनेछ ।
8. सांस्कृतिक संग्रहालय निर्माण गरिनेछ ।
9. भाषा, भेषभूषा, लिपीको संरक्षणको क्षेत्रमा कार्यरत व्यक्ति र संस्थालाई सहयोग गरिनेछ ।
10. लोपोन्मुख भाषा, भेषभूषा र लिपीको संरक्षण गरिनेछ ।

### ५.५.५ प्रमुख कार्यक्रम

1. सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण र संरक्षण
2. भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराहरूको प्रचार प्रसार
3. धार्मिक तथा साँस्कृतिक संस्था वा समूहहरूको संस्थागत विकास
4. सांस्कृति, धार्मिक, ऐतिहासिक सम्पदाहरुको सौन्दर्यकरण
5. साहित्यक महोत्सव तथा प्रकाशन

### ५.५.६ अपेक्षित उपलब्धी

गाउँपालिकामा रहेको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ । भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका संस्थाहरूको स्थापना भई क्रियाशील हुनेछ । पालिका स्तरीय बहुसांस्कृतिक संग्रहालयको स्थापना र विकास भएको हुनेछ । धार्मिक सांस्कृतिक पहिचान बोकेको ऐतिहासिक सम्पदाहरुको सौन्दर्यकरण भएको हुनेछ ।

## ५.६ फोहोरमैला व्यवस्थापन तथा ढल निकास

### ५.६.१ पृष्ठभूमि

बढ्दो शहरीकरण र पूर्वाधार विकाससंगै फोहोरमैला व्यवस्थापन र ढल निकास अपरिहार्य हुन आउँछ । समुदायको पहिचान फोहोरमैला व्यवस्थापनसंग जोडिएकोले पनि यसको महत्व रहेको छ । यसका लागि स्थानीय सरकारको सोच र जनतामा यसप्रति चेतना हुनु जरुरी हुन्छ । फोहोरमैला आफैमा समस्या नभई यसको उचित व्यवस्थापन हुन जरुरी हुन्छ । यसका लागि स्थानीय सरकारले फोहोरमैला व्यवस्थापन र ढल निकासलाई पूर्वाधार विकाससंग जोडेर लानुपर्दछ । स्थानीय कानून बनाई जनतालाई सचेत गराउन सकेमा सफा गाउँवस्तीको पहिचान स्थापित गराउन सकिन्छ । फोहोरमैला व्यवस्था गर्नु सरकारको दायित्व रहेको हुँदा यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ । घरबाट निस्कने फोहोरको घरमा नै वर्गीकरण, खुला दिसा पिसाबमुक्त अभियानलाई निरन्तरता दिदै वातावरणीय सरसफाइमा विशेष जोड दिनुपर्दछ ।

यस गाउँपालिकाको ८३ प्रतिशत घरधुरीहरुले आफनो घरबाट निस्कने फोहोरलाई गाड्ने वा डढाउने गर्दछन्, १६.८४ प्रतिशत घरधुरीले थोपार्ने गर्दछन् भने ३ घरधुरीले फोहोर संकलकलाई दिने गर्दछन् ।

### ५.६.२ प्रमुख समस्या

मानव मल-मुत्रजन्य फाहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, नदीनाला, जलाशय तथा वातावरण क्रमश प्रदुषित हुँदै गएका छन् । सरसफाई तथा स्वच्छ खानेपानीको क्षेत्रमा पर्याप्त लगानी नहुनु, सडक निर्माणसंगै ढलको व्यवस्था नहुनु, बस्ती विकाससंगै फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा नराख्नु, गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाईको मूल प्रभावबाट बाहिर हुनु, प्लाष्टिकजन्य फोहोर निष्कासन, फोहरमैलाको व्यवस्थापन सम्वन्धी जनचेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ५.६.३ चुनौती तथा अवसर

बढ्दो शहरीकरण, बसाईसराईबाट सरसफाई र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाई र ब्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, फोहोरमैला व्यवस्थापनका लागि घरपरिवारलाई जिम्मेवार बनाउनु, प्लाष्टिकजन्य पदार्थहरु डढाउने प्रवृति, वस्ती तथा बाटोमा फोहोर फाल्ने परिपाटी, फोहोरको रुपमा निस्कने प्लाष्टिकजन्य तथा बोतलहरुको मात्रा बढ्दै जानु, आवश्यकता अनुसारको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो ब्यवस्थापनको लागि उपभोक्ताहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

फोहोरमैलाको विषय आम चासोको विषय हुँदै जानु, सरसफाई क्षेत्र प्राथमिकतामा पर्नु, यस क्षेत्रमा लगानी आकर्षण हुँदै जानु, फोहोरमैला व्यवस्थापनमा जनप्रतिनिधि र समुदाय संवेदनशील हुँदै जानु, सरसफाई र फोहोरमैला व्यवस्थापनमा सहयोगी संस्था र समुदायको सहकार्य हुनु, आयोजनाको छनौट, संचालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, प्राकृतिक तथा सार्वजनिक जलासय र स्थानहरुमा फोहोरमैला गर्न बन्देज गरिनु, जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु, फोहोर मैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ५.६.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

भीमफेदीको पहिचान सफा, सुन्दर गाउँबस्ती

**लक्ष्य**

फोहोरमैलाको दिगो व्यवस्थापन र ढल निकास सेवा विस्तार गर्ने

**उद्देश्य**

1. गाउँघरबाट निस्कने सबै प्रकारका फोहोरको प्रभावकारी व्यवस्थापन गर्नु ।
2. पूर्वाधार विकासमा ढल निकासको विकास गर्नु ।

**रणनीति**

1. सरसफाई तथा शौचालयको पहुँचमा वृद्धि गर्ने ।
2. फोहोरमैला व्यवस्थापनका लागि बैज्ञानिक पद्धति अवलम्वन गर्ने
3. शहरोन्मुख तथा बजार क्षेत्रमा सरसफाई सेवाको स्तर वृद्धि गर्ने ।
4. फोहोरमैला व्यवस्थापनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।
5. सरसफाइको लागि ढल निकासको व्यवस्था गर्ने ।

**कार्यनीति**

1. सार्वजनिक स्थल र सडक फोहोरमैला व्यवस्थापन नीति तयार गरिनेछ ।
2. फोहोरमैला व्यवस्थापनका लागि टोल विकास संस्था र स्थानीय समूहहरुलाई परिचालन गरिनेछ ।
3. विकास साझेदार निकाय, गैरसरकारी संस्थासँगको सहकार्यमा फोहोरमैला व्यवस्थापन कार्य गरिनेछ ।
4. कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी फोहोर व्यवस्थापन गरिनेछ ।
5. फोहोरमैला व्यवस्थापनका लागि 3R (Reduce, Reuse & Recycle) को नीति अवलम्वन गरिनेछ ।

6. फोहोरमैलाबाट वायो ग्याँस उत्पादन गरिनेछ ।
7. फोहोरमैला व्यवस्थापनका लागि सामग्री वितरण गरिनेछ ।
8. फोहोरमैला व्यवस्थापन गर्ने कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।
9. जलाधार क्षेत्रभित्रका पुरातात्विक तथा ऐतिहासिक कुवा तथा पोखरीको संरक्षण गरी फोहोरमुक्त गरिनेछ ।
10. नवनिर्मित सडकहरुमा अनिवार्य ढल निकासको व्यवस्था गरिनेछ ।
11. मूख्य सडकहरुमा ढल निकासलाई प्रभावकारी बनाईनेछ ।
12. प्रदेश सरकार र सहयोगी संस्थाहरुको समन्वयमा ढल निर्माण गरिनेछ ।

### ५.६.५ प्रमुख कार्यक्रम

1. फोहोरमैला व्यवस्थापनको गुरुयोजना निर्माण
2. फोहोर व्यवस्थापनका लागि ल्याण्डफिलसाइट व्यवस्थापन
3. फोहो व्यवस्थापनका लागि साधन व्यवस्था
4. घरदेखि नै फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभियान र टोल समिति गठन र परिचालन
5. सामूहिक कोषको व्यवस्था
6. विद्यालय, कार्यालय फोहोरमैला व्यवस्थापन कार्यक्रम
7. खुल्ला दिसापिसावमुक्त कार्यक्रमलाई निरन्तरता
8. फोहोरमैला व्यवस्थापन सम्वन्धी जनचेतना र सामग्री वितरण

### ५.६.६ अपेक्षित उपलब्धी

गाउँपालिका स्तरीय सरसफाइ नीति तर्जुमा भई कार्यान्वयन भएको हुने, सबै बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण भएको हुने, मूख्य सडक र सहायक सडकहरुमा ढल निर्माण भएको हुने, घरबाट निस्कने फोहोरको घरमा ने व्यवस्थापन गरेको हुने, खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुका लागि संस्थागत विकास र फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको हुने र घर, सडक र बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद छ : लोकतन्त्र र सुशासन

## ६.१ स्थानीय एकता, शान्ति, सुव्यवस्था र सुरक्षा

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधिता बीचको एकता संवर्द्धन गर्ने संकल्प गरेको छ । त्यसैगरी, संविधानले राज्यका नीतिहरु अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण राख्ने तथा विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी परस्पामा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने नीति अंगिकार गरेको छ । स्थानीय तहमा रहेका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिको जगेर्ना र सम्बर्द्धन गर्न प्रादेशिक एकता कार्यक्रम ल्याई सो मार्फत् सम्पूर्ण नागरिकबीच सद्भाव बढाउने प्रयास गर्न आवश्यक छ ।

साथै प्रभावकारी सुरक्षा प्रवन्ध सुशासन र विकासको पूर्वसर्त हो । शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न र उच्च, फराकिलो र समावेशी आर्थिक विकासका लागि समेत प्रभावकारी सुरक्षा व्यवस्था हुन आवश्यक छ । त्यसैगरी सुशासन र विकास दिगो शान्ति र स्थिरताको मूल आधार हो । कानूनको प्रभावकारी कार्यान्वयन र अपराध नियन्त्रण मार्फत नागरिकलाई सुखी र खुसी तुल्याउन तथा सामाजिक-आर्थिक विकासका लागि भरपर्दो आधार निर्माण गर्न शान्ति सुरक्षाको विकास हुन जरुरी छ । नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशीलामा टेकेर प्रारूप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तीय रूपले दिगो, सुदृढ तथा प्रभावकारीबनाउनु आवश्यक भएकोछ ।

### ६.१.२ प्रमुख समस्या

स्थानीय स्तरमा धार्मिक, सामाजिक, सांस्कृतिक, जातीय विविधता भित्र पहिचानको विषयलाई उचित एवं उपलब्धिमूलक ढंगले व्यवस्थापन गर्नु, साम्प्रदायिकता वा अन्य अतिवादको नाममा हुने घटनाका कारण थप द्वन्द्व र अविश्वासको वातावरण सिर्जना हुने सम्भावना रहनु, सुरक्षा निकायको आधुनिकीकरण नहुनु, भरपर्दो सूचना सञ्जालको व्यवस्था नहुनु, सरकारी एवं सार्वजनिक सम्पत्तिको अनाधिकृत अतिक्रमण नरोकिनु तथा मानव वेचविखन जस्ता समस्याहरु नरोकिनु, शान्ति सुरक्षाको लागि सुरक्षा प्रणालीलाई समायानुकुल विकास गर्न नसकिनु, शान्ति सुव्यवस्था प्रति जनस्तरमा दायित्वबोध हुन नसक्नु, शान्ति सुरक्षाको पूर्व सजगकता, पूर्व तयारी र प्रयाप्त सावधानी अपनाउन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

### ६.१.३ चुनौती तथा अवसर

राष्ट्रियतालाई अक्षुण्ण राख्ने, राष्ट्र र राष्ट्रियता कुनै व्यक्ति, समुदाय वा क्षेत्रीयता भन्दा माथि होऊँ भन्ने भावना जागृत गराउनु, सर्व वर्ग र समुदायको पहिचान र भावनाको कदर गर्नु, संघ, प्रदेश र स्थानीय तहका एकाइबीच आ-आफ्नो क्षेत्राधिकार कार्यान्वयन गर्दा सहकारिता, समन्वय र सहअस्तित्वको आधारमा राष्ट्रियता र राष्ट्रिय एकताको भावनालाई सर्वोपरि राखी गर्ने कार्य संस्कृतिको विकास गर्नु, भरपर्दो सूचना सञ्जालको व्यवस्थागर्न, सरकारी एवं सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु, यथेष्ट स्रोत साधनको व्यवस्था गर्नु, सुरक्षाको लागि जिम्मेवार निकायहरुबीचको समन्वय कायम गर्नु तथा मानव बेचबिखन, द्वन्द्वका स्रोतको समयमा नै आँकलन गरी व्यवस्थापन गर्नु, सामाजिक विकृति, विभेद, बहिष्करण र सामाजिक-आर्थिक असुरक्षा यस क्षेत्रका चुनौति रहेका छन् ।बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगलिक विविधता बीचको एकता कायम राख्ने गरी गरिएको संवैधानिक व्यवस्था, सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित संघियताको सुनिश्चितता, नेपालीको नेपाल राष्ट्र निर्माण गर्ने चाहना, आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार एवं विभिन्न क्षेत्रको विकासको अवसर, जातिगत, भाषिक, सांस्कृतिक, भौगलिक एवं धार्मिक विविधता व्यवस्थापनको संवैधानिक व्यवस्था र तीन तहका सरकारबीचको अन्तर आवद्धता,सुरक्षा निकायहरुका संरचनाहरुमा विस्तार, जन चेतनामा आएको सुधार, अनुसन्धान र सूचना प्रविधिमा भएको विकास र सञ्चार सुविधाको तीव्र विस्तार यस क्षेत्रका अवसरहरु हुन् ।

### ६.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

एकताको संरक्षण र सम्बर्द्धन, स्थानीय सुरक्षा र शान्तिको प्रवर्द्धन

**लक्ष्य**

बहुल समाजको विशेषतालाई गापाको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकाससंग आबद्ध गरी स्थानीय स्तरमा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने

**उद्देश्य**

1. विविधताको उचित सम्बोधन र सम्मान मार्फत स्थानीय स्तरमा एकता सुदृढ बनाउनु ।
2. गापामा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।

**रणनीति**

1. विविधतायुक्त विशेषता र यसका सवल पक्षको सम्बन्धमा स्थानीय स्तरमा जनचेतना फैलाउने ।
2. आपसी सद्भाव र मेलमिलापको माध्यमबाट सभ्य समाजको निर्माण गर्न नागरिकलाई प्रेरित गर्ने ।
3. समाजमा द्वेष र अन्तरद्वन्द फैलाउने गतिविधिलाई कानूनी दायरामा ल्याउने ।
4. गापामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।
5. शान्ति सुरक्षा स्थापनामा विधिको शासनलाई प्राथमिकतामा राखी काम गर्ने
6. मानव बेचविखन, अपराध नियन्त्रण तथा लागू औषध नियन्त्रण गर्ने ।
7. विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने ।

**कार्यनीति**

1. स्थानीय तहमा सामाजिक एकता सम्बन्धि आचार संहिता निर्माण गरी त्यसको कार्यान्वयन गरिनेछ ।
2. स्थानीय स्तरमा शान्ति, सुव्यवस्था, आपसी मेलमिलाप र सद्भाव बढाउन प्रत्येक नागरिक जिम्मेवार बन्ने गरी नागरिकलाई उत्प्रेरित हुने किसिमका कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
3. स्थानीय तहमा एकता तथा सामाजिक सद्भाव र सहिष्णुता प्रवर्द्धन हुने क्रियाकलाप पहिचान र संचालन गरी नागरिकसंगको सम्वन्ध सौहार्दपूर्ण बनाइने छ ।
4. सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ ।
5. अपराध नियन्त्रण गर्न नयाँ प्रविधिलाई प्रयोगमा ल्याइनेछ ।
6. सुरक्षाकर्मीहरूका लागि मानव अधिकार, मानवीय कानुन तथा विधिको शासन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
7. मानववेचबिखन तथा अपराध नियन्त्रण गरिनेछ ।
8. लागु औषधको अवैध ओसारपसार, बिक्रीवितरण र उपभोगलाई कडाइकासाथ नियन्त्रण गरिनेछ ।
9. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, पर्याप्त स्रोतसाधनको व्यवस्था र जनस्तरमा सचेतना विस्तार गरिनेछ ।
10. विपद् व्यवस्थापनमा दक्ष जनशक्ति तयार गरिनेछ ।
11. विपद् व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

### ६.१.५ प्रमुख कार्यक्रम

1. पालिकाको सुरक्षा नीति तर्जुमा
2. विद्युतिय शासनको अवधारणाको प्रभावकारी कार्यान्वयन
3. मेलमिलाप केन्द्रको स्थापना र सञ्चालन,

४. सामाजिक एकताका लागि सदभावमुलक कार्यक्रम
५. लागू औषध नियन्त्रण र अनुगमन
६. प्रकोपबाट हुने क्षति न्यूनीकरणका लागि पूर्व सूचना प्रणालीको व्यवस्था
७. स्थानीय युवाहरुलाई विपद् व्यवस्थापन तालिम
८. विपद्को समयमा राहत सामग्री वितरण
९. हरेक वडाहरुमा टोलसुधार समिति गठन तथा परिचालन ।

### ६.१.६ अपेक्षित उपलब्धी

स्थानीय स्तरमा सबै जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता थपसुदृढ भएकोहुने र सामाजिक र सांस्कृतिक रुपले अझ सभ्य र परिष्कृत नागरिक तयारभएको हुनेछ ।विपद् व्यवस्थापनका सबै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण भएको हुने, क्षतिलाई न्यूनीकरण गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धिभएको हुने, दण्डहिनताको अन्त्य, अपराधका घटनाहरुको न्यूनिकरण, मानव वेचविखनका घटनाको नियन्त्रण तथा सामाजिक शान्ति कायम भएको हुनेछ । लागू पदार्थको कारोवार एवं दुर्व्यसन नियन्त्रण, मदिराको उत्पादन, विक्रि वितरण एवं प्रयोग व्यवस्थित भै स्वस्थ, सभ्य र अपराधमुक्त समाजको निर्माण भएको हुनेछ । साइवर क्राइम, आर्थिक अपराध, मानव वेचविखन र लागू पदार्थ अपराधमा उल्लेख्य कमि आएको हुनेछ ।

## ६.२ नेतृत्व विकास र मानव अधिकार तथा सामाजिक न्याय

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने, शासन व्यवस्थामा समानुपातिक सहभागितामूलक सिद्धान्तलाई आत्मसा तगर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने उद्देश्य लिएको छ । संविधानले निर्देश गरेका सिद्धान्तमा आधारित भै देश र जनताका लागि परिलक्षित दायित्व पूरा गर्न लोकतान्त्रिक प्रणालीमा अपनत्व र विश्वास रहने गरी विकासका लागि टेवा दिन सक्ने राजनीतिक र प्रशासनिक प्रणालीको विकास गर्न जरुरी छ । यसका लागि सम्बन्धित विषयवस्तुको पूर्ण ज्ञान, सबै पक्षलाई समेट्ने सीप र सकारात्मक धारणा सहितको नेतृत्व निर्माण आजको आवश्यकता हो ।

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ । नेपाल संयुक्त राष्ट्र संघको बडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि संवैधानिक, कानुनी, नीतिगत एवं संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि स्थानीय तहमा पनि विकास गर्नुपर्ने देखिन्छ । अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत् मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासाग संरचनागत एवं कार्यात्मक रुपमा जोड्दै लानु आवश्यक देखिन्छ ।

### ६.२.२ प्रमुख समस्या

समग्र राष्ट्रिय स्तरमा जस्तै स्थानीय स्तरमा पनि असल राजनीतिक तथा प्रशासनिक संस्कारको विकास, संवर्द्धन एवं प्रवर्द्धन हुन नसक्नु, इमान्दार नेतृत्व निर्माणका सम्बन्धमा राजनीतिक एवं प्रशासनिक नेतृत्वको भुमिकालाई थप उदाहरणीय बनाउन नसक्नु, नेतृत्व निर्माण तथा नेतृत्व विकासलाई सहयोग पुग्ने सामाजिक वातावरणको अभाव हुनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्न युवाको व्यक्तित्व विकास र शसक्तिकरणका लागि अपेक्षाकृत अवसर प्रदान गर्न नसक्नु, अझै पनि समाजमा रहेका भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैंगिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, गापाको भौगोलिक संरचना, पूर्वाधार एवं सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूतिका लागि प्रमुख समस्याको रुपमा रहेका छन् । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी स्थानीय स्तरमा संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु,

राजनीतिक, सामाजिक एवं मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता र संस्कारको पद्धति स्थापित हुन नसक्नु, संस्थागत रुपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता विषय प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ६.२.३ चुनौती तथा अवसर

स्थानीय राजनीतिक प्रणालीमा क्षमतावान र नैतिकवान नेतृत्वको विकास गर्नु, बृहत नेतृत्वको अभ्यास गर्नु, नेतृत्वमा देश र जनता प्रति समर्पण भावको विकासगर्नु, योग्यता र क्षमताको आधारमा नेतृत्व चयन प्रणालीको अभ्यास गर्नु, नेतृत्वलाई निष्ठा, सदाचार, ईमान्दारिताको मानकको रुपमा स्थापित गराउनु, युवाको सशक्तिकरणसंगै व्यवसायिक नेतृत्व विकास गर्नु र नेतृत्वमा पनि दण्ड पुरक्ष्कार पद्धति लागू गर्नु, संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु, मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवं आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु, मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धमा स्थानीय स्तरीय संस्थागत र नीतिगत व्यवस्था नहुनु, जस्ता चुनौती रहेका छन् ।

लोकतान्त्रिक व्यवस्था र संघीय शासन प्रणाली अनुरुप राज्यको तल्लो तहदेखि राजनीतिक अभ्यास गर्ने र नेतृत्व निर्माण गर्ने सक्षम नेतृत्व हुनु, सहभागितामूलक नेतृत्वशैलीको अभ्यास र समावेशी नेतृत्वको अभ्यास बढ्नु, नेतृत्व छनौटमा प्रजातान्त्रिक शैली अवलम्वन गरिनु, विकासका सवै क्षेत्रमा युवापुस्ताको सहभागिता उल्लेख्य रुपमा बढ्दै जानु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सञ्जालीकरण तथा अवसर प्राप्त हुनु र कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कार्य सम्पादन करार सम्फौता लागू गर्ने अभ्यास सुरुवात हुनु, विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्यमान्यतालाई नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गर्नु, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हुनु, मानव अधिकारसंग सम्बन्धित क्षेत्रीय, अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा ऐच्छिक प्रोटोकलको पक्ष राष्ट्र हुनु, संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्ट गरी नागरिकले वास्तविक रुपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनु, संविधान एवं कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लघंनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु, मानव अधिकारको संरक्षण र सम्मान गर्न स्थानीय सरकार प्रतिबद्ध रहनु जस्ता मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि महत्वपूर्ण अवसर हुन् ।

### ६.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

स्थानीय स्तरमा निष्ठावान, सक्षम, ईमान्दार र गतिशिल नेतृत्व विकास र स्वअनुशासित र समतामूलक समाजको निर्माण

**लक्ष्य**

शासन सञ्चालन, व्यवस्थापन र सर्वाङ्गिण विकासलाई प्रभावकारी रुपमा अगाडि बढाउन स्थानीय स्तरमा सक्षम एवं कुशल नेतृत्वको विकास गर्ने र संविधान प्रदत्त अधिकारको निर्वाद उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने

**उद्देश्य**

1. स्थानीय तहको सर्वाङ्गीण विकास र शुसासनका लागि राजनैतिक, प्रशासनिक, सामाजिक, व्यवसायिक लगायत सवै क्षेत्रमा सक्षम तथा कुशल नेतृत्व विकास गर्नु ।
2. स्थानीय तहको नेतृत्व बीचको अन्तर सम्बन्धलाई प्रगाढ बनाउँदै सहभागितात्मक एवं सहकार्यात्मक नेतृत्वशैली विकास गर्नु ।
3. मानव अधिकारको सम्मान, संरक्षण, संबर्द्धन तथा उपभोग गर्नु ।
4. जोखिममा रहेका सीमान्तकृत, विपन्न, लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका एवं पिछडिएका क्षेत्र, वर्ग, र समुदायको अधिकार सुनिश्चित गर्नु ।
5. मानव अधिकार प्रवर्द्धन तथा सामाजिक न्याय कायम हुनेगरी मानव अधिकारमैत्री शासन पद्धतिको विकास गर्नु ।

### रणनीति

1. स्थानीय तहमा सक्षम र प्रभावकारी नेतृत्व विकासका लागि योजना तयार गर्ने ।
2. स्थानीयतहको नेतृत्व बीचको अन्तरसम्बन्धलाई प्रभावकारी वनाउन साझेदारी र सहकार्यको विकासगर्ने ।
3. पदमा मात्र आधारित नभै क्षमतामा आधारित नेतृत्व विकासलाई प्राथमिकता दिने ।
4. मौलिक हक सम्बन्धी कानुनहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
5. मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।
6. समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने ।
7. स्थानीय तहबाट सम्पन्न गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा मानव अधिकारमुखी पद्धति अपनाउने ।

### कार्यनीति

1. नेतृत्व विकासका लागि कार्य योजना तयार गरी लागू गरिने छ ।
2. पुस्तान्तरण नेतृत्व विकासका लागि उत्तराधिकार योजना बनाई लागू गरिने छ ।
3. नेतृत्व बिचको साझेदारी र सहकार्य विकास गर्न सार्वजनिक, निजि, सहकारी र गैह्र सरकारी संस्थासंग सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ ।
4. सफल नेतृत्वलाई आदर्श र अनुकरणिय व्यक्तिको रुपमा सम्मान गर्ने संस्कृतिको विकास गरिने छ ।
5. सवल र सक्षम नेतृत्व विकासको लागि नेतृत्व विकास सम्बन्धी उपयुक्त वातावरण निर्माण गरिने छ ।
6. स्थानीयतहबाट मौलिक हक कार्यान्वयनगर्ने कानुनहरूको कार्यान्वयनको लागि स्रोतसाधनको व्यवस्था गरिनेछ ।
7. न्यायमा पहुँच सुनिश्चित गर्न संघसँगको समन्वयमा नि:शुल्क कानुनी सहायता सम्बन्धी व्यवस्था गरिनेछ ।
8. मानव अधिकार उल्लघंनको घटनाका पीडकलाई कारवाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिनेछ ।
9. जोखिममा रहेका विपन्न, सीमान्तकृत एवं उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ ।
10. स्थानीय सरकारबाट तयार हुने नीति तथा कार्यक्रम, कार्ययोजना र विकास क्रियाकलाप मानव अधिकार मैत्री हुने गरी सञ्चालन गरिनेछ ।
11. मानव अधिकार मैत्री प्रादेशिक नीति,योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

### ६.२.५ प्रमुख कार्यक्रम

1. जनप्रतिनिधिहरुका लागि नेतृत्व विकासमा तालिम प्रदान
2. युवाहरु, महिला कृषक समूह, सहकारीका लागि नेतृत्व तालिम
3. सफल नेतृत्वलाई आदर्श र अनुकरणिय व्यक्तिका रुपमा सम्मान
4. वडा तथा विद्यालय स्तरमा मानव अधिकार सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम
5. फरक क्षमता भएका, असहाय, सीमान्तकृत् वर्ग र क्षेत्रका सेवाग्राहीलाई सेवाप्रवाहमा विशेष व्यवस्था
6. पीडित महिला र वालवालिकालाई आर्थिक तथा कानुनी परामर्श सहायता प्रदान ।

### ६.२.६ अपेक्षित उपलब्धी

स्थानीय तहको शासन व्यवस्था प्रभावकारी रुपमा सञ्चालन गर्न सक्ने क्षमतायुक्त र कुशल नेतृत्व निर्माणका लागि आवश्यक योजना निर्माण भएको हुने, सरोकारवाला निकायसंग समन्वय र सहकार्य गरिएको हुने, सक्षम र सफल नेर्तत्व मार्फत गापाको विकासले गति लिएको हुनेछ । योजनाको अन्तमा मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धमा निर्माण भएका कानुन, अदालतका आदेश र फैसला कार्यान्वयन भई गापाभित्र मानव अधिकारको व्यावहारिक र संस्थागत रुपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुनेछ । साथै मानव अधिकारमैत्री स्थानीय नीति, योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा भएको हुनेछ ।

## ६.३ संघीय शासन प्रणाली

### ६.३.१ पृष्ठभूमि

विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागू भएको छ ।

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भई तीनै तहमा सरकार गठन भइसकेका छन् । नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्दतिको मूल आधार मानेको छ । सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध गाउँपालिका निर्माण गर्न आवश्यक छ ।

### ६.३.२ प्रमुख समस्या

नेपालको सन्दर्भमा स्थानीय संरचना नितान्त नवीन हुनु, संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइ नसक्नु, संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नहुनु, एक अर्को सरकार बीच अपेक्षित समन्वय कायम हुन नसक्नु र स्थानीय तहको क्षमता विकासको स्पष्ट योजना नबन्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

### ६.३.३ चुनौती तथा अवसर

संघीयताबारे सरोकारवालाको समान बुझाई कायम गर्नु, प्रशासन र राजनीतिबीच अन्तरसम्बन्ध परिभाषित गर्नु, स्पष्ट कानुनी आधार नहुनु, पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु, कर्मचारी व्यवस्थापन गर्नु, वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्नु, संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु र सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु प्रमुख चुनौती हुन् ।

राजनीतिक प्रतिबद्धता सहितको निर्वाचित स्थिर सरकार, प्रशासनिक संरचना र आवश्यक आधार भूत कानुनहरूको उपलब्धता, संघीयता कार्यान्वयनका लागि सहयोगी वातावरण, सकारात्मक नागरिकसोच जस्ता अवसरहरू रहेका छन् ।

### ६.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासनप्रणालीमा स्थानीय तहको प्रभावकारी भूमिका निर्वाह गर्ने

**लक्ष्य**

स्थानीय तहका सबै नागरिकलाई संघीय शासन पद्धतिबाट प्राप्त हुने लाभमा समान पहुँच र अवसर सुनिश्चित गर्ने

**उद्देश्य**

1. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्नु ।
2. जनताको नजिकमा रहेर छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।
3. राजनीतिक एवं प्रशासनिक नेतृत्व विकासको माध्यमबाट संघीयता सुदृढीकरण गर्नु ।

**रणनीति**

1. समावेशी तथा समन्यायिक विकासका लागि आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने ।
2. स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक ब्यवस्था गर्ने ।
3. जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने ।

**कार्यनीति**

1. स्थानीय तहका नीति, योजना, कानुन तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रुपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।
2. संघीयता कार्यान्वयनका लागि स्थानीय तहमा कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ ।
3. संघीयता कार्यान्वयन गर्न प्रदेश र स्थानीय तह बीचका समस्याहरू समाधान गरिनेछ ।
4. सेवा प्रवाहकोलागि आवश्यक नीतिगत र कानुनी आधार तयारगरी संस्थागत संरचनाको विकास गरिनेछ ।
5. सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ ।
6. स्थानीय तहबाट नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ ।
7. स्थानीय तहका जनप्रतिनिधि तथा सम्बद्ध संघ र महासंघको नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

8. सम्बन्धित पदाधिकारी तथा कर्मचारीको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
9. संघीयता कार्यान्वयन सम्बन्धी तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ ।

### ६.३.५ प्रमुख कार्यक्रम

1. जनचेतनामूलक तथा अन्तर्क्रियात्मक कार्यक्रम
2. स्थानीय राजनीतिक नेतृत्वको क्षमता विकास
3. संघीयता कार्यान्वयनको लागि आवश्यक संगठन संरचनाको निर्माण
4. संघीयता कार्यान्वयन गर्न आवश्यक स्थानीय कानूनको निर्माण ।

### ६.३.६ अपेक्षित उपलब्धी

योजनाको अन्तमा गाउपालिकाका लागि आवश्यक कानुन, नीति, संस्थागत संरचना निर्माण भएको हुने, संघीयता सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने, जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेको हुने, जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ ।

## ६.४ स्थानीय तहको सन्तुलित विकास

### ६.४.१ पृष्ठभूमि

सघं, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोतसाधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँट गर्दा विभिन्न तहहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोतसाधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने अवधारणा रहेको छ । लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने संघीयताको मूल ध्येय रहेको छ । नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसात गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदैं सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ ।

### ६.४.२ प्रमुख समस्या

भौगोलिक बिकटताले गर्दा भीमफेदीका केही बिकट वडाहरू गाउँपालिकाको विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु तथा निर्माण तथा भौतिक पूर्वाधारहरू बजार केन्द्रित हुनु यहाँको सन्तुलित विकासकालागि मुख्य समस्याका रुपमा रहेका छन् ।

### ६.४.३ चुनौती र अवसर

दुर्गम वडाहरूमा पूर्वाधार विकासकालागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु, भौगोलिक कठिनाइ र बिकटताको कारण पूर्वाधार निर्माणमा कठिनाइ हुनु, संघीयता कार्यान्वयन र दीर्घकालीन विकासका नियमित कार्यक्रम र आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोतसाधनको सन्तुलित संयोजन कायम गर्नु, जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु ।

जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा हुनु, पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु, गरिबी निवारण तथा रोजगारीकालागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था हुनु, विकास कार्यक्रमको मागमा अत्यधिक बृद्धि हुनु ।

### ६.४.४ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

गाउँपालिकाको सन्तुलित विकासमा व्यवहारिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने

**लक्ष्य**

सन्तुलित विकासका माध्यमबाट जनताको जीवन स्तरमा सुधार गर्ने

**उद्देश्य**

बिकट र पिछडिएका वडा तथा बस्तीमा समन्यायिक विकास गर्नु ।

**रणनीति**

1. स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी बृद्धि गरी सन्तुलित विकास गर्ने ।
2. जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने ।

**कार्यनीति**

1. प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
2. कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ ।

3. स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
4. स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ ।
5. पछाडि परेका वा पारिएका क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
6. पछाडि परेका क्षेत्र, सीमान्तकृत् व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणकोलागि सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
7. खानेपानी, सरसफाइ लगायत भौतिक पूर्वाधार तथा उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुर्‍याउने व्यवस्था गरिनेछ ।

### ६.४.५ प्रमुख कार्यक्रमहरु

1. स्थानीय रोजगारी प्रवर्द्धन र क्षमता विकासका कार्यक्रम सञ्चालन
2. सन्तुलित विकास प्रवर्द्धन
3. सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम ।

### ६.४.६ अपेक्षित उपलब्धि

पिछाडिएका वर्ग तथा क्षेत्र लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछ । प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ । पिछडिएका क्षेत्र र वर्ग पनि विकासको मूलधारमा समाहित भएका हुनेछन् ।

## ६.५ शासकीय सुधार

### ६.५.१ पृष्ठभूमि

गाउँपालिकाको अबको कार्यदिशा भनेको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै पालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूत गर्नु हुनेछ । सबै जनप्रतिनिधि तथा कर्मचारीको कुशल शासकीय व्यवस्थापनद्वारा नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न र शासन सञ्चालनकालागि विद्यमान पद्धति र औजारलाई समयसापेक्ष बनाउँदै लैजानु आवश्यक छ ।

### ६.५.२ प्रमुख समस्या

जनप्रतिनिधि तथा कर्मचारीको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु साथै पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रूपमा विकास भई नसक्नु आदि यहाँका समस्याका रुपमा रहेका छन् ।

### ६.५.३ चुनौती र अवसर

सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु, जनताको घर दैलोमा विकासका कार्यक्रम पुर्‍याउनु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु, विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई स्थानीय सरकारप्रति उत्साह पैदा गर्नु लगायत यस क्षेत्रका चुनौतीहरु हुन ।

पालिकाको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु, राज्यका तीनै तहमा निर्वाचन सम्पन्न भई स्थिर सरकार गठन हुनु, नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु, आयोजनाको छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु, अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु आदी शासकीय सुधार क्षेत्रको अवसरको रुपमा रहेका छन ।

### ६.५.४ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था कायम भएको हुने

**लक्ष्य**

प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत् सुशासनको प्रत्याभूति गर्नु

**उद्देश्य**

1. भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु ।

**रणनीति**

1. विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने ।
2. कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने ।
3. पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने ।
4. पालिकाका काम कार्वाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने ।

**कार्यनीति**

1. वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ ।
2. अनुगमनको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ ।
3. विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ ।
4. छिटो छरितो गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार गरिनेछ ।
5. सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरी कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गरिनेछ ।
6. सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ ।
7. सबै सार्वजनिक निकायमा नागरिकबडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ ।
8. सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ ।
9. मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास गरिनेछ ।
10. पालिकाका कामकार्वाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ ।
11. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरिनेछ ।

### ६.५.५ प्रमुख कार्यक्रमहरु

1. सार्वजनिक नागरिक सुनुवाइलाई व्यवस्थित बनाउँदै सबै जनताको उपस्थितिको सुनिश्चितता गरिनेछ
2. नियमित वेवसाइट अद्यावधिक तथा व्यवस्थापन परीक्षण
3. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास
4. कर्मचारीको कार्यसम्पादनलाई कार्य प्रगतिसँग आवद्धता
5. कर्मचारीहरुको कार्यसम्पादन अभिृद्धि तालिम
6. कर्मचारीहरुको मनोवल र उत्प्रेरणा अभिवृद्धि
7. जनप्रतिनिधि तथा कर्मचारीका लागि आवास व्यवस्थापन
8. सूचना प्रविधिमा आधारित सेवा प्रवाह सञ्चालन
9. जनगुनासो व्यवस्थापनका लागि उजुरी पेटिकाको व्यवस्थापन ।

### ६.५.६ अपेक्षित उपलब्धि

गाउँपालिकाको काम कारबाही स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामूलक, नागरिकमैत्री तथा प्रविधिमैत्री भएको हुनेछ । नागरिकको गुनासो प्रत्यक्ष रूपमा सुनुवाइ हुने व्यवस्थाबाट जनविश्वास अभिवृद्धि भई सार्वजनिक जवाफदेहितामा सुधार भएको हुनेछ ।

## ६.६ वित्तीय सुशासन

### ६.६.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानकोलागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिंदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास आवश्यकता छ । सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु गाउँपालिकाको दायित्व हो । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास जरुरी भएकोछ ।

### ६.६.२ प्रमुख समस्या

वेरुजुको मात्रामा बृद्धि हुँदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु, चालु खर्चमा भएको बढोत्तरीगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु यस गाउँपालिकाको प्रमुख समस्याको रुपमा रहेका छन् ।

### ६.६.३ चुनौती र अवसर

संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु, समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च बृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्न, अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु वित्तीय सुशासन क्षेत्रको चुनौतीको रुपमा रहेका छन् ।

राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १५ भित्र गाउँसभामा पेश गर्ने व्यवस्था रहनु, पालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु अवसरको रुपमा रहेका छन ।

### ६.६.४ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

प्रभावकारी विकास खर्च व्यवस्थापनद्वारा वित्तीय सुशासन कायम गर्ने

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने

**उद्देश्य**

I. सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवम् प्रभावकारी बनाउनु ।

**रणनीति**

1. वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने ।
2. सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने ।
3. बेरुजु न्यूनीकरण गरी बेरुजु फर्छ्यौटलाई प्राथमिकता दिने ।

**कार्यनीति**

1. वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता बृद्धि तथा लेखा प्रणाली सुधारका गर्न तलिमको व्यवस्था गरिनेछ ।
2. वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।
3. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ ।
4. निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
5. खरिद प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।
6. आयोजनाहरूकालागि ग्राहक/उपभोक्ता समुह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिनेछ ।
7. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइनेछ ।
8. खर्च गर्नुपूर्व हरेक शीर्षकको नीतिगत आधार स्पष्ट गरिनेछ ।

### ६.६.५ प्रमुख कार्यक्रमहरु

1. राजस्व परामर्श समितिको बैठक व्यवस्थापन, क्षमता अभिवृद्धि
2. लेखा प्रणाली सुदृढिकरण तालिम संचालन
3. विद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढीकरण ।

### ६.६.६ अपेक्षित उपलब्धि

वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको हुनेछ ।

## ६.७ भ्रष्टाचार निवारण

### ६.७.१ पृष्भूमि

सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानुन सम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ । भीमफेदी गाउँपालिकामा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न जरुरी छ ।

### ६.७.२ प्रमुख समस्या

सार्वजनिक निकायहरूमा अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु । भ्रष्टाचार विरोधी संस्कृतिको विकास नहुनु । भ्रष्टाचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु ।

### ६.७.३ चुनौती र अवसर

प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु, सूचनादाताको संरक्षण गर्नु, साक्षी बस्ने तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु, भ्रष्टाचारीलाई सामाजिक बहिष्कार हुनुपर्नेमा सम्मान प्राप्त हुनु जस्ता चुनौतीहरु रहेका छन ।

भ्रष्टाचार विरुद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु, अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालयहरूको स्थापना भई भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर रहेका छन ।

### ६.७.४ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

भ्रष्टाचारमुक्त भीमफेदी गाउँपालिका

**लक्ष्य**

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गरी सुशासन कायम गर्ने

**उद्देश्य**

1. भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु ।

**रणनीति**

1. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।
2. भ्रष्टाचार निवारण सम्बन्धमा प्राविधिक सहायता र सूचना आदान प्रदानसम्बन्धी नेपाल सरकारले गरेको व्यवस्थालाई सहयोग र कार्यान्वयन गर्ने ।

**कार्यनीति**

1. नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरी सार्वजनिक प्रशासनलाई पारदर्शी तथा जवाफदेही बनाइनेछ ।
2. शिक्षण संस्थाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गरिनेछ ।
3. निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।
4. भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणकालागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
5. भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत गरिनेछ ।
6. भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानुन निर्माण, सपुर्दगी र पारस्परिक कानुनी सहयोगकालागि नेपाल सरकारलाई सहयोग गरिनेछ ।
7. अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाइनेछ ।
8. पालिकाका सबै जनप्रतिनिध तथा राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्नो व्यवसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाह गर्न प्रेरित गरिनेछ ।
9. विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिकीकरण गर्ने तथा नियमित सार्वजनिक सुनुवाइ गरिनेछ ।

### ६.७.५ प्रमुख कार्यक्रमहरु

1. भ्रष्टाचार विरुद्ध नागरिक सचेतना अभिवृद्धि
2. भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत
3. नियमित सार्वजनिक सुनुवाइ र सार्वजनिक परिक्षण

### ६.७.६ अपेक्षित उपलब्धि

भ्रष्टाचार विरुद्धमा नियोजित रूपमा अभियान सञ्चालन भई भ्रष्टाचार नियन्त्रण हुनेछ । भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको हुनेछ । सबै संघ संस्थाहरूसँग सहकार्य बृद्धि भई सूचना आदान प्रदान र आवश्यक समन्वयमा प्रभावकारिता आएको हुनेछ ।

# परिच्छेद सात : अन्तर सम्बन्धित विषय

## ७.१ गरीबी न्यूनीकरण

### ७.१.१ पृष्ठभूमि

गरिबी शव्दले नागरिकको दैनिक जीवनयापन गर्नका लागि आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न कठिनाई हुनु, नागरिकहरूको अवसर एवं मौकाहरूमा पहुँच नहुनु साथै मानवीय मर्यादा कायम नहुनुलाई गरीबी बुझिन्छ । नेपालमा सम्वत् २०६८ को जीवन मापन सर्भेक्षणले वार्षिक रु १९,२६१ नकमाउने व्यक्तिलाई निरपेक्ष गरिब भनी परिभाषित गरेको र यही परिभाषा हालसम्म कायम छ ।

भीमफेदी गाउँपालिकामा हाल करीव १५ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । दिगो विकास लक्ष्य १ ले सबै प्रकार र रुपका गरिबीको अन्त्य गर्ने लक्ष्य लिएको र गाउँपालिकाले त्यसप्रति प्रतिबद्धता जाहेर गरेको छ । गापाको अपेक्षा सबै प्रकारका गरिबीको अन्त्य गरी समृद्ध प्रदेश स्थापित गर्नु हो । त्यसका लागि गापाका प्राकृतिक स्रोत साधनको पहिचान, आँकलन एवं प्राकृतिक सम्पदाको ह्रास नहुने गरी महत्तम उपभोग गर्दै गापाको आर्थिक स्तर उकास्नु, प्रदेशमा उपलव्ध स्रोत तथा साधनहरूको समन्वायिक पहुँच विस्तार गर्नु आवश्यक देखिएको छ । हरेक परिवार सबै पूर्ण रोजगार सिर्जना गर्न भूमि, पूँजी र श्रमसँगको सम्बन्ध स्थापना गर्दै तीनै तहका सरकारहरूले कार्यान्वयन गर्ने कार्यक्रमहरू बीच समन्वय र सहकार्य गर्दै सरकारी, सहकारी, सामुदायिक, निजी एवं गैरसरकारी क्षेत्रहरूबीच आपसमा समन्वयात्मक भूमिका निर्वाह हुनु आवश्यक छ ।

### ७.१.२ प्रमुख समस्या

वास्तविक गरिबको पहिचान हुन नसक्नु, राज्यको स्रोत साधनमा गरिबको पहुँच पुग्न नसक्नु, कृषि क्षेत्र निर्वाहमुखी हुनु, कृषियोग्य जमिन खण्डीकृत हुनु, विप्रेषणलाई उत्पादनसँग जोड्न नसक्नु, गरिब लक्षित कार्यक्रम कार्यान्वयनमा समावेशिताको सिद्धान्त आकर्षित हुँदै वास्तविक गरिबसम्म पुग्न नसक्नु, बौद्धिक पलायन रोक्न नसक्नु, श्रमको सम्मान हुने वातावरण सिर्जना हुन नसक्नु, युवाहरू अर्धरोजगार हुनु गरिबी निवारणका प्रमुख समस्याहरू हुन् ।

### ७.१.३ चुनौती तथा अवसर

गापाभित्र वास्तविक गरिबहरू पहिचान गरी गरिब लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु, गापाभित्र प्रचुर सम्भावनाको रुपमा रहेका पर्यटन कृषि, उद्योग र खेलकुद क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्नु, उत्पादित वस्तु तथा सेवाको गुणस्तर कायम गर्दै गापाको आवश्यकता पूरा गरी निर्यात गर्न सक्षम बन्दै गरिबीको अन्त्य गर्नु चुनौती रहेको छ ।

देश संघीय व्यवस्थामा रुपान्तरण भएसँगै राजनीतिक स्थायित्व, शान्ति सुव्यवस्था कायम हुनु, गरिबी निवारण गर्ने विषय तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, परम्परागत ज्ञान, स्थानीय सीप, प्रविधि र कच्चा पदार्थमा आधारित साना तथा लघु उद्योगलाई प्रवर्द्धन गरेमा स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू सिर्जना हुनु, गाउँपालिकाको प्राकृतिक, धार्मिक, सांस्कृतिक विविधताले सजिएको हुँदा पर्यटन क्षेत्रको विकास र विस्तारका कार्यक्रमहरू तर्जुमा गरी आन्तरिक एवं बाह्य पूँजी भित्र्याउन सकिने प्रसस्त सम्भावनारहनु पनि अवसरका रुपमा लिन सकिन्छ ।

### ७.१.४ क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

एकीकृत विकास, गरिबी निवारण र समृद्ध प्रदेशको निर्माण

**लक्ष्य**

सबै प्रकारका गरिबी न्यूनीकरण गर्ने

**उद्देश्य**

1. गरिबी निवारणलाई सबै विकास कार्यक्रममा एकीकृत गर्नु ।
2. स्थानीय स्रोत साधनहरूलाई गरिब लक्षित बनाई गरिबहरूको पहुँच विस्तार गर्नु ।

**रणनीति**

1. गरिबी निवारणलाई स्थानीय तहका सबै विकास निर्माणमा एकीकृत गर्ने ।
2. स्थानीय तहमा रहेका वास्तविक गरिबहरूको पहिचान गरी विवरण अद्यावधिक गर्ने ।
3. उत्पादनमूलक रोजगारीका अवसरहरूको वृद्धि गर्ने ।
4. स्थानीय स्तरीय गरिबी निवारण नीति तर्जुमा गरी स्रोत साधनमा गरिबहरूको पहुँच विस्तार गर्ने ।

**कार्यनीति**

1. स्थानीय सरकारवाट लगानी हुने सबै विकास आयोजनाहरूमा गरिबी निवारणलाई प्राथमिकता दिई एकीकृत गरिनेछ ।
2. गरिबको वर्ग पहिचान गरी परिचयपत्र प्रदान गरिनेछ ।
3. गरिबहरूको विवरण अद्यावधिक गरिनेछ ।
4. स्थानीयस्तरमा उपलब्ध ज्ञान, सीप, पेशा एवं व्यवसायको पहिचानगरिनेछ ।
5. स्थानीयस्तरमा उत्पादित वस्तुहरूलाई वाह्यबजारमा निर्यातगर्ने व्यवस्था मिलाइनेछ ।
6. आम्दानीलाई बचत र बचतलाई लगानीमा परिणत गर्न स्थानीय तहमा वित्तीय संस्थाहरू विस्तार गरिनेछ ।
7. उद्यमी बन्न चाहने गरिबहरूलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ ।
8. ग्रामीण क्षेत्रमा घरबास संचालन अनुदानमा परिचयपत्रको आधारमा गरिबपरिवारलाई प्राथमिकता दिइनेछ ।
9. योजना तथा कार्यक्रमहरू तर्जुमा गर्दा गरिबी निवारणलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।
10. उद्यमशीलता विकास गर्नका लागि समयको माग र बजार अनूकुल हुने सीप विकास कार्यक्रम संचालन गरिनेछ । सीपयुक्त जनशक्तिलाई गरिब परिचयपत्रको आधारमा सहुलियत दरमा ऋण प्रदान गरिनेछ ।

### ७.१.५ प्रमुख कार्यक्रम

1. गरिबी निवारण प्याकेज कार्यक्रम
2. सुकुम्वासी र भूमिहिन विशेष कार्यक्रम
3. गरिव लक्षित उद्यम विकास
4. रोजगार सूचना केन्द्र स्थापना
5. गरिबी निवारणका लागि सीप विकास
6. सहकारीमा आधारित कृषि, उद्यम, व्यवसाय विकास

### ७.१.६ अपेक्षित उपलब्धि

योजनाको अन्तमा गरिबी निवारण सम्बन्धी नीति निर्माण भई कार्यन्वयनमा आएको हुनेछ, गरिब लक्षित कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन भएका हुनेछन्, निरपेक्ष, मानवीय र बहुआयामिक गरिबी १० प्रतिशतमा झरेको हुनेछ ।

## ७.२ श्रम तथा रोजगारी

### ७.२.१ पृष्ठभूमि

गुणस्तरीय श्रम जनशक्तिको विकासमार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ । संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पूँजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ । स्थानीय स्तरमा विद्यमान बढ्दो बेरोजगारी न्यूनीकरण गर्नु आवश्यकता छ । हाल गाउँपालिकाको बेरोजारी करिब ६ प्रतिशतको हाराहारीमा छ । शिक्षालाई सीपसँग, सीपलाई उत्पादन सँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु कुनै पनि स्थानीय तहको आवश्यकता हो । युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ । गापाभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

### ७.२.२ प्रमुख समस्या
श्रमप्रतिको सम्मानको कमी हुनु, उद्यमशीलताको विकास, स्वरोजगार प्रवर्द्धन र उत्पादन कमजोर रहनु, युवा विदेश पलायन हुनु, वैदेशिक रोजगार सुरक्षित र भरपर्दो हुन नसक्नु, वैदेशिक रोजगारीका नाममा हुने मानव तस्करी नरोकिनु, स्थानीय तहमा रोजगारीको सृजना प्रर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पूँजीलाई उत्पादनमा जोड्न नसक्नु, निजी क्षेत्रलाई रोजगार मैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार ब्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाई राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ७.२.३ चुनौती तथा अवसर
स्थानीय स्तरमा श्रमलाई सीप, प्रविधि, उत्पादन र बजारसँग जोड्नु, उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, उद्यमशीलता विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो वनाउनु, नयाँ श्रम क्षेत्रको पहिचान गर्नु, जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नु, वैदेशिक रोजगारमा जाने ब्यक्तिलाई दक्ष बनाउनु तथा विदेशबाट फर्केर आउने ब्यक्तिको सीप र दक्षतालाई उपयोग गर्नु, छोटा मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारको क्षेत्रमा पठाउनु प्रमुख चुनौतीहरू हुन् ।श्रममैत्री ऐन कानुनहरू निर्माण हुनु, श्रम तथा रोजगार सम्बन्धी संस्थागत संरचनाहरू स्थापना तथा सञ्चालन हुनु, सामाजिक तथा संस्थाहरू श्रम तथा रोजगारका क्षेत्रमा क्रियाशील रहनु, सरकारको शिक्षालाई बजारसँग जोडने प्राथमिकता रहनु, शिक्षा क्षेत्रमा सीपलाई आबद्ध गर्दै लैजानु, रोजगार तथा सीपमूलक क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको लगानी बढ्दै जानु, रोजगारमूलक क्षेत्रको विकास तथा विस्तार हुँदै जानु, वैदेशिक रोजगारबाट फर्केको युवा शक्ति यही नै रही स्वरोजगारको क्षेत्रमा आकर्षित हुनु जस्ता अवसरहरू रहेका छन् ।

### ७.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

दक्ष जनशक्ति विकास र रोजगारी सिर्जना

**लक्ष्य**

दक्ष श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गरी वेरोजगारी न्यूनीकरण गर्ने

**उद्देश्य**

1. बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू विस्तार गर्नु ।
2. वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु ।
3. आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने ब्यवस्था गर्नु ।
4. प्रतिस्पर्धात्मक सक्षम तथा गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।

**रणनीति**

1. श्रम सम्बन्ध सुदृढ गरी रोजगार सृजना गर्ने ।
2. श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।
3. स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने ।
4. शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने ।
5. स्थानीय सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने ।
6. जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने ।

**कार्यनीति**

1. रोजगार सूचना केन्द्र स्थापना गरी श्रम बजारको माग अनुसार श्रमशक्तिको आपूर्ति गरिनेछ ।
2. श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ ।
3. बेरोजगारलाई प्राविधिक, सीपमूलक तथा व्यावसायीक तालिम दिई दक्ष बनाइनेछ ।

4. वैदेशिक रोजगारीमा जानेहरूको अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवं मर्यादित बनाउन आवश्यक समन्वय गरिनेछ ।
5. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमा लगाउन प्रोत्साहन गरिनेछ ।
6. स्थानीय तह र निजी क्षेत्रलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गरिनेछ ।
7. शैक्षिक संस्थासँग सहकार्यगरी आवश्यक जनशक्ति उत्पादन गर्ने व्यवस्था गरिनेछ ।
8. उत्पादन क्षेत्रलाई चाहिने मध्यम खाले जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ ।
9. युवाहरूलाई माग तथा आवश्यकताका आधारमा अल्प, मध्यम तथा लामो अवधिको व्यावसायिक तालिम संचालन गरिनेछ ।
10. विदेशबाट फर्केकाले सिकेको सीपको प्रयोग गरी स्वरोजगार हुन तथा रोजगारी सिर्जना गर्न प्रोत्साहन गरिनेछ ।
11. नयाँ रोजगारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
12. आर्थिक तथा सामाजिक हिसाबले पछि परेका समूहको क्षमता विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा छात्रबृत्ति लगायत सुविधाहरू प्रदान गरिनेछ ।

### ७.२.५ प्रमुख कार्यक्रम

1. स्थानीय तहमा जनशक्तिको माग पहिचानका लागि द्रुत बजार सर्भेक्षण
2. प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन
3. उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापन सहयोग
4. जानकारीमूलक होर्डिङ्ग वोर्ड स्थापना
5. टोल स्तरमा सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सचेतनामूलक छलफल कार्यक्रम
6. विदेशबाट फर्केका र बैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारको लागि बजेट साझेदारीमा आयमुलक कार्यक्रम
7. वित्तिय साक्षरता कक्षा संचालन
8. रिटर्नी स्वयंसेवक परिचालन ।

### ७.२.६ अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ । जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ । श्रम बजारमा जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम भएको हुनेछ । जनशक्ति विकासमास्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ । गाउँपालिकाको बेरोजगार जनसंख्या २ प्रतिशतमा झरेको हुनेछ ।

## ७.३ सामाजिक तथा सांस्कृतिक विविधता

### ७.३.१ पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रुपमा विश्वमै सुपरिचित छ । हाम्रा सम्वृद्ध मूर्त तथा अमूर्त सम्पदाहरु राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रुपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्नु हाम्रो दायित्व रहेको छ । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ । “विविधतामा एकता, नेपाली समाजको विशेषता” भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय एकता र अखण्डतालाई मजवुत बनाउनको लागि संस्कृतिको अहं भूमिका रहेको छ । नेपालमा ४ भाषिक समुदायका कुल १२५ जातजाति र १२३ भाषाहरु रहेका छन् । यहाँका १० सम्पदाहरु विश्व सम्पदासूचिमा सूचीकृत छन् । मूर्तअमूर्त संस्कृतिका दृष्टिकोणले नेपाल विश्वमै धनीराष्ट्र मानिन्छ ।

सामाजिक तथा सास्कृति हिसावले भीमफेदी गाउँपालिकामा पनि विविधता रहेको छ । यहाँ बसोबास गर्ने मुख्य जातजातिहरुमा तामाङ्ग (६२.८९ प्रतिशत) र मगर (१५.४२प्रतिशत) को बाहुल्यता रहेको छ भने, मातृभाषाका आधारमा नेपाली भाषा (७८.४९ प्रतिशत), तथा तामाङ्ग, मगर, नेपालभाषा तथा केही मात्रामा चेपाङ्ग, भोजपुरी र

गुरुङ्ग रहेका छन् । त्यस्तै गाउँपालिकामा बौद्ध धर्म मान्ने ५२.३१ तथा हिन्दु ४१.६३ प्रतिशत मान्ने जनसंख्याको बाहुल्यता रहेको छ भने करिब ५.५१ प्रतिशतले क्रिस्चियन धर्म गरेको देखिन्छ ।

### ७.३.२ प्रमुख समस्या

प्राचीन सांस्कृतिक सम्पदा एवं तिनिहरुको स्वामित्वमा रहेको सम्पतिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदाहरु माथि अव्यवस्थित शहरीकरणद्धारा सिर्जित अतिक्रमण हुनु, विश्व व्यापीकरण तथा आधुनिकीकरणको प्रभाव रहनु, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धि नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रयाप्त स्रोत साधन नहुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनका लागि स्थानीय तह र समुदायमा स्वामित्वको अनुभूति दिलाउनु नसकिनु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु र भाषा, संस्कृतिको क्षेत्रमा प्रयाप्त मात्रामा अध्ययन, अनुसंधान तथा अन्वयषण कार्य हुन नसक्नु समस्या विद्यमान रहेका छन् ।

### ७.३.३ चुनौती तथा अवसर

मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा समबन्धी नीति, कानुन् एवं अन्तर्राष्ट्रिय महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्नु, विश्व व्यापीकरणको प्रभावबाट मौलिक संस्कृतिलाई जोगाइराख्नु, विविधतामा एकता ल्याउने सशक्त माध्यम भाषा र संस्कृति भएकोले सबै भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु र संस्कृतिलाई राज्यको प्राथमिकतामा समावेश गरी प्रयाप्त स्रोत साधनको व्यवस्था मिलाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन् । भुकम्पद्धारा क्षतिग्रस्त ऐतिहासिक पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण सन्तोषजनक रुपमा गति लिएको, संघीय संरचना अनुरुप तीन तहका सरकारबाट संस्कृतिको जगेर्ना र संरक्षणमा स्थानीय आवश्यकता बोध गरी थप प्रयास हुन सक्ने अवस्था सिर्जना भएको छ । संविधानमा भाषा आयोगको प्रावधान रहनु तथा भाषा र संस्कृतिको हकलाई मौलिक हकको रुपमा प्रत्याभूती, सांस्कृतिक एवं धार्मिक विविधताबीच सद्भाव अभिवृद्धि भएकाले राष्ट्रिय एकता सुदृढ गर्नका साथै बाह्य धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने अवसर रहेको छ ।

### ७.३.४ क्षेत्रगत सोत, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाज निर्माण

**लक्ष्य**

स्थानीय तहका सवै मौलिक संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्दै राष्ट्रिय एकता एवं अखण्डता मजवुत वनाउने कार्यमा सहयोग पुऱ्याउने

**उद्देश्य**

1. सबै जाति/समुदायको संस्कृति र परम्पराको जगेर्ना गरी मौलिक पहिचान र राष्ट्रिय एकता अभिवृद्धिमा सहयोग पु-याउने ।
2. स्थानीय तहको सम्पदाहरुको संरक्षण र प्रभावकारी व्यवस्थापन गरी पर्यटकीय स्थलको रुपमा विकासगर्नु ।
3. भाषा, साहित्य, लिपि, संगित, नाट्य कला र ललितकला क्षेत्रको वृहत्तर विकास र प्रवर्द्धन गर्नु ।

**रणनीति**

1. स्थानीय स्तरका सवै समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यताको कदर, संरक्षण र सम्मान गर्दै एकता प्रवर्द्धन गर्ने गरी संस्कृति परिभाष्य निर्माण गर्ने ।
2. धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण गर्नुका साथै प्रवर्द्धन गरी पर्यटकीय उपजको रुपमा विकास गर्ने ।
3. भाषा, कला, साहित्य र संगित आदि क्षेत्रहरुसंग सम्बद्धसंस्थाहरुको सवलीकरण गर्ने ।
4. ऐतिहासिक, धार्मिक एवं पुरातात्विक सम्पदाहरुको अन्वेषण, उत्खनन, संरक्षण, जगेर्ना र प्रवर्द्धन गर्ने ।

**कार्यनीति**

1. लोपोन्मुख संस्कृतिको संरक्षण तथा अभिलेखिकरण गरिने छ ।
2. क्षतिग्रस्त सम्पदाहरुलाई समयमै पुनःर्निर्माण गरी पर्यटकीय आकर्षणको रुपमा सञ्चालन गरिने छ ।
3. गापाभित्र रहेका मंदिर तथा गुम्वाहरुका संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।

4. प्राचीन कला, साहित्य, संगीत, भाषा, संस्कृति भएका विशेष स्थान र त्यसमा समर्पित स्रष्टाहरुको सम्मान हुनेगरी सामाजिक संरक्षण प्रदान गरिने छ ।
5. स्थानीय स्तरमा प्रचलित विभिन्न भाषा-भाषीका, लिपिको यथार्थ स्थिति पहिचान गरी अभिलेखकरण गर्नुका साथै तिनिहरुको संरक्षण एवं उत्थानका कार्यलाई अघि बढाइने छ ।
6. परम्परागत लोक संगीत, नृत्य, नाट्य लगायतका श्रव्य तथा प्रदर्शनजन्य लोककलाहरुको अनुसन्धान र संरक्षणको उचित व्यवस्था मिलाइने छ ।
7. स्थानीय सम्पदा, ऐतिहासिक गढी, किल्ला, भाषा, लिपि, कला, संस्कृति, गुठी, धार्मिक स्थल तथा पाटी पौवाहरुको अभिलेखीकरण, संरक्षण र उपयोग गर्ने ।

### ७.३.५ प्रमुख कार्यक्रम

1. ऐतिहासिक महत्वका सम्पदाहरुको मर्मत तथा जिर्णोद्धार
2. सांस्कृतिक संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनसाँस्कृतिक संग्रहालयको स्थापना तथा सञ्चालन
3. लोपोन्मुख संस्कृतिको संरक्षण तथा अभिलेखिकरण,
4. लोपोन्मुख रीतिरिवाजहरुको संरक्षण, अभिलेखिकरण, भिडियो डकुमेन्ट्री तयारी र प्रसार
5. भाषा र संस्कृति संरक्षणमा संलग्न व्यक्ति तथा संस्थालाई सम्मानको व्यवस्था
6. गुम्वा तथा मन्दीरहरुका संरक्षण र सम्बर्द्धन
7. स्थानीय भाषा, कला तथा साँस्कृतिको जगेर्नामा अनुदान
8. स्थानीय सम्पदाहरुका अभिलेखीकरण र संरक्षण ।

### ७.३.६ अपेक्षित उपलब्धि

यस आवधिक योजनाको अन्त्यमा क्षतिग्रस्त सम्पदाहरुको पुन:र्निर्माण कार्य समपन्न भएको हुने, सांस्कृतिक संग्रालयको स्थापना र सञ्चालन, लोपोन्मुख संस्कृतिको संरक्षण तथा अभिलेखिकरण भएको हुने, गुम्वा तथा मन्दीरहरु र स्थानीय भाषा तथा कला संस्कृतिको संरक्षण भएको हुनेछ ।

### ७.४ विपद् व्यवस्थापन

#### ७.४.१ पृष्ठभूमि

चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सृजित समाजको अस्तव्यस्त अवस्थालाई विपद् भनेर बुझिन्छ । भीमफेदी गाउँपालिका विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । गाउँपालिकामा वर्षेनी चट्याङ्गवाट मृत्यु २ जना भन्दा बढीको मत्यु हुने गरेको छ भने आगलागी, खडेरी, वर्षायामको पहिरो लगायतले आंसिक मात्रामा क्षेत्र हुने गरेको छ । अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनमा पनि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने सम्बन्धी जस्ता कार्य आवश्यक हुन्छन् । विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेकोछ ।

#### ७.४.२ प्रमुख समस्या

पूर्व मनसुन र मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी बर्षाले नियमित रुपमा सृजना गर्ने वाढी, पहिरोका अतिरिक्त विकासका लागि भैरहेको डोजरको जथाभावी प्रयोगले भू–क्षय भई ताल, तलैया, खेतीवारी, जलविद्युतका बाँध पुरिने तथा भौतिक पुर्वाधारमा समेतक्षति पुग्ने समस्या छन् । गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाई तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, खुला क्षेत्रको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

#### ७.४.३ चुनौती तथा अवसर

स्थानीय स्तरमा विपद् व्यवस्थापनको महत्वपूर्ण पाटो पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु, विपद व्यवस्थापनमा दक्ष जनशक्तिको अभाव हुनु, विपद् व्यवस्थापनको आधुनिकीकरण, प्रविधि तथा उद्धार सामग्रीको अभाव हुनु, उद्धार, राहत र पुनर्स्थापनाको लागी प्रभावकारी संयन्त्रको कमी हुनु, जलवायु परिवर्तन, दुर्गम क्षेत्रमा सडक लगायतका पूर्वाधारको कमीले उद्धार कार्यमा चुनौती थपिएका छन् । बढ्दो जनसंख्या, वनजंगल जस्ता प्राकृतिक स्रोतको अत्याधिक दोहन, विकासमा नाममा उचित सर्भेक्षण नै नगरि यत्रतत्र डोजर लगाई सडकको निर्माण, मध्य पहाडी क्षेत्र र चुरेक्षेत्रको आवश्यक संरक्षण हुन नसक्नु आदि चुनौतीको रुपमा रहेका छन् ।

नदी प्रणाली व्यवस्थित गर्ने, विपद् जोखिम न्यूनीकरणलाई स्थानीय निकायका नयाँ वन्ने नीति तथा योजनाहरूलाई मूलप्रवाहीकरण गर्ने, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने, खुला क्षेत्र संरक्षण गर्ने, विपद् उत्थानशील शहर तथा एकीकृत बस्ती विकास जस्ता अवसरहरू रहेका छन् ।

#### ७.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

विपद न्यूनीकरण र व्यवस्थापन गर्न विपद् उत्थानशील समाजको विकास

**लक्ष्य**

प्राकृतिक तथा गैरप्राकृतिक विपद एंव जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने

**उद्देश्य**

1. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।
2. विपद्पश्चातको पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशीलबनाउनु ।

**रणनीति**

1. विपद् रोकथाम मार्फत् तथा क्षति न्यूनीकरण गर्ने ।
2. प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकूल असरलाई सीमित तुल्याउने अल्पीकरण (Mitigation) तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने ।
3. अग्रिम सावधानी तथा पूर्वतयारी (Early Preparedness) व्यवस्था गर्ने ।

4. विपद पश्चात् आधारभूत आवश्यकता परिपूर्ती गर्नसक्ने अवस्था सुनिश्चित गर्ने आपत्‌कालीन सेवाहरू व्यवस्था सहितको प्रतिकार्य (Response) गर्ने ।
5. विपदमा परेका व्यक्ति तथा समुदायको पुर्नलाभ तथा उत्थानशीलता विकास गर्ने ।

**कार्यनीति**

1. स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिने छन् ।
2. क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।
3. नदी नियन्त्रण तथा भूव्यवस्थापन कार्य गरिनेछ ।
4. विपद्‌बाट हुन सक्ने क्षति कम गर्न विपद्‌जोखिम व्यवस्थापनलाई विकास निर्माणमा मूलप्रवाहीकरण र स्थानीय स्तरको योजना तर्जुमामा विपद् जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।
5. भू-उपयोग नीति अवलम्बन गरी भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन गरिनेछ ।
6. खोला किनारमा रहेका बस्तीहरूको भौगर्भिक अध्ययन गरी जोखिममा रहेकाहरूलाई स्थानान्तरण गरिनेछ ।
7. विपद जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ ।
8. प्रभावित समुदायको जीवन रक्षाको लागि तत्कालीन आवश्यकताको पहिचान र प्रतिकार्यको लागि प्रारम्भिक तथ्याङ्कहरू तयार गर्ने र राहत कार्य सञ्चालन गरिनेछ ।
9. प्रारम्भिक विपद् लेखाजोखा गरी थपकार्य गरिनेछ ।
10. विपद्‌पश्चात् क्षति तथा आवश्यकताको लेखाजोखा गरिनेछ ।
11. समुदायको प्रकोपको सामना गर्न सक्ने र पुनःआफ्नो पूर्वावस्थामा फर्कन सक्ने क्षमता विकास गरिनेछ ।

### ७.४.५ प्रमुख कार्यक्रम

1. बाढी तथा पहिरोको पूर्व सूचना यन्त्र जडान
2. जोखिम तथा संकटासन्नताको लेखांकन तथा नक्सांकन
3. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन
4. आपतकालिन पूर्व तयारी तथा प्रति कार्य योजना निर्माण तथा कार्यान्वयन
5. आपत्‌कालीन सहायताका लागि अत्यावश्क सामग्रीको भण्डारण तथा व्यवस्थापन
6. विपद् पछिको खोज तथा उद्धार कार्य
7. ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, खोला किनारामा तटबध निर्माण
8. उपयुक्त खाली स्थानहरु पहिचान
9. विपद् व्यवस्थापन कोषको व्यवस्थापन
10. विपद् व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया, गोष्ठी, भेला
11. पालिका स्तरीय विपद् व्यवस्थापन संस्थागत तथा इकाई स्थापना ।

### ७.४.६ अपेक्षित उपलब्धी

विपद् व्यवस्थापन सम्बन्धी स्थानीय कानून, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ । वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएको हुनेछ । प्रकृति प्रकोप तथा मानव सृजित दुवै प्रकारका जोखिमको न्यूनीकरण भएको हुनेछ । विपद् जोखिमको पूर्वानुमान सूचना, खोज तथा उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ ।

## ७.५ वातावरण संरक्षण र जलवायु अनुकुलन

### ७.५.१ पृष्ठभूमि

थानिय तहमा विकास निर्माणका क्रममा वातावरण प्रदूषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदूषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिर्नेजस्ता कार्य स्थानीय स्तरबाट हुन आवश्यक छ । मानवअनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनुपर्ने आवश्यकता रहेको छ । जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जंगल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, सिंचाई, बसोवास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएको कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत असर पारी बसाइँसराइ

गर्नुपर्ने बाध्यता सिर्जना भएको देखिन्छ । भीमफेदी गाउँपालिका पनि जलवायु परिवर्तनको जोखिममा छ । यहाँका जनताले पनि अति वर्षा, खडेरी, अति गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन्, जलवायुको अवस्था सरदरभन्दा परिवर्तन भएको पाइन्छ, जसले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, पर्यटन र अन्य क्षेत्रमा दैनिक जीवन पद्धतिमा समेत असर गरेको छ । तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकरात्मक प्रभाव देखिन थालेको छ भने जलवायुको परिवर्तित अवस्था अनुसार खेतीपातीमा सुधार गर्ने सीप र दक्षताको अभावका कारण न्यून आय भएका समुदाय थप मारमा परेका छन् ।

### ७.५.२ प्रमुख समस्या

बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आयको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, जलकुम्भी, वनमासा, निलोगन्धे, मरट्टी, माइकेनिया जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् । प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन नहुनु, प्रदूषकलाई नियमानुसार तिराउने व्यवस्था नहुनु, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जँगलको अतिक्रमण तथा ह्रास हुनु, विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसक्नु, बढ्दो शहरीकरण, सवारी साधनहरूको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाशका कारण जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्नु, पर्यटन, कृषि, जैविक विविधता र उर्जा लगायतका क्षेत्रहरू एवं जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव पर्नु, जटिल भौगालिक अवस्था अनुरुपका विभिन्न किसिमका प्रकोपहरूले गाउँपालिका जोखिमपूर्ण अवस्थामा रहनु, अनुसंन्धान तथा तथ्याङ्कको कमी हुनु तथा अन्तरनिकाय समन्वय नहुनु तथा नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ७.५.३ चुनौती तथा अवसर

शहरी उन्मुख वडाहरुमा ढल निकास तथा फोहरमैला व्यवस्थापन, वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, खोला सार्वजनिक स्थलहरूबाट ढुंगा, गिट्टी, वालुवा, माटोको अत्यधिक र अनियन्त्रित प्रयोग, प्राकृतिक स्रोतको अधिक दोहन, शहरोन्मुख क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदूषण, प्रविधि विकास सँगै रेडियोधर्मी वस्तुको उत्पादन, भूक्षय, स्थानीय तहमा वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको संरचना प्रभावकारी गराउनु, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु, निश्चित क्षेत्रमा मात्र पर्यटकको अत्याधिक चाप हुनु, बढ्दो शहरीकरण र विकाससँगै हरित गृह ग्याँसको उत्सर्जन कम गर्नु, विकास आयोजनाले वातावरणमा पारेको असरको अनुगमन गरी नियमन गर्नु तथा जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यून गरी अनुकूलन क्षमता बृद्धि गर्नु, आवश्यक पर्ने जनशक्ति, सीप, दक्षताको अभाव तत्काल पुरा गरी प्रभावकारी तुल्याउनु, संवेदनशील र कमजोर भू-बनोट भएको क्षेत्रका संरक्षण गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

जलवायु परिवर्तनका प्रभावसंग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने तर्फ नीति तथा कार्यक्रमको तर्जूमा र कार्यान्वयन गर्ने अवसर रहेकोछ ।

### ७.५.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

सफा, स्वच्छ र हरित वातावरण र जलवायु उत्थानशील समाज निर्माण र समृद्धिमा योगदान

**लक्ष्य**

स्थानीय स्तरमा वातावरणमैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हांसिल गर्ने र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने

**उद्देश्य**

1. स्थानीय तहमा संञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरणमैत्री बनाउनु ।
2. जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।
3. संकटासन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु ।

4. जलवाय परिवर्तन अनुकुलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु ।

**रणनीति**

1. उत्पादनमूलक उद्योगस्थापना तथा पूर्वाधार निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याँङ्कन गर्ने व्यवस्था गर्ने ।
2. विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने ।
3. नदी तथा तालजन्य प्रदूषण नियन्त्रण गर्ने ।
4. जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गर्ने ।
5. फोहर मैला व्यवस्थापन गर्ने ।
6. जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत तथा जनताको उत्थानशीलता विकास गर्ने ।
7. सबै स्थानीय तहको अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

**कार्यनीति**

1. वातावरणीय मूल्याँकन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।
2. वातावरणमैत्री उत्पादनहरूलाई विशेष अनुदान तथा प्रोत्साहन गरिनेछ ।
3. स्थानीय स्तरमा वातावरण शिक्षा तथा प्रचारप्रसार गरिनेछ ।
4. वनले ढाकेको क्षेत्रफल विस्तार गरिनेछ ।
5. वन संरक्षण तथा जलाधार क्षेत्रको व्यवस्थापनबाट कार्वन उत्सर्जन कटौती गरिनेछ ।
6. वन, जैविक विविधता तथा जलाधारको संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।
7. पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गरिनेछ ।
8. फोहोर मैला व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गरिनेछ ।
9. वन, जलाधार तथा पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन गरिनेछ ।
10. प्रदेशमा जलवायु परिवर्तनको जोखिममा रहेका जनताको क्षमता अभिवृद्धि गरिनेछ ।
11. जलवायु उत्पन्न प्रकोप ब्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ ।
12. स्थानीयतहलाई अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।
13. दिगो वन व्यवस्थापन गर्दै वनको कार्वन संचिती बृद्धि गरिनेछ ।
14. एकीकृत जलाधार व्यवस्थापन गर्दा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।
15. जलवायु परिवर्तन न्यूनीकरण र स्वच्छ उर्जाका कार्यक्रम विस्तार गर्न निजी क्षेत्रको सहभागिता र लगानीलाई वृद्धि गरिनेछ ।

### ७.५.५ प्रमुख कार्यक्रम

1. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन
2. वातावरणमैत्री प्रविधि प्रयोगमा प्रोत्साहन तथा सहुलियत प्रदान
3. प्लाष्टिक पोखरी निर्माण
4. जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान
5. हरियाली पार्क क्षेत्रहरु निर्माण तथा संरक्षण
6. दुना टपरी जस्ता स्थानीय तथा वातावरणमैत्री वस्तुहरुको प्रवर्द्धन कार्यक्रम
7. खोला किनारा उकास तथा हरियाली प्रवर्द्धन
8. सुधारिएको चुलो तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम
9. जलवायुमैत्री खेती प्रविधि कार्यक्रम सञ्चालन
10. वातावरणीय परिक्षणहरु ।

### ७.५.६ अपेक्षित उपलब्धी

वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ, सम्पूर्ण स्थानीय तहमा फोहर व्यवस्थापन पूर्वाधार विकास भएको हुनेछ, वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ, प्राकृतिक स्रोतको पूर्ण रुपमा संरक्षण भएको हुनेछ । खाली जग्गामा वृहत् वृक्षारोपण गरी वनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनूकूलन तथा समानुकूलन भएको

हुनेछ । स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ । जलवायुमैत्री गाउँ (Climate Smart Village), हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ७.६ सामुदायिक साझेदारी र गैर सरकारी संस्थाहरू

### ७.६.१ पृष्ठभूमि

नेपालको संविधानले सामुदायिक तथा गैर सरकारी संस्थाहरुको लगानी तथा भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा संलग्न गराउने कुरा उल्लेख गरेको छ । दिगो विकास लक्ष्यले नागरिक समाजसंगको साझेदारीलाई समावेश गरेको छ । राज्यको सम्वृद्धिका लागि नेपाली जनताको सामाविक रुपान्तरण र आर्थिक विकासको लागि विकासको साझेदारको रुपमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सम्पूर्ण भूमिका रहेको छ । यस अर्थमा सामुदायिक तथा गैर सरकारी संस्थाहरुलाई सरकारको विकास प्रयासमा सहयात्रीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्नु र उनीहरुबाट प्रवाह हुने स्रोतको उपयोगलाई पारदर्शी वनाई अधिकतम सामाजिक परिचालन मार्फत प्रभावकारी सेवा प्रवाह गरी जनताको जीवन स्तरमा सुधार गर्ने गराउने तर्फ जोड दिनु आजको आवश्यकता रहेको छ । यस संदर्भमा सामुदायिक तथा गैर सरकारी संघ संस्थाको भूमिका दिगो विकास लक्ष्य हाँसिल गर्ने तर्फ केन्द्रित हुनु आवश्यक छ ।

### ७.६.२ प्रमुख समस्या

संघीय संरचना अनुरूप सामाजिक संघ संस्था परिचालनका लागि नीति तथा कानुनहरू तर्जुमा हुन नसक्नु, सरकार र सामाजिक संघ संस्थाहरू बीचको सहकार्यका क्षेत्रहरूलाई पारदर्शी र प्रभावकारी बनाउन नसक्नु, सामाजिक संघ संस्थाहरूको कार्यक्रममा दोहोरोपना हुनु, परियोजनाहरूको प्रभावकारी सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन नहुनु, एकीकृत सूचना तथा तथ्याङ्क प्रणाली नहुनु, सामाजिक संघसंस्थामा आन्तरिक सुशासनको कमी हुनु, सामाजिक संघसंस्थामार्फत् वैदेशिक सहायता परिचालन भैरहेको भए तापनि लगानी अनुसार अपेक्षित प्रतिफल हासिल हुन नसक्नु, नियमनकारी निकाय प्रभावकारी नहुनु यस क्षेत्रका समस्या हुन् ।

### ७.६.३ चुनौती तथा अवसर

गैरसरकारी संस्थाद्वारा संचालित परियोजनालाई एकद्वार प्रणालीमार्फत् सहजीकरण तथा परिचालन गर्नु, गैरसरकारी संस्थाबाट परिचालन हुने आर्थिक स्रोतलाई पारदर्शी बनाई लेखा प्रणालीमा आवद्ध गराउनु र गैरसरकारी संस्थालाई स्थानीय तहको सरकार बीचको समन्वयमा स्थानीय तहको प्राथमिकता र आवश्यकताका क्षेत्रमा परिचालन गर्नु, सामाजिक संघ संस्थाहरूको सेवालाई ग्रामीणमुखी वनाउनु, संघ संस्थाहरू दोहोरो तेहेरो रूपमा स्वीकृत हुनुपर्ने प्रावधान हुँदा सेवा प्रवाहमा कठिनाई, सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी क्षेत्रको योगदान मापन गर्ने सूचक तयारगर्नु र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत सुदृढीकरण गर्नु यसक्षेत्रका चुनौती हुन् ।

नेपालको कानुनले सामाजिक संघसंस्थालाई कानुनी रूपमा अधिकार प्रदान गर्नुका साथै उत्तरदायित्व र जिम्मेवारीको व्यवस्था हुनु, संघीय प्रणाली अनुरूप स्थानीय सरकारको परियोजना तर्जुमा र परिचालनमा संलग्नता हुने अवस्था हुनु, संघीय प्रणाली बमोजिम स्थानीय तहसम्म सामाजिक संघ संस्थाहरूलाई विकास साझेदारको रूपमा परिचालन गरी सामाजिक विकासका विविध क्षेत्रका क्रियाकलापलाई तीव्र बनाउने आधार तयार हुनुका साथै दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अवस्था सृजनाहुनु यस क्षेत्रका अवसर हुन् ।

### ७.६.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

सामाजिक संस्थामा सुशासन, जवाफदेहिता र प्रभावकारिता

**लक्ष्य**

सामाजिक संघ संस्थाहरूलाई विकास साझेदारको रूपमा स्वीकार गर्दै मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन गरी प्रदेशमा सामाजिक तथा आर्थिक विकास गर्ने

**उद्देश्य**

1. स्थानीय प्राथमिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु ।
2. सामाजिक संघसंस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै प्रदेशको सामाजिक तथा आर्थिक विकास गर्नु .

**रणनीति**

1. सामाजिक संघ संस्थाहरूको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ, जिम्मेवार र उत्तरदायी बनाउने ।
2. सामाजिक संघ र संस्थाहरूको पारदर्शिता, जवाफदेहीता सुनिश्ि चत गर्दै सहजीकरण, परिचालन, अनुगमन, मूल्याङ्कन र नियमनलाई प्रभावकारी बनाउने ।
3. सामाजिक संघसंस्थाहरूको कार्य प्रभावकारिता सुनिश्चितताका लागि दोहोरोपना नहुने गरी उपयुक्त सूचना प्रणालीको विकास गरी एकद्वार प्रणालीमा आवद्ध गर्ने ।

**कार्यनीति**

1. स्थानीय तहमा सामाजिक संस्था स्थापना, स्वीकृति, आवद्धता, सञ्चालन, व्यवस्थापन, परिचालन तथा नियमनको लागि आवश्यक स्थानीय नीति, कानुन र मापदण्ड तर्जुमा गरिनेछ ।
2. सामाजिक संघ संस्थाको परिचालनको लागि आचारसंहिता एंव मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।
3. उपलब्ध भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाहरूको स्रोत पारदर्शी रूपमा परिचालन गरिनेछ ।
4. सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाको सञ्चालन तथा खर्चको मापदण्ड निर्देशिका तर्जुमा र कार्यान्वयन गरी पारदर्शी बनाइनेछ ।
5. परियोजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय तहको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गरिनेछ ।
6. संघसंस्थाहरूले सञ्चालन गर्ने परियोजना र लगानीलाई स्थानीय तहको वार्षिक बजेट तथा योजनामा समावेश गर्ने व्यवस्था गरिनेछ ।
7. सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाले गरेको योगदानलाई एकीकृत तथ्याङ्क प्रणालीमार्फत् स्थानीय स्तरमा अभिलेख राख्ने, तथ्याङ्क अद्यावधिक गर्ने र विश्लेषणसहित वार्षिक रूपमा प्रतिवेदन सार्वजनिक गरिनेछ ।
8. सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका परियोजनाको अनुगमन तथा मूल्याङ्कन नियमित एवं प्रभावकारी बनाईनेछ ।
9. स्थानीय स्तरमा कार्यरत सामाजिक संघ संस्था तथा गैरसरकारी संस्थाले प्राप्तगर्ने स्रोतको अभिलेखीकरण गरी पारदर्शिता कायम गरिनेछ ।

### ७.६.५ प्रमुख कार्यक्रम

1. स्थानीय स्तरमा काम गर्ने संघ संस्थाहरूका पहिचान
2. संस्थाहरूको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न मापदण्ड निर्माण
3. संघ संस्थाहरूको स्रोतलाई विकासमा प्रवाहित कार्यक्रम
4. सार्वजनिक लेखा परीक्षण, अनुगमन तथा मूल्यांकन र सार्वजनिक सुनुवाईको व्यवस्था
5. सामाजिक संघ संस्थाका कार्यक्रमहरू साझेदारीमा सञ्चालन
6. सामाजिक संघ संस्थाहरूको क्षमताबृद्धि र अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण ।

### ७.६.६ अपेक्षित उपलब्धि

सामाजिक संघसंस्था तथा गैरसरकारी संस्थाहरू पारदर्शी र उत्तरदायी भई स्थानीय तहका प्राथमिकताका क्षेत्रमा परिचालन भएका हुने, सामाजिक संघसंस्था परिचालन एवम् नियमन सम्बन्धी नयाँ स्थानीय आचारसंहिता वनेका हुने, अनुगमन मूल्याङ्कन प्रभावकारी भएको हुने, एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली स्थापना तथा सञ्चालन भएको हुनेछ ।

## ७.७ तथ्यांक व्यवस्थापन

### ७.७.१ पृष्ठभूमि

नेपालको नयाँ संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तहको तथ्यांकिय अधिकार स्पष्ट किटानी गरेको छ । उत्पादित तथ्यांक तीन तहका सरकारका नीति तथा योजना तर्जुमा, अनुगमन र मूल्यांकनका साथै विकासको दीर्घकालीन सोच, दिगो विकास र लक्ष्य हाँसिल गर्नका लागि वस्तुगत आधार बन्न सक्नेछन् । प्रशासनिक अभिलेख, सूचना व्यवस्थान प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्यांक उत्पादन भैरहेको छ । तथ्यांक प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्यांक ऐन तर्जुमाको चरणमा छ । योजना अवधिमा स्थानीय तहबाट उत्पादित यी तथ्यांकहरु राष्ट्रिय तथ्यांक प्रणालीमा आवद्धभएमा योजना तर्जूमा, आगमन तथा मूल्यांकन प्रणाली सुदृढ गर्न सहयोग गर्नेछ । योजना तर्जुमालाई प्रभावकारी बनाउनकालागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यक पर्दछ । भीमफेदी गाउँपालिकाले द्वितीय स्रोतको तथ्याङ्कको प्रयोग गरेर गाउँपालिकाको वस्तुस्थिति विवरण, तयार गरी प्रकाशन गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरेको छ । साथै सबै वडाहरूले आन्तरिक प्रयोजनकोलागि खण्डित रूपमा तथ्याङ्क सङ्कलन गर्ने कामको शुरुवात गरेका छन्, तर व्यवस्थित भइसकेको छैन ।

### ७.७.२ प्रमुख समस्या

तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु, वडा स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु साथै तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपकता कायम गर्न नसक्नु आदि मुख्य समस्याका रुपमा रहेका छन् ।

### ७.७.३ चुनौती तथा अवसर

स्थानीय तहबाट एकिकृत प्रणालीमा तथ्यांक उपलब्ध गराउनु, तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय तथ्याङ्क बिभागले लिने तथ्याङ्कहरूको संकलन र प्रशोधन मानकहरूमा एकरुपकता कायम गर्नु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु, तथ्याङ्कको प्रयोग दक्षता वृद्धि गर्नु, तथ्याङ्कको प्रयोगमा एकरुपकता कायम गर्नु आदि यसक्षेत्रका चुनौतीहरू हुन् ।

स्थानीयगत तथ्याङ्क संकलन र ब्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिनु, स्थानीय स्तरको तथ्याङ्क संकलन र ब्यवस्थापनमा सहजीकरण र सहकार्य गर्न केन्द्रिय तथा प्रादेशिक तथ्याङ्क बिभाग तयार रहनु, छिटो र छरितो रुपमा तथ्याङ्क संकलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नया प्रविधिहरू विकास हुँदै जानु, नीति तथा योजना आयोगद्वारा सामाजिक आर्थिक विकासका मानक सूचकहरूको स्पष्ट पहिचान हुनु, गुणस्तरीय तथ्याङ्कको प्रयोगका लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार प्रतिबद्ध रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ७.७.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

प्रमाणमा आधारित नीति तथा योजना तर्जुमाको लागि गुणस्तरीय तथा एकिकृत र खण्डीकृत तथ्याङ्क

**लक्ष्य**

नीति निर्मातालाई निर्णय गर्न चाहिने विश्वशनीय तथ्याङ्कहरू उपलब्ध गराउने

**उद्देश्य**

1. स्थानीय स्तरमा तथ्याङ्क प्रणालीको विकास गर्नु ।
2. तथ्याङ्क प्रणालीको आधुनिकीकरण गर्नु ।
3. विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

**रणनीति**

1. दिगो विकासको लागि स्थानीय स्तरीय तथ्याङ्क प्रणालीको विकास गर्ने ।
2. तथ्याङ्कको संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने ।
3. तथ्यांङ्क संकलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने ।
4. गापा कार्यालयले प्रशोधन गरेका सूचना भरपर्दा माध्यम मार्फत् सार्वजनिक गर्ने ।

**कार्यनीति**

1. स्थानीय तहको तथ्याङ्क संकलन र प्रशोधन बिधिमा एकरुपकता कायम गर्न केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क विभागसँग सहकार्य गरी मानक र मापदण्डहरू निर्धारण गरिनेछ ।
2. केन्द्रीय तथा प्रादेशिक तथ्याङ्क बिभाग, विश्वविद्यालय, सरकारी कार्यालय र निजी क्षेत्रसँग समन्वय गरी तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशन गरिनेछ ।
3. आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गरिनेछ ।
4. आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गरिनेछ ।
5. स्थानीय तहगत तथ्याङ्क सम्बन्धि कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गरिनेछ ।
6. आयोजना सञ्चालनअवस्थाको तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्यलाई नियमितरुपमा संचालनगरिनेछ ।
7. तथ्याङ्क संकलन, प्रशोधन र वितरण लागि उपलब्ध विधि र प्रविधिहरूको उच्चतम प्रयोग गरिनेछ ।
8. स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्यांङ्कहरूको एकीकृत रुपमा ब्यवस्थापन र वितरण गरिनेछ ।
9. विषयगत क्षेत्रहरुकम सम्बन्धित तथ्यांङ्कहरूको प्रशोधन गरी नक्सांकन गरिनेछ ।
10. वेब पोर्टल र विभिन्न प्रकाशन मार्फत् तथ्याङ्कको नियमित प्रकाश नगरी प्रयोगकर्ताको आवश्यकता पूर्ति गरिनेछ ।
11. तथ्याङ्कको प्रशोधन र बिश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रुपमा संचालन गरिनेछ ।

### ७.७.५ प्रमुख कार्यक्रम

1. स्थानीय तथ्यांक संकलन सम्बन्धी नीति निर्माण
2. तथ्यांकको मानक र मापदण्डहरु विकास
3. स्थानीय तथ्याङ्क वेब पोर्टल निर्माण, ब्यवस्थापन र सार्वजनिकीकरण
4. तथ्याङ्क सम्वन्धि स्थानीय तहको क्षमता र दक्षता वृद्धि तालिम ।

### ७.७.६ अपेक्षित उपलब्धी

योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुने, आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएको हुने, प्रमाणमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुनेछ ।

## ७.८ विज्ञान तथा प्रविधि

### ७.८.१ पृष्ठभूमि

विज्ञानको उपलब्धिलाई आर्थिक वृद्धि, सामाजिक सेवाको विस्तार र गरिवी निवारणमा सहयोग पुर्‍याउने कार्यक्रममा प्रयोग गर्नु तथा उपलब्ध प्रतिभाहरूको ज्ञान र सीपलाई स्वदेशमा नै उपयोग गर्ने वातावरण निर्माण गर्नु अहिलेको प्रमुख कार्य हो । स्थानीय स्तरमा कृषि तथा औद्योगिक क्षेत्रमा रहेको न्यून उत्पादन तथा उत्पादकत्वलाई विज्ञान तथा प्रविधिको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्न अधिकतम प्रयोग गर्नु जरुरी भएको छ । स्थानीय तहमा विज्ञान तथा प्रविधि सम्बन्धी नयाँ नीति र कार्यक्रम तय गरी उत्पादन प्रणालीलाई उच्च उत्पादन र उत्पादकत्व जोड्न आवश्यक भएकाले यस क्षेत्रको विकास अनुसन्धान सँगसंगै अगाडि बढाउन आवश्यक देखिन्छ । यसैले स्थानीय तहमा विज्ञान तथा प्रविधिको उच्चतम् उपयोगको आवश्यकतालाई ध्यानमा राखी यो योजना निर्माण गरिएको छ ।

### ७.८.२ प्रमुख समस्या

गाउँपालिकाले आंफुसित उपलब्ध प्राकृतिक तथा सांस्कृतिक स्रोत जस्तै प्राकृतिक सौन्दर्यता, जैविक विविधता, विविधता बीच एकता, सांस्कृतिक वैभव, जलस्रोत र परम्परागत ज्ञान र प्रविधिलाई नवीन ज्ञान र प्रवर्तन तथा प्रविधिसँग आबद्ध गरी विकासको गतिलाई तीब्रता प्रदान गर्न नसकिनु, विज्ञान तथा प्रविधि क्षेत्रलाई उद्योग र उद्यमशीलतासँग गाँस्न नसकिनु, विज्ञानलाई विभिन्न उत्पादन क्षेत्रमा मूल प्रवाहीकरण नगरिनु, रोजगार तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रममा विज्ञान र प्रविधिलाई जोड्न नसक्नु, नीतिगत व्यवस्था र कार्यक्रमको उपयुक्त प्रबन्ध गर्न नसक्नु यसक्षेत्रका प्रमुख समस्या हुन् ।

### ७.८.३ चुनौती तथा अवसर

स्थानीय तहमा विज्ञान प्रविधिको विकास र उत्थानसँग सम्बन्धित निकायको स्थापना र सञ्चालन गर्नु, उपलब्ध जनशक्तिलाई आवश्यक तालिम तथा अभिमुखीकरणपश्चात् उपयुक्त कार्यमा संलग्न गराउनु पर्ने कार्य नीति निर्माण तहमा कम बोध हुनु र युवाको विदेश पलायन रोक्न नसकिनु, उच्च शिक्षा पाएका जनशक्तिलाई देश फर्काउने दिगो कार्यनीतिको अभाव हुनु, जस्ता कार्यहरू अहिलेका चुनौतीहरू हुन् ।

स्थानीय तह लगायत बाग्मती प्रदेशका नीति तथा कार्यक्रमले विज्ञान तथा प्रविधिको विकासलाई महत्व दिनु, विज्ञान तथा प्रविधिको क्षेत्रमा सामयिक सुधार गर्ने वातावरण निर्माण हुँदै जानु, विद्यालय र विश्वविद्यालय तहमा विज्ञान तथा प्रविधि विषयमा अध्ययन अध्यापन कार्यमा क्रमशः वृद्धि हुनु, प्रदेशभित्र खोज तथा अनुसन्धानका लागि अवसर सिर्जना हुनु, खोज अनुसन्धानका लागि जुझारु युवा समूहको संख्या बढ्दै जानु, प्रदेश सरकारबाट प्रतिभाशाली युवा वैज्ञानिक र कलाकारहरूलाई सम्मान गर्ने नीति लिइनु, जलवायु परिवर्तन, जैविक विविधता, स्वास्थ्य र वातावरणसँग सम्बन्धित विभिन्न विषयमा जनचासो बढ्नु जस्ता पक्ष महत्वपूर्ण अवसरहरू हुन् ।

### ७.८.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

विज्ञान र प्रविधिको विकास र समुचित प्रयोग

**लक्ष्य**

विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अनुसन्धानमा आधारित समुन्नत समाजनिर्माणमा टेवा पुऱ्याउने

**उद्देश्य**

खोजमूलक तथा उत्पादनमुखी विज्ञान र प्रविधिको विकास र प्रयोग गर्नु ।

**रणनीति**

1. प्रविधिलाई स्थानीय तहको विकासमा उपयोग गर्ने र स्थानीय प्रविधिको आधुनिकीकरण, संरक्षण र संवर्द्धन गर्ने ।

**कार्यनीति**

1. परम्परागत ज्ञान तथा सीपलाई आधुनिक प्रविधिमा स्तरोन्नति गरी व्यवसायीकरण गरिनेछ ।
2. कृषि, वन तथा स्वास्थ्य क्षेत्रमा नयाँ विज्ञान प्रविधिको प्रयोग ।

### ७.८.५ प्रमुख कार्यक्रम

1. परम्परागत सीप र प्रविधिको संरक्षण र स्तरोन्नति
2. सूचना तथा जानकारी प्रवाहको लागि विभिन्न प्रकारका एप्स् (Apps) निर्माण
3. एप्स मार्फत उन्नत कृषि प्रविधिको प्रचार प्रसार
4. प्रविधि प्रदर्शनीको आयोजना
5. विज्ञान तथा प्रविधिका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तित्वलाई सम्मान कार्यक्रम ।

### ७.८.६ अपेक्षित उपलब्धी

योजनाको अन्तमा परम्परागत सीप र प्रविधिको संरक्षण र स्तरोन्नति, कृषि, वन तथा स्वास्थ्य क्षेत्रमा विभिन्न प्रकारका एप्स् (Apps) को तयारी भै प्रयोगमा आएको हुने, भीमफेदी ई-भिलेजको रुपमा विकास भएको हुने, उन्नत कृषि प्रविधिको व्यापक अनुशरण भएको हुने र विज्ञान तथा प्रविधिका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तित्वलाई प्रोत्साहन गरिएको हुनेछ ।

# परिच्छेद आठ : योजना तर्जूमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

## ८.१ योजना तर्जुमा तथा कार्यान्वयन

### ८.१.१ पृष्ठभूमि

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । पहिलो योजनाकालदेखि नै सामाजिक-आर्थिक क्षेत्रमा उल्लेख्य उपलब्धि हाँसिल गर्ने लक्ष्य सहित रणनीति र कार्यक्रम समावेश गरी आवश्यक श्रोतको विनियोजन गर्दै आएको भएतापनि अपेक्षाकृत उपलब्धि भने हाँसिल हुन सकेको छैन । योजना प्रणालीलाई राजनैतिक परिवर्तन सापेक्ष नतिजामुखी र यथार्थपरक बनाउन निरन्तर प्रयासहरु हुँदै आएका छन् । तेह्रौं योजनाबाट नतिजा खाकाको अवधारणालाई आत्मसात गरी यसलाई थप परिष्कृत बनाउँदै योजनासंग मध्यकालीन खर्च संरचना र आर्थिक विकास कार्यक्रमलाई आबद्ध गर्दै लगिएको छ । परिवर्तित संघीय संरचना अनुसार स्थानीय तहमा समेत योजना प्रणालीको विकास गरी संस्थागत गर्ने प्रयास बमोजिम स्थानीय तहमा योजनाबद्ध विकासको संस्थागत अवस्था भएको छ । प्रादेशिक तथा स्थानीय योजना तर्जुमा दिग्दर्शन, राष्ट्रिय र प्रादेशिक अनुगमन तथा मूल्यांकन दिगदर्शन तर्जुमा गरी कायान्वयनमा लगिएको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र सरकारले कार्यान्वयन गरेको योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

### ८.१.२ प्रमुख समस्या

प्रयाप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, नियमित रुपमा विषयगत छलफल गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक स्थानीय तहगत खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ८.१.३ चुनौती र अवसर

नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु, योजना निर्माणको लागि आवश्यक विज्ञ जनशक्तिहरू प्रदेश स्तरमा नै उत्पादन गरी प्रादेशिक योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु, स्थानीय तहको योजना निर्माण क्षमता र दक्षता अभिवृद्धि गर्नु आदि यसक्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

नीति तथा योजना तर्जुमा गर्नको लागि संस्थागत संरचनाको निर्माण हुनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगको अनुभव स्थानीय योजना निर्माणमा उपयोग गर्न सक्ने संभावनाहरू रहनु, स्थानीय तहले पनि आफ्नो पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु, योजना तर्जुमा प्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय वृद्धि हुदै जाने संभावनाहरू रहनु, प्रादेशिक र स्थानीय तहको योजना तर्जुमाको लागि प्राविधिक सहयोग गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरू इच्छुक हुनु आदि यसक्षेत्रका प्रमुख अवसरहरूहुन् ।

### ८.१.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य. रणनीति तथा कार्यनीति

**सोच**

परिणाममुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, द्रुत सामाजिक आर्थिक विकासको आधार

**लक्ष्य**

योजनाहरूको लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्ने

**उद्देश्य**

1. तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।
2. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।
3. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।

**रणनीति**

1. तथ्यांङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने ।
2. विषयगत मापदण्ड बनाइ तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने ।
3. योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने ।

**कार्यनीति**

1. योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गरिनेछ ।
2. स्थानीय योजना निर्माणको लागि निरन्तर विभिन्न निकायहरुसँगस हकार्य र समन्वय गरिनेछ ।
3. गापाले तथ्याङ्क संकलन, प्रशोधन र बिश्लेषणको लागि विभिन्न निकायहरुबाट प्राविधिक सहयोग लिइनेछ ।
4. गापाले आवश्यक तथ्याङ्कहरूको सूची तयारगरी नियमित तथ्याङ्क संकलन गर्ने प्रणालीको विकास गरिनेछ ।
5. स्थानीय स्तरमा आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू संकलन गरिनेछ ।
6. स्थानीयतहमा तथ्याङ्क सम्बन्धि कार्य गर्ने कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता वृद्धि गरिने छ ।
7. उपलब्ध वैज्ञानिक विधि र प्रविधिहरूको उच्चतम प्रयोगगरी तथ्याङ्क संकलन र विश्लेषण गरिनेछ ।
8. तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्यांङ्कहरूको एकीकृतरुपमा ब्यवस्थापन र वितरण गरिनेछ ।
9. वेबपोर्टल र विभिन्न प्रकाशनमार्फत् तथ्याङ्कको नियमित प्रकाशन गरिनेछ ।
10. तथ्याङ्कको प्रशोधन र बिश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुर्‍याइनेछ ।

### ८.१.५ प्रमुख कार्यक्रमहरू

1. योजनाको वर्गीकरण गर्न मापदण्ड निर्माण
2. अनुगमन निर्देशिका निर्माण र कार्यान्वयन
3. आयोजनाको पहिचान, छनोट र कार्यान्वयन गर्ने पद्धति विकास
4. तेस्रोपक्षबाट मूल्यांकन
5. विद्युतिय माध्यमबाट सार्वजनिक सेवा तथा सामग्रीहरुको खरिद प्रक्रिया कार्यान्वयन ।

### ८.१.६ अपेक्षित उपलब्धि

योजनाको अन्तमा स्थानीय स्तरमा विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र संचालन भएको हुने, आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना उपलब्ध भएको हुने, प्रमाणमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुनेछ ।

## ८.२ आयोजना बैंक

### ८.२.१ पृष्ठभूमि

आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधरमा आयोजना सिफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्थाछ । यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासको लागि लगानी र लाभको विश्लेशण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । स्थानीय तहमा योजनाहरूको मूल्याङ्कन स्क्रीनिंग र प्राथमिकीकरण गरी परिणाममुखी योजनाहरूको सूची तयार गर्न थप बजेट र जनशक्ति परिचालन गर्दै आयोजना छनौट र कार्यान्वयन प्रकृयालाई पारदर्शी र सरलीकरण गर्न, र सरकारी लगानीले मात्र अपुग हुने आयोजनाको लागि निजी, सहकारी तथा वैदेशिक लगानी आकर्षित गर्न आयोजना बैंक बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तर कार्यगर्नुपर्ने आवश्यकता छ ।

### ८.२.२ प्रमुख समस्या

आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र प्रयाप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा अन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाईहरू हुनु आदि यसक्षेत्रका समस्याहरू हुन् ।

### ८.२.३ चुनौती र अवसर

आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्नु, स्थानीय तहमा आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउनु, सरकारी स्रोतले मात्र विकास गर्न नसकिने आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउनु, नेपाल तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरीय आयोजनाहरूको बैंक तयार पार्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

स्थानीय सरकारले आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राख्नु, आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासहरूको प्रारम्भ हुनु, स्थानीय तहले पनि सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु, आयोजना विकास गर्न जनशक्ति क्रमशः विकास हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

### ८.२.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

**सोच**

विकास आयोजनाको उचित छनौट, बाँडफाँड र स्मार्ट वित्तीय व्यवस्थापनको लागि आयोजना बैंक

**लक्ष्य**

क्षेत्रगत बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक बनाउने

**उद्देश्य**

1. आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु ।
2. आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु ।
3. वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढंगबाट परिचालन गर्नु ।

**रणनीति**

1. आयोजना बैंकलाई स्थानीय तहसम्म विस्तार गर्ने ।
2. कार्यान्वयन मोडालिटीको लागि आवश्यक नीति नियम बनाई नियमन गर्ने ।
3. स्थानीय तहमा आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

**कार्यनीति**

1. आयोजना बैंक निर्माणको लागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ ।
2. आयोजना बैंक निर्माणको लागि आवश्यक नीति, नियम, निर्देशिका तयार परिनेछ ।
3. आयोजना बैंकलाई व्यवस्थित गर्नको लागि आवश्यक सफ्टवेयरको विकास गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।
4. आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढंगबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गराइने छ ।
5. आयोजना बैंक बनाउनको लागि स्थानीय तहको क्षमता र दक्षता वृद्धि गरिनेछ ।
6. आवश्यक नीति नियम बनाई नियमन गर्ने ।
7. परियोजना कार्यान्वयनको लागि आवश्यक नीति नियम तयार पारी लागु गरिनेछ ।
8. समन्वय गरी आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

९. स्थानीय स्तरका आयोजना बैंकमा आबद्ध भएका आयोजना संञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको ब्यवस्थापन गरिनेछ ।
१०. प्रथामिकताको आधारमा आयोजना छनौटगरी मध्यकालीनखर्च संरचनामा समावेशगरिनेछ ।

## ८.२.५ प्रमुख कार्यक्रमहरु

1. आयोजना बैंक निर्माणका लागि नीति तर्जुमा
2. सम्भाव्यता अध्ययन गरी आयोजना बैंक तयार
3. छनोटमा परेका आयोजनालाई आवश्यक बजेट विनियोजन र मध्यमकालिन खर्च संरचना निर्माण
4. आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण
5. स्थानीय तहमा आयोजना बैंक स्थापना गर्न क्षमता र दक्षता अभिवृद्धि
6. विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि
7. राजस्व सुधारका लागि कार्ययोजना तर्जुमा ।

## ८.२.६ अपेक्षित उपलब्धि

गाउँपालिकामाका विकासका आयोजनाहरू आयोजना बैंकमा आवद्ध गरी संचालन भएका हुने, आयोजनाहरूको प्राथमिकीकरण र छनौट अध्ययन अनुसन्धान र मापदण्डको आधारमा भएका हुने, बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक भएको हुनेछ ।

## ८.३ तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय

## ८.३.१ पृष्ठभूमि

देशमा संघीयताको अभ्यास प्रारम्भ भएपश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशिल भएका छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकारभित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरी जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ ।

## ८.३.२ प्रमुख समस्या

नेपालको संविधानको अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रुपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रभित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । यी कार्यहरू मोटामोटी रुपमा मात्र उल्लेख गरिएको र मसिनाएर नछुट्याइएको हुँदां कार्य सम्पादन गर्न केही अस्पष्टताहरू छन् । कार्य विस्तृतीकरणमा केही ब्याख्या गरिएको भए तापनि ब्याख्या नभएका कैयौं सबालहरू छन् र कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने जस्ता समस्याहरू छन् । तीन तहका सरकारले कार्यन्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण गरिएको छैन र यसले योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको छ । यस प्रकारका समस्या समाधान गर्न तीन तहका सरकारबीच आपसी सहकार्य र समन्वय आवश्यक छ ।

## ८.३.३ चुनौती र अवसर

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको बर्गीकरण गरी कार्य प्रष्टता गर्नु, तीनै तहका सरकारको प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनको लागि स्रोत व्यवस्थापन गर्नु, एक अर्कोको कार्यक्षेत्र अतिक्रमण नहुने गरी कार्यसम्पादनमा सहजीकरण गर्नु, आयोजना कार्यान्वनमा प्रभावकरिता ल्याउनु आदि प्रमुख चुनौती हुन् । प्रदेश र स्थानीय तह बीच तथा स्थानीय तहहरू बीच कुनै समस्या देखा परे तिनको समाधान गर्न माननीय मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरमा समन्वय परिषद्को व्यवस्था हुनु, संघीयता कार्यान्वयनको लागि कार्यतालिका निर्माण हुनु, आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु, दुःखको बेला मिलेर काम गर्ने नेपालीको संस्कृति हुनु आदि अवसर हुन् ।

## ८.३.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

तीन तहका सरकार बीच उत्कृष्ट समन्वय र सहकार्य भएको गाउँपालिका

**लक्ष्य**

आपसी समन्वय र सहकार्यमा उत्कृष्ट नतिजा हांसिल गर्ने

**उद्देश्य**

आपसी सहयोग र समन्वयमा आयोजनाको पहिचान, विकास र कार्यान्वयन गर्नु ।

**रणनीति**

1. तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको बर्गीकरण गर्न नेपाल सरकारसँग बहस पैरबी गर्ने ।
2. आपसी सहकार्य र समन्वय गर्ने संयन्त्रहरू सुदृढ गर्ने ।

**कार्यनीति**

1. ठूला विकास आयोजनाहरूको लागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गरिनेछ ।
2. स्थानीय तहमा उत्पादन बृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू गापा आंफैले पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
3. जनातामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गरिनेछ ।
4. नीति तथा योजना आयोगको स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समितिमार्फत् योजना तर्जुमा र प्राविधिक सहयोग लिइनेछ ।
5. स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमता बृद्धि गरिनेछ ।

### ८.३.५ प्रमुख कार्यक्रमहरु

1. आयोजनाहरुको पहिचान, विकास र कार्यान्वयन सहजीकरण
2. ठूला आयोजनाहरुको कार्यान्वयन समन्वय सहजीकरण
3. स्थानीय तहका योजना तर्जुमा र कानुन निर्माण
4. आयोजनाहरूको विस्तृत अध्ययन र कार्यान्वयनको लागि आवश्यक स्रोतको व्यवस्था ।

### ८.३.६ अपेक्षित उपलब्धि

आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्यको माध्यममार्फत् व्यवस्था गरिएको हुने, उत्पादन बृद्धिमा सघाउने एवम् आर्थिक गतिविधि बढाउने खाले आयोजनाहरू गाउँपालिका आंफैले पहिचान गरी कार्यान्वयन गरेको हुने, जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन भएको हुनेछ । स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आयोजना कार्यान्वयन गर्ने क्षमतामा बृद्धि भएको हुनेछ ।

## ८.४ जोखिम व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

योजनाको अपेक्षित लक्ष्य तथा उद्देश्य हाँसिल गर्न राजनीतिक स्थायित्व, राजनीतिक दलहरु बीच सहकार्य, नीतिगित स्थिरता, लगानीको अनुकूल वातावरण, आर्थिक स्थायित्व, मित्र राष्ट्र र विकास साझेदारको सहयोग, निकायगत कार्यदक्षता र कुशलता, अन्तर क्षेत्रगत र अन्तर तहगत समन्वय र सहकार्य आवश्यक हुन्छ । त्यस्तै योजनाले निर्धारण गरे अनुरुप सार्वजनिक, निजी तथा सहकारी एवं गैर सरकारी क्षेत्रबाट लगानी हुने अपेक्षा गरिएको छ । योजना अवधिमा सम्पन्न हुने प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमले योजनाको कार्यान्वयन पक्षलाई निर्क्योल गर्नेछ । तसर्थ योजना तर्जुमा गर्दा लिइएका मान्यता र पूर्वानुमान अनुरुप सम्भाव्य जोखिम प्रक्षेपित अवस्था अनुरुप नियनत्रणको दायराभित्र रहने अनुमान गरिएको छ ।

संघीय शासन प्रणाली नेपालको लागि नयाँ अभ्यास भएको हुँदा स्थानीय तहको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्ने छ । साथै, योजना अवधिमा तर्जुमा

हुने वार्षिक र आवधिक योजनामा उल्लेख भएका लक्ष्य तथा रणनीतिको निरन्तरता दिनुपर्ने हुन्छ । योजनाका लक्ष्यहरु हाँसिल गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृति एवं संरचनात्मक व्यवस्थामा परिवर्तन हुनु आवश्यक छ । स्रोत साधनको विनियोजन उवं सञ्चालन कुशलता कायम गर्दै कार्य पद्धति र कार्य संस्कृतिमा सुधार गर्न सकेमा जोखिम पक्षको व्यवस्थापन हुन सक्छ । स्थानीय अर्थतन्त्रलाई आत्म निर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालन हुनसकेमा उल्लेखित लक्ष्य हाँसिल नहुने जोखिम रहँदैन ।

### ८.४.२ प्रमुख समस्या

जलवायु परिवर्तनबाट वातावरणमा पर्न सक्ने नकरात्मक असर, पेट्रोलियम पदार्थमा हुन सक्ने मूल्यवृद्धि, माहामारी तथा उत्पन्न हुन सक्ने अन्य विपद्, गापा आर्थिक रुपले सम्वृद्ध हुँदै गर्दा, मानवीय, भौतिक तथा आर्थिक क्षति प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ८.४.३ चुनौती र अवसर

महामारी तथा विपद व्यवस्थापन गरी योजनले लिएको लक्ष्यहरु प्राप्त गर्न, जलवायु परिवर्तनका कारण जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्नु, बढ्दो वायु प्रदुषण नियनत्रण गरी स्वच्छ र हरित अर्थतन्त्र निर्माण गर्नु, विपद जोखिम न्यूनीकरण गर्न प्रयाप्त तयारी गर्नु, पूर्वाधार निर्माणमा प्रयाप्त सावधानी अप्नाउनु जस्ता चुनौतीहरु जोखिम प्रक्षको रहेका छन् । साथै तीनै तहका सरकारबीच समन्वय र सहकार्यको वातावरण स्थापित गर्नु, सीमित ज्ञान सीप र क्षमता भएका कर्मचारीहरूलाई उत्प्रेरित गर्दै योजना कार्यान्वयन गर्नु, सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न स्रोत जुटाउने काय गर्नु, आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्नु, स्थानीय तहको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्नु आदि चुनौतीका रुपमा रहेका छन् ।

दिगो विकास लक्ष्य र दीर्घकालीन सोचसहितको यस ५ वर्षे आवधिक योजना कार्यान्वयन गर्न स्थानीय सरकारलाई नेपाल सरकार, प्रदेश सरकार, निजी र सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्था र गैरसरकारी संस्थावाट महत्वपूर्ण सहयोग प्राप्त हुनु र गाउँपालिकामा उपलव्ध प्रयाप्त स्रोत साधनलाई अवसरका रुपामा लिन सकिन्छ ।

### ८.४.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

जोखिम व्यवस्थापन गर्दै योजनाको सफल कार्यान्वयनबाट गापाको समग्र विकास

**लक्ष्य**

योजनाको जोखिम पक्षका निराकरण गर्दै वित्तिय, मानवीय तथा भौतिक साधनको प्रभावकारी परिचालनबाट परिलक्षित लक्ष्य हासिल गर्ने

**उद्देश्य**

1. योजना कार्यान्वयनका दौरान वित्तीय जोखिम न्यूनिकरण गर्नु ।
2. पूर्वाधार र सुचना प्रविधिजन्य जोखिम न्यूनिकरण गर्नु ।
3. प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनिकरण गर्नु ।
4. शासकिय जोखिम न्यूनिकरण गर्नु ।
5. सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनिकरण गर्नु ।

**रणनीति**

1. सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन गर्ने ।
2. मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनिरण गर्ने ।
3. पूर्वाधार र सुचना प्रविधिजन्य जोखिम न्यूनिकरण गर्ने ।
4. प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनिकरण गर्ने ।

5. शासकिय जोखिम न्यूनिकरण गर्ने ।
6. सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनिकरण गर्ने ।

**कार्यनीति**

1. राजस्व संकलन तथा यसको दायरा विस्तार गरिने छ ।
2. सार्वजनिक खर्चलाई उत्पादनशिल तथा प्रतिफलयुक्त हुने गरी परिचालन गरिने छ ।
3. चालु खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड वनाई वाञ्छित सीमाभित्र राखिने छ र गैर वजेटरी खर्चलाई नियन्त्रण गरिने छ ।
4. सामाजिक सुरक्षा लगायतका सामाजिक सुरक्षा प्रणालीलाई विस्तार तथा सवल बनाइने छ ।
5. मध्यकालीन खर्च संरचना तर्जुमा प्रक्रियालाई सुदृढ गरी यथार्थपरक बनाइने छ ।
6. अर्थतन्त्रको लागि आवश्यकलगानी र आन्तरिक स्रोत उपलव्धताबीचको अन्तरपूर्तिगर्न बाह्यलगानी भित्र्याइनेछ ।
7. वित्तीय संस्थाको विस्तार र प्रविधिमैत्री वित्रीय सेवाको विकास गरी वित्रीय पहुँच बढाइनेछ ।
8. उर्जा, पूर्वाधार, मानवीय र साइबर सुरक्षा प्रदान गर्ने तथा साइबर अपराध नियनत्रण गरिने छ ।
9. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि समुदायस्तरदेखि नै उत्थानशील क्षमता अभिवृद्धि गरिने छ ।
10. विकास निर्माणका चरणहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयलाई मूलप्रवाहीकरण गरिने छ ।
11. पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन कायम गरिने छ ।
12. संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने छ ।
13. दीर्घकालीन सोच, आवधिक योजना र बार्षिक बजेट बीचको तादात्म्यता र क्षेत्रगत नीतिहरुसंग सामञ्जस्यता कमयम गरिने छ ।
14. कामको सम्मान, सम्मानजनक काम र काम प्रतिको जिम्मेवारीलाई प्रवर्द्धन गरिने छ ।
15. सार्वजनिक पदमा रहने सवै पदाधिकारीहरुको पदीय आचरण र अनुशासन सम्बन्धी आचारसंहिता लागू गरिने व्यवस्था गरिने छ ।
16. पेशागत मर्यादा, व्यवसायिकता र सदाचार प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

## ८.४.५ प्रमुख कार्यक्रमहरु

1. वित्तीय जोखिमको लेखाजोखागर्ने विधि तयार
2. राजस्व संकलन कार्य योजनाको निर्माण
3. चालु खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड निर्माण
4. वित्तीय संस्थाको विस्तार, विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण योजना तयारी
5. सुशासन सम्बन्धि कार्य योजना निर्माण
6. सार्वजनिक पदाधिकारीहरुको पदीय आचरण र अनुशासन सम्बन्धी आचारसंहिता निर्माण
7. कर्मचारी सम्बन्धि आचारसंहिता निर्माण ।

## ८.४.६ अपेक्षित उपलवधी

योजनाको कार्यन्वयन पश्चात सार्वजनिक वित्तको प्रभावकारी व्यवस्थापन भएको हुनेछ । मौद्रिक तथा वित्तीय क्षेत्रका जोखिम न्यूनिरण भएको हुनेछ । पूर्वाधार र सुचना प्रविधिजन्य जोखिम न्यूनिकरण भएको हुनेछ । स्थानीय स्तरमा प्राकृतिक विपद् र जलवायु परिवर्तनका जोखिम न्यूनिकरण भएको हुनेछ । स्थानीयरुपमा शासकिय जोखिम न्यूनिकरण भएको हुनेछ । साथै गाउँपालिकामा सामाजिक तथा सांस्कृतिक जोखिम न्यूनिकरण भै सभ्य तथा सुसंस्कृत समाजको निर्माण भएको हुनेछ ।

## ८.५ अनुगमन तथा मूल्याङ्कन

### ८.५.१ पृष्ठभूमि

अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो । स्थानीय स्तरमा पनि अनुगमन प्रणालीको विकास गरी चालु परियोजनाहरूलाई सक्रिय र परिणाममुखी बनाउन जरुरी छ । अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम वा आयोजनाका सबल र दुर्बल पक्ष पत्ता लगाई दुर्बल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना संकलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुर्‍याउँछ । त्यसैले हरेक क्षेत्र (सार्वजनिक, निजी तथा गैर सरकारी) ले परियोजनाको कार्यान्वयन चरणमा अनुगमन र परियोजनाको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गर्न जरुरी हुन्छ । राम्रो योजनाले परिणाममा ध्यान केन्द्रित गर्न मद्दत गर्दछ, जबकि अनुगमन र मूल्याङ्कनले हामीलाई अघिल्लो सफलता र चुनौतीहरूबाट पाठ सिक्न मद्दत गर्दछ र निर्णय गर्नको लागि मद्दत पुर्‍याउँछ । जसले गर्दा वर्तमान र भविष्यका पहलहरू मानिसहरूको जीवन सुधार गर्न र आफ्नो छनौटहरू विस्तार गर्न सक्षम हुन्छन् ।

### ८.५.२ प्रमुख समस्या

स्थानीय तहमा प्रयाप्त जनशक्ति र भौतिक संरचना नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, स्थानीय तह अन्तर्गतका संस्थागत संरचनाहरू व्यवस्थित नहुनु, कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।

### ८.५.३ चुनौती र अवसर

स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् । अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिनु, अनुगमन तथा मूल्याङ्कनका निर्देशिकाहरू तयार हुनु आदि अवसरहरू हुन् ।

### ८.५.४ क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**सोच**

आयोजनाको प्रभावकारी कार्यान्वयन र लाभग्राहीको सकारात्मक प्रभाव

**लक्ष्य**

आयोजनाहरूको नतिजा तथा प्रभावहरूको र प्रभावकारी मापन

**उद्देश्य**

1. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
2. आयोजनाहरूको प्रतिफल, नतिजा र प्रभावहरूको मापन गर्नु ।

**रणनीति**

1. अनुगमन तथा मूल्याङ्कनको लागि स्पस्ट नीति बनाई लागू गर्ने ।
2. स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
3. अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई स्थानीय तहगत रुपमा अनुगमन संयन्त्र विकास गर्ने ।
4. जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।
5. आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।
6. योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने ।
7. नीति, कार्यक्रम, योजना र आयोजनाहरूको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैंगिक समता र लाभग्राहीको सन्तुष्टि जस्ता मापदण्डको आधारमा गरिने छ ।

**कार्यनीति**

1. स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ ।
2. स्थानीय स्तरीय अनुगमन तथा मूल्याङ्कन इकाईलाई प्रभावकारी बनाइने छ ।
3. स्थानीय तहका अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कमचारीलाई तालिम प्रदान गरिनेछ ।
4. सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेजको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
5. हरेक आयोजनाको ठिकठिक समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ ।
6. दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गरिनेछ ।
7. अनुगमन प्रणाली लाई नियमित र प्रभावकारी बनाउन नीति कार्यक्रम,योजना वा आयोजना निर्माण तहमा नै सूचकहरू निर्धारण र उपलब्धिहरूको मापन गर्ने प्रणालीको विकास गरिनेछ ।
8. यस योजनामा विकास भएको नतिजाखाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मुल्याङ्कनको आधार मानिनेछ ।

### ८.५.५ प्रमुख कार्यक्रमहरु

1. अनुगमन र मूल्याङ्कन निर्देशिकाको निर्माण
2. अनुगमन तथा मूल्याङ्कन मापदण्ड निर्माण र कार्यान्वयन
3. अनुगमन तथा मूल्यांकन योजना तयार
4. जनशक्तिको क्षमता अभिवृद्धि ।

### ८.५.६ अपेक्षित उपलब्धि

अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार गरी प्रभावकारी ढंगबाट कार्यान्वयन भएको हुनेछ । अनुगमन तथा मूल्याङ्कन इकाई प्रभावकारी भएको हुने छ । अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने कमचारीको क्षमतम विकास भएको हुने छ । यस योजनामा विकास भएको नतिजा खाकालाई प्रत्येक नीति, कार्यक्रम, योजना तथा आयोजना मुल्याङ्कनको आधार भएको हुनेछ ।

# परिच्छेद नौ : नतिजा खाका

आवधिक योजनाको लक्ष्य देखि कार्यक्रम सम्मको कारण र असरहरु बीचको अन्तर सम्बन्ध र नतिजाहरु बीचको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउन नतिजाखाकाको रुपमा तर्कवद्ध खाका (Logical Framework) तयार गरिएको छ ।

यो तर्कबद्ध खाका तयार गर्दा विषयगत क्षेत्रका आधारमा तहगत नतिजा सूचक (Key Result Indicators) निर्धारण गरी सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानको अन्तरसम्बन्ध स्थापित गराउन प्रयास गरिएको छ ।

तर्कवद्ध खाकामा प्रयोग गरिएका वार्षिक लक्ष्य सम्बन्धि तथ्यांकहरु हरेक वर्षको योग गरी समष्टिगत (Cumulative) रुपमा प्रस्तुत गरिएको छ । प्रयुक्त तथ्यांकहरु गाउँपालिकाको बस्तुगत विवरण, कार्यशाला गोष्ठिवाट प्राप्त विवरण, प्रदेश तथ्यांक र गाउँपालिका सम्बन्धी अन्य दस्तावेजहरुवाट संकलित गरिएका छन् ।

तर्कवद्ध खाकाको अन्तिम महलमा दिगो विकास लक्ष्य (दि.वि.ल.) को नं उल्लेख गरिएको छ । कतिपय दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्यहरु आपसमा अन्तरसम्वन्धित रहेकाले लक्ष्यको वढि भारलाई आधार मानी उल्लेख गरिएको छ । दिगो विकास लक्ष्य संकेतमा एउटै लक्ष्य भित्र पर्ने नतिजा सूचकहरुलाई शीर्ष महलमा मात्र उल्लेख गरिएको छ ।

## ९.१ नतिजा खाका

**तालिका ७ : नतिजा खाका विवरण**

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| समिष्टगत क्षेत्र | | | | | | | | | |
| निरपेक्ष गरिवी | प्रतिशत | १५ | १४.५ | १२ | १० | | | | |
| प्रतिव्यक्ति वार्षिक आय | रु. | १,३८,००० | १,५०,०० | १,७५,००० | २,००,००० | | | | |
| आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ८५ | ८६ | ८८ | ९० | | | | |
| वेरोजगारी दर | प्रतिशत | ६ | ५ | ४ | २ | | | | |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ६२ | ६५ | ७० | ८० | | | | |
| आयात–निर्यातको वार्षिक औषत अनुपात | अनुपात | ४:०३ | | ३:०१ | २:०१ | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खूद भर्नादर | प्रतिशत | ९० | ९२ | ९५ | ९८ | | | | |
| साक्षरता दर | प्रतिशत | ७० | ९५ | ९७ | ९९ | | | | |
| औषत आयु | वर्ष | ७० | ७० | ७१ | ७२ | | | | |
| ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ४ | ३ | २ | १ | | | | |
| मातृमुत्यु दर (प्रति लाख जीवित जन्ममा) प्रति १ लाखमा २३४ | संख्या | २० | | १५ | १० | | | | |
| खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९२ | ९५ | ९७ | ९९ | | | | |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९२ | ९५ | १०० | 100 | | | | |
| दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ६० | ७५ | ८० | | | | |
| वर्षभरी नियमित सिंचाई भएको खेतीयोग्य भूमि | हेक्टर | २० | २३ | २५ | ५० | | | | |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १५ | ५० | ७५ | ८० | | | | |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ६५ | ६७ | ६७ | ६७ | | | | |
| पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७२ | ७५ | ८० | ९५ | | | | |
| **आर्थिर्क विकस** | | | | | | | | | |
| **कृषि विकास** | | | | | | | | | |
| **कृषि** | | | | | | | | | |
| व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | 140 | 150 | 170 | 200 | | | | |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | 100 | 150 | 250 | 350 | | | | |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | 60 | 100 | 200 | 300 | | | | |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | | | | | | | | |
| विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | 1500 | 1600 | 1800 | 1900 | | | | |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | 60 | 70 | 80 | 100 | | | | |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | 100 | 120 | 150 | 200 | | | | |
| व्यवसायिक कृषि नर्सरी | संख्या | 1 | 5 | 8 | 12 | | | | |
| व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | 200 | 300 | 400 | 500 | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवद्र्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा | संख्या | 10 | 14 | १८ | २० | | | | |
| कृषि सहकारी संस्था | संख्या | १२ | १४ | १६ | २० | | | | |
| कृषि सहकारीमा आवद्ध कृषक | संख्या | १८०० | १९०० | २००० | २२०० | | | | |
| रष्टिक स्टोर क्षमता | संख्या | ३ | ४ | ५ | ७ | | | | |
| उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | संख्या | ४०० | ४५० | ६०० | ८०० | | | | |
| किसान क्रेडिट कार्डवाट लाभान्वित कृषकहरु | संख्या | 0 | 50 | 150 | 300 | | | | |
| कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | 30 | 50 | 100 | 150 | | | | |
| आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु (आधुनिक औजारहरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | संख्या | ४०० | ४५० | ५०० | ५५० | | | | |
| प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनावाट लाभान्वित किसान | घर धुरी | १००० | ११०० | १२०० | १४०० | | | | |
| कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक | संख्या | ५०० | ६०० | ७०० | ७५० | | | | |
| सञ्चालनमा रहेको कृषिवजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | 0 | 1 | 3 | 5 | | | | |
| सञ्चालनमा रहेको कृषि व्लक, पकेट, जोन, सुपरजोन | संख्या | २ पकेट क्षेत्र | ३ | ५ | ७ | | | | |
| कृषि उपजहरु विक्रीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १ | ४५ मीनेट | ३० मीनेट | २० मीनेट | | | | |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | 420 | 450 | 580 | 500 | | | | |
| तरकारी उत्पादन | मे.टन | 200 | 250 | 300 | 400 | | | | |
| फलफुल उत्पादन | मे.टन | 50 | 100 | 150 | 250 | | | | |
| अन्नबालीकाे वार्षिक उत्पादन (धान ३०० मे.ट., मकै) | मे.टन | 800 | 900 | 1100 | 1200 | | | | |
| आलु खेतीवाट वार्षिक उत्पादन | मे.टन | 400 | 500 | 700 | 1000 | | | | |
| अदुवा उत्पादन | मे.टन | 50 | 60 | 70 | 80 | | | | |
| अलैचीको वार्षिक उत्पादन | मे.टन | 3 | 5 | 7 | 10 | | | | |
| अम्रिसोको वार्षिक उत्पादन | मे.टन | 5 | 7 | 10 | 12 | | | | |
| **पशुपंक्षी विकास** | | | | | | | | | |
| व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार | संख्या | 500 | ५५० | ६०० | ६५० | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | ४० | ५० | ७० | ९० | | | | |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | ८ | १० | १२ | १५ | | | | |
| नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | ३ | ५ | ७ | ११ | | | | |
| पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ४० | ५० | ७० | १०० | | | | |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | १० | १२ | १५ | २० | | | | |
| पशुपंक्षीपालन सम्वन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने कृषक | प्रतिशत | 40 | 42 | 45 | 50 | | | | |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ३ | ४ | ७ | ११ | | | | |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ४ | ५ | ८ | ११ | | | | |
| पशुपंक्षीजन्यवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | 150 | 170 | 200 | 240 | | | | |
| दुध तथा दुधजन्य उत्पादन | मे.टन | ५१० | ६०० | ७०० | ८०० | | | | |
| खसी वोकाको मासु वार्षिक उत्पादन | मे.टन . | ५० | ६० | ७० | ८० | | | | |
| सुंगुर वङ्गुरको मासु वार्षिक उत्पादन | मे.टन . | 10 | 15 | 25 | 40 | | | | |
| कुखुराको अण्डा वार्षिक उत्पादन | संख्या | 10000 | 12000 | 15000 | 20000 | | | | |
| राँगा भैसीको मासु वार्षिक उत्पादन | मे.टन | 50 | 60 | 70 | 80 | | | | |
| मौरीघार संख्या | संख्या | २०० | २५० | ३५० | 500 | | | | |
| मह उत्पादन | मे.ट. | 0.8 | 1 | 1.5 | 2 | | | | |
| **पाठेषण तथा खाद्य सुरक्षा** | | | | | | | | | |
| सुत्केरी –स्याहार भत्ता पाउने महिला | सङ्ख्या | 0 | 200 | 600 | 1000 | | | | |
| कुपोषण प्रभावित जनसङ्ख्या | सङ्ख्या | 20 | 15 | 10 | 2 | | | | |
| करेसाबारी भएको घरपरिवार | प्रतिशत | 70 | 75 | 80 | 90 | | | | |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | 85 | ८६ | ८८ | ९० | | | | |
| प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | 50 | 60 | 65 | 75 | | | | |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | 85 | ८६ | ८८ | ९० | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| कम्तिमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | 50 | 51 | 52 | 55 | | | | |
| कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | 50 | 51 | 52 | 55 | | | | |
| उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १५ | १४.५ | १२ | १० | | | | |
| उपभोगको दुइ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | | | | | | | | |
| **सिचाइ** | | | | | | | | | |
| खेतीयोग्य जमिन मध्ये वर्ष भरी सिंचित भूमि | हेक्टर | १०५८ | 1200 | 1700 | 2200 | | | | |
| वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि | हेक्टर | २५०० | २५०० | २५०० | २५०० | | | | |
| खोला तथा मुहानहरुवाट सिंचित भूमि | हेक्टर | १००० | | | | | | | |
| प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी सङ्कलन, प्लाष्टिक पोखरी) | संख्या | ५ | 5 | 6 | 7 | | | | |
| सिंचाइका आधुनिक पूर्वाधार निर्माणवाट (नहर, लिफ्ट) सिंचाइ क्षेत्र विस्तार | हेक्टर | ५०० | 700 | 1000 | 1200 | | | | |
| परम्परागत कूलो तथा पोखरीवाट भएको सिंचाइ भूमि | हेक्टर | ८०० | 850 | 1000 | 1200 | | | | |
| **प्राकृतिक स्रोत व्यवस्थापन** | | | | | | | | | |
| जलस्रोत | | | | | | | | | |
| | | | | | | | | | |
| **वन तथा वनस्पती सम्पदा** | | | | | | | | | |
| समुदायवाट व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर | 11500 | 11500 | 12000 | 12500 | | | | |
| जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाई जस्ता कार्यहरुको | संख्या | | २० | २५ | ३० | | | | |
| सामुदायिक वनले ओगटेको क्षेत्र र सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | 19 | 19 | 19 | 19 | | | | |
| | हेक्टर | 55.67.80 | 55.67.81 | 55.67.82 | 55.67.83 | | | | |
| | घरधुरी | 2378 | 2378 | 2390 | 2420 | | | | |
| कबुलियती वनले ओगटेको क्षेत्र र कबुलियती वनमा आवद्ध सदस्य संख्या | संख्या | 12 | 12 | 12 | 12 | | | | |
| | हेक्टर | 36.6 | 36.6 | 36.6 | 36.6 | | | | |
| | घरधुरी | 60 | 60 | 60 | 62 | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| चोरी शिकारी, आगलागी, डढेलो लगायतवाट लोपोन्मुख एवं वन्यजन्तुहरुको क्षति | संख्या | | | | | | | | |
| सामुदाा्यिक वन | | 19 | | | | | | | |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | ५ | १० | १२ | | | | |
| वृक्षारोपण गरिएको क्षेत्र | संख्या | | ५ | १० | १५ | | | | |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | | १० | २० | २५ | | | | |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको क्षेत्र | प्रतिशत | | १० | १५ | २० | | | | |
| संरक्षित तथा चरन क्षेत्र | संख्या | | ३ | ७ | ११ | | | | |
| वन तथा जडीवुटीमा आधारित उद्योग,व्यवसाय | संख्या | | ५ | १० | १५ | | | | |
| उच्च मूल्यका जडीवुटी र गैरकाष्ठ वन पैदावर उत्पादन | मे. टन | 2 | 2 | 3 | 5 | | | | |
| वन÷जडीवुटीमा आधारित उद्योग,व्यवसायवाट रोजगारीता | संख्या | 0 | 0 | 1 | 1 | | | | |
| खनिज तथा खानी सम्पदा | | | | | | | | | |
| खानी क्षेत्रमा संलग्न राजगारी | सङ्ख्या | 7 | | | 20 | | | | |
| पालिकाको कुल आन्तरीक आयमा खानी क्षेत्रको योगदान | प्रतिशत | 16 | | 21 | 25 | | | | |
| खानीको सम्भाव्यता अध्ययन | सङ्ख्या | 1 | | 1 | 1 | | | | |
| पहिचान भएका खानी क्षेत्र | सङ्ख्या | 3 | | | 5 | | | | |
| वातावरणीय प्रभाव अध्ययन भएका खानी क्षेत्र | सङ्ख्या | 2 | | | 3 | | | | |
| नदी जन्य उत्खननबाट बार्षिक आम्दानी बृद्धि | प्रतिशत | | 10 | 10 | 10 | | | | |
| उत्खनन् शुरु भएका खानी | सङ्ख्या | 1 | | | 2 | | | | |
| खानीमा संलग्न हुने व्यक्तिहरूको तालिम | सङ्ख्या | 7 | | | 20 | | | | |
| **उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन** | | | | | | | | | |
| **उद्याोग** | | | | | | | | | |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | १ | २ | ३ | ४ | | | | |
| औपचारिक र अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | 0 | | 1 | 1 | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| सुचारु व्यापार व्यवसाय | संख्या | 300 | | | 500 | | | | |
| स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | 0 | | | 1 | | | | |
| बाँस, अल्लो, केरा जस्ता वनस्पतिजन्य रेशामा आधारित उद्योग व्यवसाय | संख्या | 0 | | | 1 | | | | |
| निकासीजन्य कञ्चा पदार्थको उपलब्धता | क्विन्टल | | | | | | | | |
| जडिबुटीमा आधारित उद्योग व्यवसाय | संख्या | | | 2 | 4 | | | | |
| स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | 0 | | 1 | 3 | | | | |
| उद्यमश्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | 20 | 25 | 30 | 50 | | | | |
| सीपमूलक व्यवसायिक तालिम आर्जन गरेका व्यक्तिहरु | संख्या | ५०० | ६०० | ७०० | ८०० | | | | |
| महिलाद्वारा सञ्चालित उद्योग व्यवसायहरु | संख्या | १ | ३ | ५ | ८ | | | | |
| **पर्यटन** | | | | | | | | | |
| व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | १७ | १७ | १९ | २२ | | | | |
| (सुरक्षा, होटेल, यातायात) | संख्या | ३ | ५ | ७ | १० | | | | |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | ३ | ५ | ७ | | | | |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रासटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | संख्या | 1 | 2 | 3 | 5 | | | | |
| स्तरोन्नति गरिएका पर्यटकीय सम्पदा | संस्था | ८ | ९ | १० | १२ | | | | |
| सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ | कि.मि. | 10 | 12 | 17 | 20 | | | | |
| कृषि पर्यटन सञ्चालन स्थान | संख्या | १ | २ | ३ | ४ | | | | |
| धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | 5 | | | | | | | |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | २ | ३ | ४ | ५ | | | | |
| तालिम प्राप्त टुर गाइड | संख्या | | | | ५ | | | | |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | 10 | 15 | 20 | 30 | | | | |
| सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | संख्या | 50000 | 60000 | 70000 | 75000 | | | | |
| सालभरी भ्रमण गर्ने वाह्य पर्यटकको | संख्या | ५००० | ५५०० | ६००० | 7500 | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| भ्रमण गर्ने पर्यटकहरुको औषत वसाइ | दिन | 1 | | | 2 | | | | |
| पर्यटकहरुको औषतमा दैनिक खर्च | रु. | 1000 | | | 3000 | | | | |
| पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या | २० | ३० | ७० | १५० | | | | |
| पर्यटनवाट राजस्व सङ्कलन | लाखमा | ३ | ३ | ५ | १० | | | | |
| **बैंक तथा वितीय संस्था** | | | | | | | | | |
| सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ८ | ९ | १० | १२ | | | | |
| आर्थिक रुपमा सक्रिय जनसंख्याको (१५–६४ उमेर) वैंक खाता (सहकारी समेत) | प्रतिशत | 60 | 65 | 70 | 75 | | | | |
| वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | २९ | ३० | ३२ | ३५ | | | | |
| महिलाद्वारा सञ्चालित सहकारी संख्था | संख्या | १२ | १३ | १६ | २० | | | | |
| कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | १६ | १८ | २२ | २५ | | | | |
| सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | ९७८५ | ९८०० | १०००० | ११००० | | | | |
| सहकारी संस्थाको ऋणकर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | | | | | | | | |
| सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु. | ३७ करोड | ३७ करोड २५ लाख | ३७ करोड ७५ लाख | ३८ करोड ५० लाख | | | | |
| सहकारी संस्थामा सङकलित कुल निक्षेप | रु. | ३२ करोड | ३३ करोड | ३४ करोड | ३५ करोड | | | | |
| **सामाजिक विकास** | | | | | | | | | |
| **जनसङ्ख्या तथा बसाईँसराइ** | | | | | | | | | |
| जनसङ्ख्या बृद्धिदर | प्रतिशत | 2.1 | 2.2 | 2.2 | 2.2 | | | | |
| जनघनत्व | जना/व.कि.मि. | 101 | 102 | 105 | 107 | | | | |
| प्रति परिवार औषत सदस्य सङ्ख्या | जना | 5.1 | 5.1 | 5.2 | 5.3 | | | | |
| जनसङ्ख्यामा सक्रीय उमेरको हिस्सा (जनसांख्यिक लाभांश) | प्रतिशत | 64 | 62 | 60 | 55 | | | | |
| जनसङ्ख्यामा आश्रित अनुपात | अनुपात | 30 | 31 | 32 | 33 | | | | |
| जनसङ्ख्यामा लैङ्गिक अनुपात | अनुपात | 94.5 | | | 95 | | | | |
| सहरी र ग्रामिण जनसङ्ख्या | प्रतिशत | 12/88 | 15/85 | 19/81 | 23/77 | | | | |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष, लक्ष्य परिमाण | | | पुष्याईको आधार | पूर्वानुमान तथा जोखिम पक्ष | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०८०/८१ | २०८२/८३ | | | | |
| जन्मदर्ता | प्रतिशत | 97 | 100 | 100 | 100 | | | | |
| मृत्युदर्ता | प्रतिशत | 80 | 100 | 100 | 100 | | | | |
| विवाह दर्ता | प्रतिशत | 95 | 100 | 100 | 100 | | | | |
| बसाइँसराइ दर्ता | प्रतिशत | 70 | 100 | 100 | 100 | | | | |
| ऋणात्मक जनसङ्ख्या वृद्धिदर (बसाइँ सरेर जाने उच्चदर) भएका वडा | सङ्ख्या | 5 | 4 | 3 | 2 | | | | |
| वैदेशिक रोजगारमा जाने १५-४० उमेको जनसङ्ख्या | प्रतिशत | 4.5 | 4 | 4 | 4 | | | | |
| बेराेजगारी दर | प्रतिशत | 6 | 5 | 4 | २ | | | | |
| कुल प्रजनन दर | शिशु/ प्रति महिला | 2.5 | 2.5 | 2.5 | 2.5 | | | | |
| परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | 41 | 42 | 44 | 45 | | | | |
